# बागमती प्रदेश सरकारको
# आर्थिक वर्ष ०७७/७८ को अर्धवार्षिक प्रगति विवरण




## आर्थिक मामिला तथा योजना मन्त्रालय
## बागमती प्रदेश
## फाल्गुन, २०७७

आर्थिक वर्ष २०७७/७८ को

# अर्ध-वार्षिक प्रगति विवरण

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

फाल्गुण,२०७७

# मन्तव्य

प्रदेश सरकारको वार्षिक बजेट कार्यक्रमको कार्यान्वयन अवस्था, सङ्कलित राजस्व लगायतका वित्तीय परिसूचकहरूको अर्धवार्षिक समीक्षाका साथै मन्त्रालयगत लक्ष्य, सोच तथा आगामी कार्यदिशाको यथार्थ जानकारी उपलब्ध गराउने उद्देश्यका साथ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को व्यवस्था अनुरूप चालु आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक प्रगति विवरण प्रकाशित गरिएको छ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीका कारण सिर्जित विषम परिस्थितिका बाबजुद पनि प्रदेश सरकारले चालु आर्थिक वर्षमा सन्तोषजनक वित्तीय एवम् भौतिक प्रगति हासिल गरेको छ। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको सहकार्य, समन्वयमा कोभिड-१९ को नियन्त्रणमा ठोस उपलब्धि हासिल हुँदै गर्दा यस आर्थिक वर्षको अन्त्य सम्ममा अपेक्षित लक्ष्य हासिल गर्न सकिने कुरामा विश्वस्त हुन सकिन्छ। प्रदेश सरकारको स्थापना पश्चात चौथो बजेट कार्यान्वयनको चरणमा रहँदा, विगतका कमी-कमजोरीबाट पाठ सिक्दै दिगो विकासको मूलभूत लक्ष्यलाई आत्मसाथ गरी योजनाबद्ध बजेट व्यवस्थापनको माध्यमबाट प्रदेश सरकारको आवश्यकता र प्राथमिकताका आधारमा अपेक्षित प्रतिफल हासिल गर्नेतर्फ सबै मन्त्रालय/निकाय थप क्रियाशील भएर लाग्नुपर्ने आजको आवश्यकता रहेको छ। यसका लागि वस्तुनिष्ठ योजना प्रणालीको विकास र सोही अनुरूप बजेट तर्जुमा तथा खर्चको मूल्याङ्कनका लागि सबै पक्ष अग्रसर हुनुपर्दछ।

चालु आर्थिक वर्ष २०७७/७८ को अर्धवर्षिक अवधिसम्म प्रदेशका विभिन्न मन्त्रालय/निकायको भौतिक तथा वित्तीय प्रगति, सम्पन्न विभिन्न कार्यक्रमको अवस्था सहित विभिन्न विषय सम्मिलित यस अर्धवार्षिक प्रगति विवरणले आर्थिक वर्षको बाँकी अवधिमा विकास कार्यक्रमको थप प्रभावकारी कार्यान्वयन र मन्त्रालयगत/निकायगत कार्यसम्पादनलाई थप नियमित, अनुमानयोग्य र मितव्ययी बनाउन मद्दत गर्नुका साथै आगामी आर्थिक वर्षको बजेटलाई थप परिमाणमुखी र वस्तुनिष्ठ बनाउन समेत सबै सरोकारवाललाई उत्तरदायी बनाउनेमा विश्वस्त छु।

अन्त्यमा, प्रदेश सरकारको विनियोजन दक्षता तथा खर्चको प्रवृत्तिसँग सम्बन्धित विभिन्न आयाम समेटी सार्वजनिक खर्चको व्यवस्थापनलाई थप सुदृढ तथा कार्यान्वयनयोग्य बनाउन मद्दत गर्ने यस अर्धवार्षिक प्रगति विवरणलाई तयार गर्न सहयोग पुऱ्याउने सबै मन्त्रालय/निकाय र यस प्रतिवेदनलाई अन्तिम रूप दिन संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु।

कैलाश प्रसाद ढुङ्गेल
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रस्तुत प्रगति विवरणको सम्बन्धमा

प्रदेश विनियोजन ऐन २०७७, ले दिएको खर्च गर्ने अख्तियारी बमोजिम यस प्रदेशका मन्त्रालय तथा मातहतका निकाय, आयोग एवम् सचिवालयले चालु आ.व.२०७७/७८ को बजेट कार्यान्वयन गरिरहेको अवस्थामा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० को अर्धवार्षिक अवधि समाप्त भएको दुई महिनाभित्र प्रदेश सरकारले प्रगति विवरण सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था भएअनुरूप यस प्रतिवेदन प्रस्तुत गरिएको हो।

यस विवरणमा प्रदेशका मन्त्रालय/निकायको पृष्ठभूमि, दीर्घकालीन सोच, उद्देश्य, रणनीति, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र, अर्धवार्षिक अवधिको चालु र पुँजीगत खर्च, चालु आ.व.मा सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाको प्रगति, संघीय सरकारबाट अन्तरसरकारी वित्त हस्तान्तरण अन्तरगत हस्तान्तरित अनुदानको प्रगति, सम्पादन भएका मुख्य मुख्य कार्य लगायत विनियोजित बजेट लक्ष्य अनुरूप खर्च हुन नसक्नुका कारण र आगामी कार्यदिशा समेत उल्लेख गरिएको छ।

प्रस्तुत विवरणमा उल्लेख गरिएका सूचना तथा तथ्याङ्क, प्रगति विवरण लगायतका जानकारी सम्बन्धित मन्त्रालयले उपलब्ध गराएको सूचनाका अतिरिक्त प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त खर्च विवरणमा आधारित रही प्रस्तुत गरिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश

# सारांश

बागमती प्रदेश सरकारले आफ्नो स्थापना सँगै नेपालको संविधान, विभिन्न ऐन, नियमहरूले निर्दिष्ट गरेबमोजिम आफ्नो कार्यसञ्चालन गरिरहेको छ। बागमती प्रदेशले हालसम्म (आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८) चार वटा वार्षिक बजेट तर्जुमा गरिसकेको छ। चालु आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन भइरहेको सन्दर्भमा विनियोजित बजेटको प्रगति, प्रभावकारिता र कार्यान्वयनमा देखा परेका समस्याहरूलाई समेटी आगामी दिनमा कार्यान्वयन कुशलता वृद्धि गर्नका लागि बजेट तर्जुमा, कार्यान्वयन लगायतका विभिन्न विषयको समीक्षा गर्न आवश्यक हुन्छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिना भित्र निर्दिष्ट विवरण सहितको प्रगति विवरण सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७/७८ को विनियोजित बजेटको अर्धवार्षिक प्रगतिको चित्रण गर्नका लागि यो विवरण तयार गरिएको छ।

चालु आर्थिक वर्षमा कुल बजेट रु ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजार विनियोजन गरिएकोमा चालु तर्फ २६ अर्ब २८ करोड ७३ लाख ३५ हजार (५१.१२ प्रतिशत) र पुँजीगत तर्फ २५ अर्ब १४ करोड १ लाख ५९ हजार (४८.८८ प्रतिशत) विनियोजित रहेको छ । बजेट कार्यान्वयनको अर्धवार्षिक अवधि सम्म आइपुग्दा चालु तर्फ रू २५ अर्ब ११ करोड ३९ लाख १५ हजार, पुँजीगत तर्फ रू २५ अर्ब ३१ करोड ३५ लाख ७९ हजार र वित्तीय व्यवस्था तर्फ रू १ अर्ब कायम भएको छ। बागमती प्रदेश सरकारको चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिको कुल खर्च १६.२७ प्रतिशत रहेकोमा, चालु तर्फ १७.८ प्रतिशत, पुँजीगत तर्फ १२.९९ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ६० प्रतिशत खर्च भएको अवस्था छ । गत आर्थिक वर्षको यहि अवधिमा प्रदेश सरकारको खर्च प्रतिशत करिब ९.१ रहेकोमा चालु आर्थिक वर्षमा वार्षिक बजेटको खर्चमा वृद्धि भई १६.२७ प्रतिशत खर्च भएको देखिन्छ। यस अवधिमा समग्रमा सबैभन्दा बढी खर्च गर्ने निकाय प्रदेश व्यवस्थापिका (२८.७३ प्रतिशत) रहेको छ । पुँजीगत विनियोजन धेरै भएका विषयगत मन्त्रालयहरू मध्येमा; सामाजिक विकास मन्त्रालयबाट सबैभन्दा बढी करिब १७.८२ प्रतिशत रकम खर्च भएको छ। बागमती प्रदेश सरकारका अन्य मन्त्रालय/निकायहरुको खर्चको विवरण यसै प्रतिवेदनको अनुसुची-१ मा समावेश छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीबाट प्रदेश सरकारलाई परेको असर न्यूनीकरणमा चालु आर्थिक वर्षको बजेट बढी केन्द्रित रहेको छ। फलस्वरूप चालु आर्थिक वर्षमा प्रदेश मातहतका जनस्वास्थ्य प्रयोगशाला, साथै त्रिशुली, भक्तपुर, हेटौंडा र सिन्धुली अस्पतालबाट PCR परीक्षण सेवा, ८ वटै अस्पतालबाट कोभिड-१९ को उपचारका लागि आइसोलेसन र त्रिशुली, भक्तपुर, हेटौंडा, धादिङ्ग र सिन्धुली अस्पतालबाट ICU र HDU सेवा प्रवाह भएको छ। विभिन्न स्थानमा पि.सि.आर. ल्याब सञ्चालन भएको छ भने नियन्त्रण तथा रोकथामको कार्यमा खटिने जनशक्तिको लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिनुका साथै नेपाल सरकार सँगको सहकार्य र

सहयोगमा कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि खोप कार्यक्रम लगायत अन्य विभिन्न कार्यक्रम सञ्चालन भएको छ। यसै गरी कोरोना महामारीबाट सिर्जित विषम परिस्थितिमा सुधार ल्याउन कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित कार्यक्रम मार्फत उत्पादन तथा रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउने उद्देश्य सहित चालु आर्थिक वर्षमा रू ३ अर्ब रकम विनियोजन गरीएकोमा अर्धवर्षिक अवधिसम्ममा उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपुर्ण ऋण लगानी सम्बन्धी कार्यविधि, २०७७ (पहिलो संशोधन) निर्माण भई कृषि विकास बैंक तथा साना किसान लघु वित्तीय संस्थासँग ऋण लगानीका लागि मिति २०७७/०८/१८ गते सम्झौता भएको छ। उक्त कार्यक्रमको कार्यान्वयनका लागि विनियोजित रकम मध्ये रू १ अर्ब कार्यविधिमा व्यवस्था भएबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई प्रवाह भईसकेको छ। यसबाट कोरोना महामारीको कारणबाट अर्थतन्त्रमा परेको प्रभाव न्यूनीकरण भई प्रदेशको आर्थिक-सामाजिक अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ।

यस अर्धवार्षिक अवधि सम्ममा प्रदेश सरकारले रोजगारी सिर्जना तथा जनशक्ति व्यवस्थापनमा समेत सन्तोषजनक प्रगति हासिल गरेको छ। प्रदेश लोक सेवा आयोगबाट यस अवधि सम्ममा प्रदेशका मन्त्रालय/निकाय तथा बागमती प्रदेश भित्रका स्थानीय तहको लागि समेत गरेर विभिन्न तह तथा पदका लागि विज्ञापन माग भई परीक्षा सञ्चालन भएको छ। साथै Online application system मार्फत परीक्षा दरखास्त लिने कार्य समेत शुरू भएको छ। यस अवधिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत बागमती प्रदेशका विभिन्न मन्त्रालय/कार्यलय/निकायहरूको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भएको छ।

अर्धवार्षिक अवधिसम्ममा ७००० भन्दा बढी नयाँ उद्योग दर्ता भएको मन्त्रालयका विवरणहरूबाट देखिन्छ। त्यसैगरी करिब ५००० भन्दा बढी उद्योगहरू नवीकरण भएकोमा २४०० भन्दा बढी नयाँ वाणिज्य फर्म दर्ता भएका छन्। यसै गरी करिब १८०० भन्दा बढी पर्यटन व्यवसाय दर्ता भएका छन्। सामुदायिक वन तर्फ ८१ वटा सामुदायिक वन दर्ता भएका छन् भने ७१ वटा कबुलियत वन दर्ता भएका छन्। पूर्वाधार विकास तर्फ अर्धवार्षिक अवधि सम्म ९.८ कि.मी. ढलान, ६९.७६ कि.मी. कालोपत्रे र २०.११ कि.मी. ग्राभेल, १३.०९ कि.मी. कच्ची सडक गरी कूल जम्मा ११२.७६ कि.मी. सडक निर्माण तथा ९ वटा पक्की पुल निर्माण भएको छ। बागमती प्रदेशको काठमाण्डौ उपत्यका र काभ्रे बाहेकका ९ जिल्लाका १२ स्थानमा निर्माणाधिन शीत भण्डारहरूको समीक्षा अवधिसम्म करिब ६० प्रतिशत निर्माण कार्य सम्पन्न भई चालु आर्थिक वर्ष भित्रमा सम्पन्न हुने अवस्थामा रहेको छ। आर्थिक वर्ष २०७५/७६ देखि सञ्चालनमा रहेको मानव र वन्यजन्तुबीचको द्वन्द्ध न्यूनीकरण तथा कृषि उपजको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह एवम् जनताहरूको सहभागितामा पर्खाल निर्माण कार्य अर्धवार्षिक अवधि सम्ममा ३.३ कि.मि. सम्पन्न भएको छ। निजी/समूह/सहकारी क्षेत्रसँगको सहकार्यमा स्थापना भएका एकीकृत मोडेल कृषि फार्महरू, नमुना कृषि फार्मको निरन्तरताका लागि सम्झौता भई कार्यक्रम सञ्चालनका लागि कार्य भइरहेको छ। त्यसैगरी यस अवधिमा मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण कार्यको माननीय मुख्यमन्त्री ज्यूबाट शिलान्यास भएको र कृषि

तथा वन विश्वविद्यालयमा बि.एस्.एल्  ल्याव स्थापनाका लागि भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र विश्वविद्यालय बीच समझदारी पत्रमा हस्ताक्षर भई निर्माण प्रक्रिया अगाडी बढेको छ। आ.व. २०७५/०७६ बाट विभिन्न ४६ वटा प्रहरी भवन इकाइ निर्माण कार्य शुरू भएकोमा यस अर्धवार्षिक अवधिसम्ममा १९ वटा प्रहरी भवनको निर्माण कार्य सम्पन्न भइसकेको छ भने बाँकी भवनहरूको ९०%  निर्माण काम सम्पन्न भई चालु आर्थिक वर्ष भित्रमा सम्पन्न हुने अवस्था रहेको छ। अर्धवार्षिक अवधिसम्ममा थप २१ वटा नयाँ भवन निर्माणको प्रक्रिया अगाडी बढेको छ।

वित्तीय संघीयताको अभ्यासको कार्यान्वयनको क्रममा अर्धवार्षिक अवधिसम्ममा वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण, सशर्त, समपुरक, विशेष अनुदानको लागि प्रदेश भित्रका सबै ११९ स्थानीय तहहरूलाई अर्धवार्षिक अवधिसम्म कुल रू. २ अर्ब ३६ करोड ७९ लाख ५१ हजार निकासा गरिएको छ। बागमती प्रदेश भित्रका १३ जिल्लाका ११९ स्थानीय तहमध्ये चितवन, रसुवा, सिन्धुली, दोलखा, रामेछाप र मकवानपुरका स्थानीय तहसँग अन्तरसरकारी वित्त हस्तान्तरण र राजस्व बाँडफाँट सम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

बागमती प्रदेश सरकारलाई अर्धवार्षिक अवधिसम्ममा राजश्व बाँडफाँटबाट अनुमानित रकमको ३३.२७% अर्थात कुल रू. ७ अर्ब ६१ करोड ६१ लाख ५९ हजार राजस्व प्राप्त भएको छ। त्यसैगरी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने अनुदान बापत अर्धवार्षिक अवधिसम्ममा कुल रू. ४ अर्ब ३१ करोड १७ हजार प्राप्त भएको छ जुन अनुमानित रकमको २४.१२% हो। गत वर्ष चैत्र महिनादेखि भएको लकडाउनका कारण बजेट खर्च समेत प्रभावित भई अनुमानित नगद मौज्दातमा वृद्धि भएको कारणले यस अर्धवार्षिक अवधिसम्ममा प्रदेश सरकारको आफ्नो स्रोतबाट सङ्कलन हुने राजश्वमा अनुमानित रकमको १८३.१८% (कुल रू. १९ अर्ब ५४ करोड ३९ लाख ७० हजार) राजस्व संकलन भएको देखिन्छ। समग्रमा प्रदेश सरकारलाई अर्धवार्षिक अवधि सम्ममा कुल रू. ३१ अर्ब ४७ करोड १ लाख ४६ हजार आय प्राप्त भएको छ जुन कुल अनुमानित आयको ६१.१९%  रहेको छ। यससँग सम्बन्धित विस्तृत विवरण अनुसुची-२ मा समावेश गरिएको छ।

कोभिड-१९ महामारीबाट सिर्जित विषम परिस्थिति बीच गत आर्थिक वर्ष २०७६/७७ मा कोरोना महामारीले पारेको प्रभावको न्यूनीकरण र कोरोना महामारीको नियन्त्रण सहित आर्थिक गतिविधिलाई थप परिचालन गर्ने प्रमुख उद्देश्यका साथ चालु आर्थिक वर्षको बजेट कार्यक्रम तर्जुमा भएको छ । यस सम्बन्धमा अर्धवार्षिक अवधिसम्ममा बजेट कार्यान्वयनमा सन्तोषजनक प्रगति हासिल भएको छ। अर्धवार्षिक अवधिसम्मको खर्चको मूल्याङ्कन सहित यस अवधिसम्म पनि सञ्चालन नभएका वा सञ्चालनमा ल्याउन नसकिएका आयोजना/कार्यक्रमबाट सञ्चालन भइरहेका आयोजना/कार्यक्रममा बजेट व्यवस्थापन गरी बजेटको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन मार्फत सुधार गर्नुपर्ने विषयहरूलाई क्रमश: सुधार गर्दै आगामी दिनमा आयोजना/कार्यक्रम कुशल ढङ्गले सञ्चालन गरेमा आर्थिक वर्षको बाँकी अवधिमा अपेक्षित लक्ष्य हासिल गर्न सकिने विषयमा विश्वास गर्न सकिन्छ ।

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १ | प्रदेश-सभा सचिवालय | १-४ |
| २ | प्रदेश लोक सेवा आयोग | ५-८ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ९-१२ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३-२० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१-३१ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३२-५२ |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५३-७२ |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७३-८४ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८५-१३८ |
| १० | सामाजिक विकास मन्त्रालय | १३९-१७१ |
| ११ | प्रदेश नीति तथा योजना आयोग | १७२-१७४ |
| १२ | अनुसुची-१, प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक मन्त्रालय/निकायगत खर्च विवरण | १७५ |
| १३ | अनुसुची - २ प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक आय विवरण | १७६-१७९ |

# प्रदेश-सभा सचिवालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको धारा ५६ वमोजिम राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था रहेको तथा संविधानको भाग १४, धारा १७५ मा भएको व्यवस्था बमोजिम प्रदेश व्यवस्थापिकाको स्थापना भई मिति २०७४ माघ १८ गते प्रदेश सभाको पहिलो बैठक बाट विधिवत रूपमा प्रदेश सभाको कार्य प्रारम्भ भएको थियो।

यसरी नेपालको संविधानले लिएका उद्देश्य हासिल गर्नका लागि प्रदेश सभाले प्रदेशको विधायिकी कार्य तथा प्रदेश सरकारको गठन तथा नियन्त्रण गर्दछ। ती कार्य मर्यादित रूपमा व्यवस्थापन गर्न सभामुख र उप सभामुखको व्यवस्था रहेको छ। बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न विषयगत समिति, संसदीय दल, प्रमुख सचेतक, सचेतक जस्ता संरचना रहने व्यवस्था छ। उल्लेखित संरचनाको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्नको लागि कर्मचारी आवश्यक पर्ने हुनाले प्रदेश सभा सचिवालयको स्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

प्रदेश स्तरीय राज्य व्यवस्थामा विधिको शासन र संविधानको भावनालाई सम्मान गर्दै प्रदेश सरकार तथा स्थानीय निकायमा आवश्यक पर्ने विधायिकी कार्य सम्पन्न गर्ने।

## ३. उद्देश्यः

- सार्वजनिक सरोकारका विषयमा जनहित प्रवर्धन गर्न आवश्यक विधेयकको औचित्यता पुष्टि गर्दै पारित गर्ने।
- सरकारका हरेक गतिविधिमा संसदीय समिति मार्फत निगरानी एवम् निर्देशन गर्दै सरकार संचालनका लागि मार्गदर्शन गर्ने।
- सरकार निर्माणका साथै अविश्वासको प्रस्ताव लगायतका माध्यमबाट शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गर्दै सीमित सरकारका अवधारणालाई मूर्तरूप दिने।

## ४. रणनीतिः

- मौलिक हक कार्यान्वयन गर्न कानून निर्माण गर्ने।
- सार्वजनिक महत्त्वका विषयमा आवश्यक कानून निर्माण गर्ने।
- संसदको विधायिकी कार्यमा सहयोग गर्ने।
- संसदीय समिति मार्फत विषयगत मन्त्रालयका कार्यमा नियन्त्रण, निगरानी एवम् समन्वय गर्ने।

## ५. कार्य जिम्मेवारी :

यस सचिवालयको देहायका कार्य जिम्मेवारी रहेका छन्।

- प्रदेश सभा एवम् प्रदेश सभा विषयगत समितिका विधायिकी कार्यमा सहयोग गर्ने।
- प्रदेश सभा समिति र सभाका सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने।
- प्रदेश सभाको काम कारवाही सुचारु रूपले संचालन गर्न प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने।
- प्रदेश सभा परिसरमा सुरक्षा प्रबन्ध मिलाउने।
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।
- प्रदेश सभाका दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलव्ध गराउने।

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरणः

**(रकम रु. हजारमा)**

| क्र.सं. | ब.उ.शी. नं. | सब.ब.उ.शी.नं / कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १ | २०२०००१३ | संचित कोष माथि हुने व्ययभार तर्फ | १०८२५ | | ३७७८.३४ | | ३४.९ | |
| २ | २०२०००११३ | प्रदेश सभा तर्फ | २०९४३६ | | ७५०२०.६९ | | ३५.८२ | |
| ३ | २०२०००१२३ | प्रदेश सभा सचिवालय तर्फ | ५००१२ | ४९२५० | १२७५९.६७ | २४२.३५ | २५.५१ | ०.४९ |

*स्रोत:प्रदेश सभा सचिवालय*

## ७. संकलन भएको राजस्वः

**(रकम रु. हजारमा)**

| क.सं. | राजस्व ख.शी.नं | राजस्व शीर्षक | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २१.०० | |
| २ | १४५११ | बिमाबिमा दाबी प्राप्ति | १९.०० | |
| ३ | १५१११ | बेरुजु | ६९६.५७ | |
| | | जम्मा | ७३६.५७ | |

*स्रोतः प्रदेश सभा सचिवालय*

## ८. आर्थिक वर्ष २०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यः

**प्रदेश सभा बैठक :**

छैटौं अधिवेशन भर प्रदेश सभाको बैठक २४ पटक बसेको छ र मिति २०७७ पुष १९ गते सातौं अधिवेशन प्रारम्भ भए पछि प्रदेश सभाको बैठक २ पटक बसेको छ।

**समिति बैठक**

| क.स. | समिति | बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १ | कार्य व्यवस्था परामर्श | ६ | |
| २ | प्रदेश मामिला | १३ | |
| ३ | अर्थ तथा विकास | ४ | |
| ४ | सार्वजनिक लेखा | ६ | |
| | उप समिति | | |
| | १.प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | १ | |
| | २. खरिद अध्ययन तथा अनुगमन | ७ | |
| | ३.प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन | ४ | |
| ५ | शिक्षा, स्वास्थ्य तथा कृषि | ४ | |
| ६ | पर्यटन, उद्योग तथा वातावरण | ४ | |

- कोभिड-१९ जस्तो महामारी र जोखिममा प्रभावकारी संचारका लागि सांसदहरूको भूमिका विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गरेको।

- मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि प्रदेश सरकारको नीतिगत र कार्यक्रमिक पहल विषयक संसदीय छलफल कार्यक्रम आयोजना गरेको।
- माननीय एवम् कर्मचारीहरूको लागि उपयोगी हुने कार्यक्रमहरू जुम प्रविधि मार्फत सम्पन्न गरिएको।

## ९. आ.व. २०७७/०७८ को पौष मसान्त सम्म प्रदेश सभाबाट पारित भएका विधेयकः

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | प्रदेश प्रहरी सेवाको सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक | २०७७/५/१५ |
| २ | वातावरण संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक | २०७७/४/९ |
| ३ | अन्तर प्रदेश बासिन्दको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७/४/१३ |
| ४ | प्रदेशभित्र शुसासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७/४/१६ |
| ५ | केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक | २०७७/४/१६ |
| ६ | प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ लाई संशोधन गर्न बनेको विधेयक | २०७७/४/९ |

## १०. विनियोजित रकम लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण

- भवन निर्माण तथा फर्निसिङ सम्बन्धी दक्ष जनशक्तिको अभावले योजना तथा आयोजनाको नाप नक्सा, डिजाइन, लागत अनुमान समयमा प्राप्त हुन नसक्दा टेण्डर प्रक्रियामा ढिलाई भएको।
- गोष्ठी, सेमिनार अनुसन्धान र तालिम संचालनका लागि विषय विज्ञ तथा स्रोत व्यक्तिको अभाव।

# प्रदेश लोक सेवा आयोग

## १. पृष्ठभूमि :

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ भन्ने व्यवस्था रहेको छ। नेपाल सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भई प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४ बमोजिम २०७६ साल मंसिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको छ। साथै २०७६ साल माघ ६ गते २ जना सदस्यको नियुक्तिसँगै आयोगले पूर्णता पाएको छ।

## २. दीर्घकालीन सोच :

निष्पक्ष, प्रतिस्पर्धा र योग्यता प्रणालीको माध्यमबाट परीक्षा सञ्चालन गरी गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न सक्ने सक्षम र योग्य जनशक्तिको समुचित व्यवस्था गर्दै सार्वजनिक प्रशासनमा योग्यता प्रणालीलाई स्थापित गर्ने।

## ३. उद्देश्य :

प्रदेश निजामती सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र अन्य सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने।

## ४. रणनीति :

प्रदेश लोक सेवा आयोगलाई जनशक्ति तथा स्रोत साधनले सम्पन्न बनाई प्रदेश र स्थानीय सरकारी सेवामा रिक्त पदहरूमा उचित पद्धति, साधन र प्रविधिको प्रयोग गर्दै सार्वजनिक सेवाको आवश्यकता अनुसारको उपयुक्त र सक्षम मानव संशाधन छनोट गरी सिफारिस गर्ने।

## ५. कार्यजिम्मेवारी:

- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गरी सिफारिस गर्ने,

- प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने।
- देहायका विषयमा परामर्श दिने:
  - प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
  - प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,
  - प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,
  - प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा,
  - कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
  - आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,
  - प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण

**(रकम रु. हजारमा)**

| क्र सं | ब.उ.शी.नं | बजेट उपशीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१००००११३ | चालु | ५३७७४ | ६०९९.१८ | ११.३ |
| २ | २१००००११४ | पुँजीगत | ७२४० | २३६२.१५ | ३२.६ |
| ३ | २१००००० १३ | चालु पदाधिकारी | ६८३८ | २९०४.९५ | ४२.५ |
| जम्मा | | | ६७८५२ | ११३६६.२८ | १६.८ |

*स्रोत: प्रदेश लोक सेवा आयोग*

## ७. सङ्कलन भएको राजस्व

**(रकम रु. हजारमा)**

| क्र.सं. | राजस्व ख.शी.नं | राजस्व शीर्षक | संकलित रकम |
|---|---|---|---|
| १. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४०.२ |
| २. | १४२२४ | परीक्षा शुल्क | ६६७३३.३७ |
| जम्मा राजस्व संकलन | | | ६६७७३.५६ |

*स्रोत: प्रदेश लोक सेवा आयोग*

## ८. आ.व. २०७७।०७८ मा सम्पादन भएका महत्त्वपूर्ण कामहरू

**पाठ्यक्रम**

- स्वास्थ्य सेवाका चौथो र पाँचौं तहका पदहरूको पाठ्यक्रम तयार भएको।
- नेपाल इन्जिनिरिङ सेवाका चौथो, पाँचौं, छैटौं र सातौं तहका पदहरूको पाठ्यक्रम तयार भएको।
- नेपाल कृषि सेवाका चौथो, पाँचौं, छैटौं र सातौं तहका पदहरूको पाठ्यक्रम तयार भएको।
- नेपाल प्रशासन सेवाका चौथो, पाँचौं र छैटौं तहको पाठ्यक्रम तयार भएको।

**परीक्षा**

- मिति २०७७ असोज २० गते आयोगको वार्षिक पदपूर्तिको कार्यतालिका २०७७।०७८ स्वीकृत गरी प्रकाशित गरिएको।
- मिति २०७७ मङ्सिर ८ गते प्रदेश र स्थानीय तहका चौथो तहका जम्मा ५५० पदको विज्ञापन गरिएको।
- मिति २०७७ पौष १३ गते प्रदेश र स्थानीय तहका पाँचौं तहका जम्मा १,२०९ पदको विज्ञापन गरिएको।
- मिति २०७७ पौष २५ गते प्रशासन सेवा सामान्य प्रशासन समूह सहायक प्रशासन चौथो तहको प्रथम चरण प्रथम पत्रको परीक्षा सञ्चालन भएको।

**प्रविधि**

- आयोगको Website सञ्चालनमा आएको।
- Online application system मार्फत प्रदेश र स्थानीय तहका पाँचौं तहका पदहरूको दरखास्त सङ्कलन प्रारम्भ गरिएको।

**छपाइ**

- आयोगको प्रथम वार्षिक प्रतिवेदन २०७६/७७ माननीय प्रदेश प्रमुख समक्ष पेश।

**आफ्नै पहलमा गरिएका कार्य**

- आयोगका अतिरिक्त अन्य कार्यालयहरूबाट कर्मचारी बोलाई दरखास्त रुजु, परीक्षा सञ्चालन लगायतका कार्य सम्पन्न गर्दै आएको।
- पदपूर्तिसँग सम्बन्धित विषयमा स्थानीय तह तथा प्रदेश मन्त्रालयहरूसँग निरन्तर छलफल।

## ९. विनियोजित रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारण

- दरबन्दी बमोजिम कर्मचारी प्राप्त नभएको, (४९ जनाको दरबन्दीमा १२ जना कर्मचारी)
- प्रदेश सरकार र स्थानीय तहमा पदपूर्तिका लागि रिक्त दरबन्दी अनुसारको माग भई नआएको,
- सबै स्थानीय तहबाट माग पद सङ्कलन गर्न नसकिएको,
- प्रदेशमा रिक्त सबै सेवा समूह उपसमूह तहका पदहरू विज्ञापन हुन नसकेको,
- कार्यालयमा सवारी साधनको अभाव।

# मुख्यन्याधिवक्ताको कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको धारा १६०(१) मा प्रत्येक प्रदेशमा एक (१) मुख्य न्यायाधिवक्ता रहने प्रवधान छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेश मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ भन्ने संवैधानिक एवम् कानूनी व्यवस्था गरिएको छ। बागमती प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अन्य काम, कर्तव्य र अधिकार समेत तोकेको छ। जस अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवम् कानूनको व्यख्या सम्बन्धमा कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फवाट उपस्थित भई बहस पैरवी गर्ने, प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको अधिकारीले कुनै संवैधानिक वा कानूनी राय माग गरेमा कानूनी राय प्रदान गर्ने लगायतका काम कर्तव्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ। मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारी बहन गरी कार्य सम्पादन गर्नु मूल अभिष्टका साथ यस कार्यालयको स्थापना भएको हो।

संगठनको लक्ष्य अनुरूप प्रभावकारी कार्य सम्पादनको लागि उपयुक्त कार्य वातावरण निर्माण हुन आवश्यक छ। यसका लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय संचालन सम्बन्धी सामग्री लगायत भौतिक साधन र पूर्वाधारको समुचित व्यवस्थापन हुन आवश्यक छ। आफ्नै भवन नहुँदा यस कार्यालय हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित श्रम कार्यालयको भवनमा रही आएको छ। कार्यालयमा बैठक कक्ष, पुस्तकालय, सबै कर्मचारीको लागि कार्यकक्ष समेतका लागि प्रर्याप्त स्थान छैन। वर्तमान कार्यालय भवनको विकल्प खोज्नु पर्ने टड्कारो आवश्यकता महशुस गरिएको छ।उपर्युक्त वातावरणको अभावमा तथा साँघुरो भवन र अपर्याप्त कर्मचारीका बाबजुद पनि यस कार्यालयले आफ्नो अभीष्ट पूरा गर्न निरन्तर प्रयासरत रहेको छ।

## २.दीर्घकालीन सोचः

- प्रदेश सरकारलाई कानून बमोजिम कार्यसम्पादन गर्न सहयोगी भूमिका निर्वाह गर्नु एवम् प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको भूमिका निर्वाह गर्नु।

## ३. उद्देश्यः

- प्रदेश सरकार, प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकाले तोकिदिएको अधिकारीलाई संवैधानिक वा कानूनी विषयमा राय परामर्श माग गरेमा राय प्रदान गर्ने।
- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको पक्षवाट बहस पैरवी गर्ने।
- प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत थुनामा रहेका थुनुवा उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- मानवअधिकार र मौलिक हकको संरक्षणका लागि आवश्यक कार्य गर्ने।

## ४. रणनीति

- संवैधानिक एवम् कानूनी प्रश्नमा प्रदेश सरकार वा मातहतका निकायका पदाधिकारीले कानूनी राय माग भएमा राय प्रदान गर्ने।
- प्रदेश सरकारको सरोकार निहित रहेको वा प्रदेश भित्रका सार्वजनिक सरोकार निहित रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रमाण बहस प्रतिरक्षा गर्ने।
- महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी थुनामा रहेका कैदी/बन्दी लाई मानवोचित ब्यवहार भए नभएको अदालतबाट स्थापित नजिर वा फैसलाको पालना गर्ने गराउने।

## ५. कार्य क्षेत्रः

- बागमती प्रदेशका १३ जिल्ला (काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप र दोलखा)।

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण :

**(रकम रु. हजारमा)**

| क्र सं | ब.उ.शी.नं | बजेट उपशीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २१६०००११३ | चालु | १५७५० | ३८०७.०३ | २४.१७ |
| २ | २१६०००११४ | पुँजीगत | १७५० | ३५.७ | २.०४ |
| जम्मा | | | १७५०० | ३८४२.७२ | २१.९६ |

*स्रोत: मुख्यन्याधिवक्ताको कार्यालय*

## ७. आ.व.२०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- नियमित रूपमा प्रदेश सरकार तथा सो मातहतका कार्यालयहरू विपक्षी भएका सर्वोच्च अदालत, उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौंडा र यस प्रदेशभित्र रहेका जिल्ला अदालतहरूमा समेत मुद्दा परी मुद्दाहरूको वहस, पैरवी तथा प्रतिरक्षा तथा नियमित रूपमा मुद्दाको सम्बन्धमा गर्नु पर्ने कामहरू गरेको,
- प्रदेश सरकार र मातहत कार्यालयहरूले विभिन्न विषयमा माग गरिएको कानूनी राय सल्लाह दिएको,
- कानून निर्माण प्रक्रियामा प्रारम्भिक मस्यौदा तयार गर्न, मन्त्रालयबाट मस्यौदा भई आएका कानूनी मस्यौदामा राय दिने र कानून मस्यौदा समितिको सदस्यको हैसियतले सक्रिय सहभागिता जनाएको,
- स्थानीय तहमा रहेको न्यायिक समितिको क्षमता अभिवृद्धि तथा स्थानीय तहका जनप्रतिनिधिलाई परिवर्तित कानून सन्दर्भमा जानकारीमूलक कार्यक्रम धादिङको धुनिवेशी नगरपालिकामा सम्पन्न।
- संघीय व्यवस्थामा सबै प्रदेशका मुख्य न्यायाधिवक्ताहरू बीच अनुभव आदान प्रदान कार्यक्रम रहेकोमा यस कार्यालयबाट लुम्बिनी प्रदेशको मुख्यन्यायाधिवक्ता कार्यालयमा कार्यक्रमको उद्देश्यानुसार अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्पन्न।
- अदालतबाट भएका फैसला र आदेश कार्यान्वयनमा यस कार्यालयले सक्रिय भूमिका खेलिरहेको छ।
- भक्तपुर र हेटौंडामा रहेको वाल सुधार गृहको अनुगमन गरी मास्क र सेनिटाइजर वितरण गरियो।
- विभिन्न संघ संस्थाले आयोजना गरेको कार्यक्रमहरूमा उपस्थित भई विचार आदान प्रदान गरियो।

## ८. आ.व. २०७७/०७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिहरूको विवरण :

- कुनै ऐन, नियमावली, कार्यविधि नबनेको।

## ९. विनियोजित बजेट लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण :

- कोभिड-१९ का कारण भएको लकडाउनले गर्दा।

## १०. आगामी कार्यदिशा :

- प्रदेश सरकारको हकहित र सरोकार रहेका मुद्दामा प्रभावकारिता ल्याउन मुद्दाको प्रकृति र गाम्भिर्यता लाई मनन गरी सामूहिक प्रतिनिधित्व गर्ने :-
    - सामूहिक प्रतिनिधित्व
    - सान्दर्भिक नजीर, कानूनी अभ्यासका विषयमा छलफल,
    - लिखित जवाफमा प्रभावकारिता ल्याउने सरोकारवाला निकायसँग आवधिक छलफल एवम् अन्तरक्रिया गर्ने,
    - प्रदेश सरकारद्वारा स्वीकृत मापदण्डको आधारमा निजी कानून व्यवसायीको सेवा उपलब्ध गराउने,
    - कर्मचारी क्षमता अधिवृद्धिको लागि तालिम प्रदान गर्ने,
- मुद्दाको मिसिल अध्यावधिक गर्ने :
- कानूनी राय प्रदान गर्ने कार्य प्रभावकारी वनाउने :-
    - संस्थागत क्षमता अभिवृद्धि गर्ने,
    - भौतिक पूर्वधारको विकास गर्ने,
    - मुख्यन्यायाधिवक्ताको कार्यालयलाई सूचना प्रविधिमा आवद्ध गराउने,
    - सरोकारवालाहरूसँगको समन्वय प्रभावकारी बनाउने,
- कानूनी मस्यौदामा सहयोग गर्ने ,
- सचेतना तथा तालिम कार्य संचालन गर्ने,
- मानव अधिकारको संरक्षण गर्ने,
- सातै प्रदेशको मुख्यन्यायाधिवक्ताहरूको सम्मेलन गर्ने,
- कर्मचारी, नियुक्त भएका कानून व्यवसायी समेतका लागि आचारसंहिता निर्माण गर्ने,
- मुख्यन्यायाधिवक्ताको समग्र कार्यमा प्रभावकारिता ल्याउन रणनीतिक योजना तयार गरी सो आधारमा कार्य सम्पादन गर्ने,
- महान्याधिवक्ताको कार्यालयसँग समन्वय गरी कारागारमा हिरासतमा रहेका थुनुवा कैदी बन्दी तथा बाल सुधारगृहमा रहेका वालवालिका प्रति उनीहरूको मानवअधिकारको अवस्थामा परेको प्रभावबारे अनुगमन गरी मुख्यमन्त्री कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा अनुगमन प्रतिवेदन पेश गर्ने।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

विक्रम सम्वत् २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान अनुसार शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई निर्वाचित जनप्रतिनिधि मार्फत २०७४ साल माघ २९ गते प्रदेश सरकार, गठन भएको थियो। संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रूपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले महत्त्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुको रूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेश भित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, प्रदेशका सबै मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन एवम् सूचना प्रविधि प्रयोग र अभिलेख व्यवस्थापन सम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयको कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ। अतः आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र वार्षिक बजेट अनुसार सम्पादन भएका क्रियाकलापहरूको आधारमा यो अर्धबार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

## २. दीर्घकालीन सोचः

- "सु-संस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश"

## ३. उद्देश्यः

- सङ्घीय शासन प्रणाली अनुरूप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत पूर्वाधार विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु
- प्रदेश र स्थानीय तहमा निष्ठावान, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु,
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित भई समृद्ध प्रदेश निर्माण गर्नु
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु
- प्रदेशभित्र पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिश्चित गर्नु,
- भ्रष्टाचार नियन्त्रण गरी सदाचारयुक्त समाज निर्माण गर्नु,

- सुदृढ तहगत सम्बन्ध र उपलब्धिमुखी अन्तर सरकार समन्वय गरी गुणस्तरीय सेवा प्रवाह गर्नु,
- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई अपेक्षाकृत बनाउनु।

## ४. रणनीतिः

सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण गर्न आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयनमा ल्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार ल्याउने, क्षमता विकास गर्ने, स्थानीय तह र सङ्घसँग समन्वय गर्ने, विकास निर्माणका काममा नियमन र सहजीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी निम्नानुसार रहेको छ।

- प्रदेश मन्त्रीपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी
- प्रदेशभित्रको शासनको व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा कार्यान्वयन
- प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषदका निर्णयको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- प्रदेशभित्रका संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्कसम्बन्धी विषय (प्रतिवेदन समेत)
- अन्तरप्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध

- प्रदेश स्तरका आयोग तथा निकायको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधासम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय
- प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानून तर्जुमा

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण:

**(रकम रु. हजारमा)**

| क्र.सं. | ब.उ.शी. नं. | स.ब.उ.शी.न./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २१५३६१ | २५१६३० | ९८५५०.६८ | ५१०२३.६७ | ४५.७६ | २०.३ | ब.उ.शी.नं. ३०१०००११ को चालु खर्च मध्ये ६ करोड ५० लाख जि.स.स.लाई अख्तियारी प्रदान गरिएको र पुंजीगत खर्चमध्ये ५ करोड प्रदेश विशेष कार्यक्रममा अख्तियारी प्रदान गरिएको। |
| २ | ३०१००१२० | | ३४६४०० | ५२७०० | ९७०७.५ | २५३२.३८ | २.८ | ४.८ | |
| जम्मा | | | ५६१७६१ | ३०४३३० | १०८२५८.२२ | ५३५५६.०७ | १९.२७ | १७.६ | |

*स्रोत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

## ७. अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ सरकारबाट प्राप्त योजनाहरूको प्रगति

### क) समपूरक अनुदानतर्फ

- समपूरक अनुदान तर्फको कार्यक्रम यस कार्यालयमा नरहेको।

### ख) विशेष अनुदानतर्फ

- विशेष अनुदान अनुदान तर्फको कार्यक्रम यस कार्यालयमा नरहेको

### ग) सशर्त अनुदानतर्फ

**अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघ सरकारबाट प्राप्त योजनाहरूको प्रगति (सशर्त अनुदान तर्फ मात्र PLGSP र प्रदेश सुशासन केन्द्र समेत)**

**(रकम रु. हजारमा)**

| विवरण | | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | प्रदेश सुशासन केन्द्र | १७१,९७० | ८,६१०.९२ | ५.०१ |
| | प्रदेश स्थानीय सरकार सहयोग कार्यक्रम | १७४,४३० | १,०९६.६१ | ०.६३ |
| | **जम्मा** | **३४६,४००** | **९,७०७.५३** | **२.८०** |
| पुँजीगत | प्रदेश सुशासन केन्द्र | ५१,५०० | २,५३२.४० | ४.९२ |
| | प्रदेश स्थानीय सरकार सहयोग कार्यक्रम | १,२०० | - | - |
| | **जम्मा** | **५२,७००** | **२,५३२.४०** | **४.८१** |
| **कुल जम्मा** | | **३९९,१००** | **१२,२३९.९२** | **७.६१** |

*स्रोत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

## ८. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्तसम्मको प्रगति विवरण

| बुदाँ नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्य सम्पादनको अवस्था |
|---|---|---|
| **१५७** | प्रदेश निजामती सेवाका कर्मचारीहरूबाट हुने सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् नतिजामुखी बनाउन आवश्यक तालिम एवम् क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने। सार्वजनिक क्षेत्रमा काम गर्ने कर्मचारी एवम् निर्वाचित पदाधिकारीको क्षमता अभिवृद्धि गर्न ललितपुरको जावलाखेलमा नेपाल सरकारबाट प्राप्त भएको जग्गामा प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न सुशासन अध्ययन केन्द्रको निर्माण कार्यलाई अगाडि बढाउने। | प्रदेश सुशासन केन्द्रको स्थापना गरी २०७७ पौष मसान्त सम्म २४० जना कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन संचालन भएको छ। |

| | | |
|---|---|---|
| १५८ | प्रदेश सरकार अन्तर्गत रहने निजामती कर्मचारी एवम् अन्य सरकारी कर्मचारीको वैयक्तिक विवरण व्यवस्थित गर्न र प्रदेशले राख्नुपर्ने सम्पत्ति विवरण सुरक्षित एवम् सूचना प्रविधिमा आधारित बनाउन सङ्घीय सरकारसँग समन्वय गरी व्यवस्थित गर्ने। | सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्न प्रदेश कर्मचारी अभिलेख केन्द्र स्वीकृत गरी सञ्चालनको तयारी अवस्थामा रहेको छ। |
| १५९ | प्रदेश सरकार मातहतका निकायहरूमा कार्यरत निजामती कर्मचारीलाई कामप्रति जिम्मेवार, जवाफदेही एवम् जागरुक बनाई उत्प्रेरित तुल्याउन **उत्कृष्ट कर्मचारी पुरस्कार**लाई निरन्तरता दिने। | प्रदेश सरकार स्थापना दिवसको अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कार प्रदान गरी कर्मचारीलाई काम प्रति उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइने छ। |
| १६० | निजामती कर्मचारीको वृत्तिविकासलाई कार्यसम्पादनसँग आबद्ध गर्ने। नवप्रवर्तन र सृजनशील कार्य गर्ने राष्ट्रसेवकलाई उत्प्रेरित गर्न विशेष पहल गरिने। | हरेक कर्मचारीलाई कार्यविभाजन मार्फत कामको बाँडफाँट गरी कार्य जिम्मेवारी दिइएको छ। |
| १६१ | प्रदेश सरकारको कार्यलाई पारदर्शी, नतिजामूलक एवम् उपलब्धिमा आधारित बनाउन कार्यसम्पादन करारको अभ्यास प्रारम्भ गरिने। प्रदेश सरकारी सेवालाई सहज र प्रविधिमैत्री बनाइने। | १. मुख्यमन्त्री र सम्बन्धित मन्त्रालयको मन्त्री बीच गरिने कार्य सम्पादन करारको ढाँचा तयार गरी सम्बन्धित मन्त्रालयमा पठाइएको<br>२. मुख्यमन्त्री र प्रदेश सचिव बीच भएको कार्यसम्पादन करार सम्झौता तयार गरिएको |

## ९. संकलन भएको राजस्व

**(रकम रु. हजारमा)**

| क्र.स. | राजस्व शीर्षक | राजस्व शीर्षक विवरण | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १३४ | |

*स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

## १०. आ.व. २०७७।७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्य

- मुख्यमन्त्री र सम्बन्धित मन्त्रालयको मन्त्री एवम् सचिव बीच कार्यसम्पादन करार सम्झौता सम्पन्न गरी कार्यसम्पादनलाई नतिजामूलक बनाइएको।
- प्रदेश सुशासन केन्द्रको स्थापना तथा सञ्चालन भएको।
- प्रदेश सुशासन ऐन जारी भई कार्यान्वयनमा रहेको।
- प्रदेश भित्रका १३ जिल्लाको जिल्ला समन्वय समिति सहयोग कार्यक्रमका लागि रु. ६ करोड ५० लाख हस्तान्तरण गरिएको।
- प्रदेश विकास कार्यक्रम (विशेष) अन्तर्गत प्रदेशका विभिन्न स्थानीय तहमा कार्यविधि अनुरूप रु. ५ करोड हस्तान्तरण गरिएको।
- व्यवस्थापन परीक्षण निर्देशिका तयार भई कार्यान्वयनमा रहेको।
- शासकीय सुधार तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनको क्रममा रहेको।
- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम केन्द्रीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भइ आएको  कर्मचारी संख्या ३,७६४ मा नबढ्ने गरी दरबन्दी हेरफेर सहितको सङ्गठन सर्वेक्षण गरी संरचना तयार गरिएको।
- प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत GESI Focal Person लाई सो सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको।
- छनौटमा परेका ५ वटा स्थानीय तहमध्ये ४ वटा स्थानीय तहको मौजुदा ऐन र कानूनको समीक्षा गरिएको।
- कार्यालय हाता भित्र इन्टरलक विच्छ्याउने र कार्यालयको सौन्दर्यकरण गर्ने कार्य सम्पन्न भएको।
- प्रदेशका विभिन्न मन्त्रालय तथा निकायका सार्वजनिक खरिद सम्बन्धी कार्यमा कार्यरत कर्मचारीहरूलाई सार्वजनिक खरिद समेतको ७ दिने तालिम सम्पन्न भएको।
- प्रदेश सरकारमा सूचना प्रविधिको प्रवर्द्धन गर्न ७ जना सूचना प्रविधि अधिकृत नियुक्त गरी सबै मन्त्रालयमा खटाइएको।
- प्रदेश सार्वजनिक सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम चितवन जिल्लामा सम्पन्न भएको।
- दोलखा, रामेछाप, सिन्धुली र सिन्धुपाल्चोक जिल्लामा प्रमुख सचिवको नेतृत्वमा योजना कार्यान्वयन तथा प्रदेश सरकारको कार्यालयहरूबाट प्रवाह भएको सेवाको अनुगमन तथा मूल्याङ्कन एवम् स्थानीय सरकारसँग योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी भ्रमण सम्पन्न भएको।

## ११. आ व. २०७७।७८ मा तर्जुमा भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७
- प्रदेश सुशासन ऐन, २०७७
- प्रदेश सुशासन नियमावली, २०७७
- प्रदेश सुशासन केन्द्र (स्थापना र कार्य सञ्चालन) आदेश, २०७७
- व्यवस्थापन परीक्षण कार्यविधि, २०७७
- प्रदेश विकास कार्यक्रम (विशेष) कार्यविधि, २०७७
- प्रदेश सरकार स्थापना दिवस समारोह सञ्चालन कार्यविधि, २०७७

## १२. विनियोजन भएको रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारण

- कोभिड -१९
- पर्याप्त जनशक्ति नहुनु
- संघीय तहलाई अनुरोध भएका विषय फछ्र्यौट नभएकोले परेको असर
- संघीय ऐनको अभावमा कतिपय विधेयक तर्जुमा गर्न कठिन
- संघीय सरकार सँग कतिपय विषयमा समन्वयको अभाव
- स्थानीय तहबाट विवरण संकलनमा कठिनाई

## १३. आगामी कार्यदिशा:

- अनुगमन, मूल्याङ्कन तथा समन्वयमा जोड दिने
- कार्यक्रमहरूको पुनरावलोकन गरी समयसीमा सहितको कार्ययोजना तयार गरी कार्यसम्पादनलाई तीव्रता दिने
- कार्यान्वयन हुन नसक्ने क्रियाकलापहरूको बजेट समर्पण गर्ने
- समय समयमा माननीय मुख्यमन्त्रीज्युसँग प्रगति समीक्षामा छलफल
- आयोजनाको स्थलगत अनुगमन
- प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ बमोजिमका अनुगमन संयन्त्र परिचालन गर्ने।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको भाग १३ मा भएको प्रदेश कार्यपालिकाको व्यवस्था बमोजिम मिति २०७४ साल माघ २८ गते आर्थिक मामिला तथा योजना मन्त्रालय गठन भई कार्यारम्भ भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। यही जिम्मेवारीलाई आत्मसाथ गर्दै यस मन्त्रालयले हालसम्म ३(तीन) आर्थिक वर्षको पूर्ण बजेट तर्जुमा गरिसकेको छ।

प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरू संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। यस मन्त्रालयको मातहतमा प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ। प्रदेश सरकारको संचित कोषको संचालन गर्ने, आन्तरिक लेखापरीक्षण गर्न तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी तोकिएका निकाय समक्ष पेश गर्ने कार्यका लागि यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले प्रदेश सरकारलाई प्राप्त आयको लेखा राख्ने, प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने, बागमती प्रदेश भित्रका सरकारी कार्यालयहरूलाई स्वीकृत बजेट तथा कार्यक्रम अनुसार रकम निकासा दिने र त्यस्तो निकासा खर्चको लेखा/श्रेस्ताको आन्तरिक लेखापरीक्षण गर्ने र लेखा समूहका कर्मचारीको व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

- सबल वित्त व्यवस्थापन तथा आर्थिक क्षेत्र व्यवस्थापन मार्फत दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी प्रदेशको आर्थिक सक्षमता अभिवृद्धि गर्ने।

## ३. उद्देश्यः

- उपलब्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकासमा सघाउ पुऱ्याउने।

## ४. रणनीतिः

- राजस्वका स्रोतहरूको क्षेत्र पहिचान गरी आर्थिक उपलब्धिको न्यायोचित वितरणमार्फत गरिबी निवारण, रोजगारी सिर्जना गर्दै समृद्ध प्रदेश निर्माणमा योगदान पुर्‍याउने।

## ५. कार्यजिम्मेवारीः

आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यजिम्मेवारी प्रदेश सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७४/११/१६ मा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोके अनुसार निम्न बमोजिम रहेको छः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रादेशिक वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर
- प्रदेश स्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरूप सहवित्तीयकरण/प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन/प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष व्यवस्था
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन

शुल्क, कृषि आयमा कर,सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बिमा र बिमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण:

**(रकम रु हजारमा)**

| क्र.स. | ब.उ.शी.नं. | सब.ब.उ.शी.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | ३०५०००११ | ३०५००३२०१३ आर्थिक मामिला तथा योजना मन्त्रालय | ८६३१० | ३७४६५ | १५९१५.८६ | ८४९.३१ | १८.४४ | २.२७ | कुल खर्च प्रतिशत १५.५ |
| २ | | ३०५०१३२०१३ प्रदेश लेखा नियन्त्रक कार्यालय | २६७९२ | १००२५ | ७५६१.०५ | ६११.५५ | २८.२२ | ६.१० | |
| | जम्मा | | ११३१०२ | ४७४९० | २३४७६.९ | १४६०.८५ | २०.७४ | ३.०८ | |

स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय

## ७. प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण र सोको प्रगति:

(रकम रु.हजारमा)

| क्र.स | अनुदानको प्रकार | विनियोजित बजेट | निकाशा | वित्तीय प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | २६३३१ वित्तीय समानीकरण अनुदान | १२५००००.०० | ४७७९४९.५० | ३८.२४ | |
| २ | २६३३२ सशर्त अनुदान | ३०६४५५२.०० | ११४८४२७.३५ | ३७.४७ | |
| ३ | २६३३३ विशेष अनुदान | २९७०००.०० | ८३०००.०० | २७.९५ | |
| ४ | २६३३४ समपूरक अनुदान | २६३१६०९.०० | ६५८५७४.७५ | २५.०३ | |
| | जम्मा | ७२४३१६१.०० | २३६७९५१.६ | ३२.६९ | |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

## ८. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्तसम्मको प्रगति विवरण

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १४९ | कृषि, उद्योग, व्यापार व्यवसाय, रोजगारी प्रवर्धन, उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्धन, पर्यटन प्रवर्धनसँग सम्बन्धित उद्योगहरू, शैक्षिक कार्यक्रम, लघु तथा साना उद्योग, वन तथा वातावरणजन्य उद्योग, फोहोरमैला व्यवस्थापन, सामाजिक क्षेत्रसँग सम्बन्धित उद्योग लगायत उत्पादन र रोजगारी सिर्जना हुने कार्यक्रमका लागि सहुलियतपूर्ण | उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि (पहिलो संशोधन सहित), २०७७ तर्जुमा भई कृषि विकास बैङ्क लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मिति २०७७/०८/१८ गते समझदारीपत्रमा हस्ताक्षर भई कार्यान्वयन भइरहेको। |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | व्याजदरमा ऋण उपलब्ध गराउन ३ अर्बको कोषको लागि बजेट व्यवस्था गरेको। यसको लागि प्रदेश सरकारबाट कार्यविधि बनाई कार्यान्वयन गरिने। | |
| १६३ | प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको उपयोग गरी प्राप्त पृष्ठपोषणबाट सार्वजनिक निकायहरूको संस्थागत क्षमता विकास गर्नुका साथै मितव्ययी र पारदर्शी रूपमा सार्वजनिक स्रोत साधनको प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाइने। | कोभिड-१९ का कारण स्थलगत रूपमा अनुगमन गर्न नसकिएतापनि चौमासिक रूपमा प्रगति समीक्षा गरी समस्या तथा समस्या समाधानका लागि आगामी कार्यदिशाका विषयमा मन्त्रालय/निकायहरूसँग छलफल गरिएको। |
| १६४ | बजेट निर्माणमा समग्र वित्तीय अनुशासन, विनियोजन दक्षता र कार्यान्वयन कुशलता लगायत खर्चमा मितव्ययिता अपनाउन विशेष जोड दिइने। | वित्तीय अनुशासन, विनियोजन दक्षता र कार्यान्वयन कुशलता लगायत खर्चमा मितव्ययिता अपनाउनका लागि सार्वजनिक खर्चको कार्यसञ्चालन निर्देशिका र भ्रमण खर्च नियमावली, २०७७ प्रदेश मन्त्रिपरिषद्मा पेश गरिएकोमा भ्रमण खर्च नियमावली, २०७७ प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत। |
| १६६ | मध्यमकालीन खर्च संरचनाको अभ्यासलाई सुदृढ तुल्याई सार्वजनिक खर्चको प्रक्षेपणलाई यथार्थपरक र वस्तुनिष्ठ बनाउने प्रयास गरिनेछ। यसले प्रदेशका नीति निर्माणमा थप प्रभावकारिता ल्याउने विश्वास गरिएको । | तेस्रो चौमासिकबाट बजेट तर्जुमा कार्यको सुरुवात सँगै मध्यमकालीन खर्च संरचना तयार गरिने। |
| १६७ | बजेटमा प्रस्तुत भएका कार्यक्रमहरूको स्वीकृति पश्चात समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको सुरुदेखि नै | प्रदेश सरकारको सार्वजनिक खर्चलाई प्रभावकारी बनाउनका लागि स्वीकृत कार्यक्रमहरूको विषयगत निकायहरूबाट |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिने। यसले बजेट कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गर्न मद्दत गर्ने। | कार्ययोजना माग गरी एकीकृत मन्त्रालयगत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रकाशन गरिएको। उक्त पुस्तिका सम्बन्धित विषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरू र प्रदेश सभाका माननीय सदस्यहरूलाई वितरण गरी वार्षिक कार्यक्रमका सम्बन्धमा जानकारी प्रदान गरिएको। |
| १६८ | वित्तीय संघीयताको सिद्धान्त अनुसार वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानहरू आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मात्र परिचालन गरिने। यसले हाम्रो वित्तीय संघीयताको अभ्यासलाई थप सुदृढ पार्ने अपेक्षा लिएको । | वार्षिक बजेट तर्जुमाको समयमा नै स्थानीय तहहरूलाई वित्तीय हस्तान्तरण अन्तर्गतका योजना/कार्यक्रमहरू यस मन्त्रालयबाट स्वीकृत गरी हस्तान्तरण गरिएको। आगामी आर्थिक वर्षका लागि योजना/कार्यक्रम प्रस्ताव माग गरी सङ्कलन गर्ने कार्य भइरहेको। |
| १६९ | प्रदेश सरकारबाट विनियोजित बजेटलाई लैङ्गिकमैत्री र समावेशी बनाउन प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने। | लैङ्गिकमैत्री र समावेशी कार्यक्रमहरूलाई बजेट तर्जुमाको बखत प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको र प्रथम चौमासिक, अर्धवार्षिक समीक्षा मार्फत प्रभावकारी कार्यन्वयनको लागि सम्बन्धित मन्त्रालय र निकायलाई जिम्मेवार बनाइएको। |
| १७० | प्रदेश सरकारको एकल प्रशासन एवम् राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको विवरणलाई एकीकृत प्रतिवेदनयुक्त बनाउन अध्ययन गरिने। प्रदेश सरकारको कोषमा प्रदेश सरकारलाई विभिन्न स्रोतहरूबाट प्राप्त हुने राजस्व स्वचालित रूपमा जम्मा हुने | प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय तथा स्थानीय तहको तथ्यांक प्राप्ति/व्यवस्थापन सम्बन्धी सफ्टवेयर प्रणाली विकास गर्ने कार्य विवरणको तयारी एवम् खरिद सम्बन्धी कार्य |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | प्रणाली स्थापित गर्ने। | कार्यान्वयनको चरणमा रहेको। |
| १७२ | अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत् स्थानीय तहलाई प्रदान गरिने समपूरक तथा विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहको प्रस्ताव, प्राथमिकीकरण तथा छनोट परियोजना बैंकमार्फत् गर्ने व्यवस्था मिलाउने । | आगामी आर्थिक वर्षका लागि वित्तीय हस्तान्तरण अन्तर्गतका योजना/कार्यक्रमहरूको माग संकलन गरिएको, यसका अतिरिक्त आयोजना छनोट, स्वीकृति र पुस्तिका प्रकाशन क्रमश तेस्रो चौमासिकमा हुने। |
| १७३ | अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटसँग सम्बन्धित विषयहरूको प्रतिवेदन समयमा नगर्ने, प्रदेश सरकारको मार्गदर्शन अनुसरण नगर्ने, कानूनको परिपालना नगर्ने तथा प्रदेश सञ्चित कोषमा राजस्व दाखिला नगर्ने स्थानीय तहमा वित्तीय हस्तान्तरण र अनुदान निकासा नगरिने वर्तमान परिपाटिलाई निरन्तरता दिने। | विनियोजन ऐनको दफा ४ को उपदफा १० मा भएको व्यवस्था अनुरूप असार मसान्तसम्म खर्च नभई बचत रकम फिर्ता नगर्ने स्थानीय तहहरूको हकमा सो बराबरको वित्तीय समानीकरण अनुदान रकम कट्टा गरी बाँकी रकम मात्र निकासा दिने गरिएको। |
| १७४ | विकास आयोजना छनौट तथा कार्यक्रमहरूको कार्यान्वयनलाई न्यायपूर्ण बनाउँदै प्रादेशिक सन्तुलन कायम गर्नका लागि मानव विकास सूचकाङ्क न्यून भएका स्थानीय तहलाई प्राथमिकता दिने। | बजेट तर्जुमाको क्रममा वित्तीय हस्तान्तरणको माध्यमबाट विभिन्न स्थानीय तहलाई समपूरक, सशर्त साथै विशेष अनुदानमा प्राथमिकताका साथ बजेट विनियोजन गरिएको। आगामी आर्थिक वर्षको बजेट निर्माणमा यस कार्यलाई ध्यानमा लिई आयोजना/कार्यक्रम छनोट गरिने। |

## ९. सङ्कलन भएको राजस्वः

आर्थिक मामिला तथा योजना मन्त्रालयमा अर्धवार्षिक अवधि सम्ममा १४२२९ अन्य प्रशासनिक सेवा शुल्क शीर्षकमा कुल ३६ हजार संकलन भएको र बागमती प्रदेश सरकारलाई प्राप्त हुने कुल राजस्व मध्ये अर्धवार्षिक अवधिसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालयको कार्यालय कोडमा प्राप्त भएको करको विवरण यस प्रकार रहेको छ।

**(रकम रु.हजारमा)**

| क्र.स. | कर राजस्व | | | गैर कर राजस्व | | |
|---|---|---|---|---|---|---|
| | शीर्षक नं. | शीर्षक | संकलित राजस्व | शीर्षक नं. | शीर्षक | संकलित राजस्व |
| १ | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,७१,६९६.४० | १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २५१०३६.९३ |
| २ | ११४११ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | २८,९६,८०६.२१ | १४५२९ | अन्यराजस्व | १५३७०.९८ |
| ३ | ११४१९ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | ८,५१,६१९.१२ | १५११३ | अनुदान फिर्ता | ७६९७१७.२२ |
| ४ | ११४५३ | बाँडफाँट भई प्राप्त हुने सवारी साधन कर | २९,२४,२१६.३१ | | | ०.०० |
| ५ | ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ६६६.९२ | | | ०.०० |
| ६ | ११४७२ | विज्ञापन कर | २९,१३२.९० | | | ०.०० |
| **जम्मा** | | | **७२,७४,१३७.८६** | | | **१०३६१२५.१३** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

## १०. आर्थिक वर्ष २०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- चालु आ.व. २०७७/७८ मा विनियोजन ऐन, २०७७ मा स्थानीय तहहरूलाई भाद्र १५, कार्तिक १५, माघ १५ र वैशाख ३० गरी चार किस्तामा वित्तीय हस्तान्तरण गर्नुपर्ने व्यवस्था बमोजिम अर्धवार्षिक अवधिसम्म दोस्रो किस्ता वापतको रकम निकासाका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अख्तियारी प्रदान गरिएको।
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ तर्जुमा गरी सोही अनुरूप आगामी आ.व. २०७८/७९ का लागि आयोजना/कार्यक्रम फाल्गुण मसान्तभित्र प्रस्ताव गर्न बागमती प्रदेशका सबै स्थानीय तहलाई पत्राचार गरिएको।
- मिति २०७७/७/२१ देखि २०७७/७/२६ गते सम्म बागमती प्रदेश भित्रका १३ जिल्लाका ११९ स्थानीय तहमध्ये चितवन, रसुवा, सिन्धुली, दोलखा, रामेछाप र मकवानपुरका स्थानीय तहहरूसँग अन्तरसरकारी वित्त हस्तान्तरण र राजस्व बाँडफाँट सम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम गरिएको।
- मन्त्रालयगत स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना तथा आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति विवरण प्रकाशन गरिएको।
- प्रदेश आर्थिक ऐन, २०७७ मा व्यवस्था भएको करका दर तथा दायराको कार्यान्वयनको सन्दर्भमा मालपोत कार्यालयहरू, यातायात कार्यालयहरू एवम स्थानीय तहहरूसँग अन्तरक्रिया गरिएको।
- प्रदेशका यातायात तथा मालपोत कार्यालयहरूसंगको अन्तरक्रिया कार्यक्रम मार्फत राजस्व संकलनको अवस्था, करको दर, दायरा सम्बन्धी छलफल गरिएको।
- उपत्यका भित्रका मालपोत कार्यालयहरूबाट संकलन हुने बागमती सभ्यता शुल्क जम्मा गर्न छुट्टै राजस्व शीर्षकको व्यवस्था गरिएको।
- आ.व. २०७७/७८ को मन्त्रालयगत विनियोजित बजेटको प्रथम चौमासिक प्रगति समीक्षा र प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको।
- बजेट कार्यान्वयनमा देखिएका समस्याको सन्दर्भमा प्रदेशका मन्त्रालय, निकाय, आयोग, कार्यालयहरू र स्थानीय तहहरूसँग आवश्यक समन्वय गरिएको।
- प्रदेश सरकार अन्तरगतका मन्त्रालय तथा निकायहरूको स्वीकृत वार्षिक कार्यक्रममा प्रदेश आर्थिक कार्यविधि ऐन, नियम, विनियोजन ऐनका आधारमा बजेट रकमान्तर, थप बजेट निकासा, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता र कार्यक्रम संशोधन गरिएको।
- विभिन्न मन्त्रालयहरूबाट तर्जुमा गरिएका ऐन/नियमावली तथा कार्यविधि उपर थप आर्थिक

दायित्वका विषयमा राय/सहमति सम्बन्धी कार्य भएको।

- प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत लेखा समूहका कर्मचारीहरूको अभिलेख व्यवस्थापनका लागि सफ्टवेयर निर्माण गरिएको।
- मन्त्रालयको थप भवन निर्माणको सम्झौता भई भवन निर्माण कार्य भइरहेको।

**सहुलियतपूर्ण ऋण लगानी तर्फ**

- चालु आ.व. २०७७/७८ को बजेट वक्तव्यको बुदा नं. १४९ मा भएको व्यवस्था बमोजिम ऋण लगानीका लागि कुल रु. ३ अर्ब विनियोजन गरिएको। सो कार्यक्रम कार्यान्वयनका लागि उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि (पहिलो संशोधन सहित) २०७७ तर्जुमा गरिएको।
- मिति २०७७/०८/१८ गते कृषि विकास बैङ्क र साना किसान विकास लघुवित्त वित्तीय संस्था सँग समझदारीपत्रमा हस्ताक्षर भई यस कार्यक्रमको वडा स्तरसम्म प्रचारप्रसार गर्नका लागि कार्यविधि र ब्रोसर वितरण गरिएको।
- नेपाल उद्योग वाणिज्य महासंघ तथा बागमती प्रदेश भित्रका जिल्ला तथा नगर उद्योग वाणिज्य संघका विभिन्न पदाधिकारीसँग मिति २०७७/०९/१२ गते उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्याविधि, २०७७ को विषयमा छलफल तथा अन्तरक्रिया गरिएको।
- ऋण लगानी प्रयोजनका लागि कृषि विकास बैङ्क लिमिटेडको ६५ वटा शाखा कार्यालय मार्फत ४० करोड तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २५० कृषि सहकारी मार्फत २० करोड गरी जम्मा ६० करोड प्रथम किस्ता वापत मिति २०७७/०९/२० गते निकासा समेत भएको।

## ११. आर्थिक वर्ष २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण:

| क्र.सं. | कार्यविधि | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १ | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०८/२२ |
| २ | प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०८/२२ |
| ३ | उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि (पहिलो संशोधन सहित), २०७७ | २०७७/०८/१५ |

## १२. विनियोजित बजेट लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण:

- बजेट कार्यान्वयनको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन, अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाडँफाट लगायतका अन्तर्क्रिया कार्यक्रम कोभिड-१९ का कारण लक्ष्य अनुरूप गर्न नसकिएको।
- कार्यालयको भवन निर्माण कार्यको भौतिक प्रगति देखिए पनि नगदमा आधारित लेखा प्रणालीका कारण वित्तीय प्रगति नदेखिएको।
- यस मन्त्रालयको अधिकांश कार्यक्रम बजेट तर्जुमा, बजेट छलफलसँग सम्बन्धित हुने भएकाले तेस्रो चौमासिकमा कार्यान्वयनमा आई प्रगति देखिने।
- धेरैजसो समय कार्यक्रम संशोधन तथा रकमान्तरमा नै केन्द्रित हुनुपर्ने हुँदा विभिन्न कार्यविधि, कानून निर्माण लगायत अन्य कार्यक्रम अपेक्षित रूपमा गर्न नसकिएको।
- राजस्वको एकीकृत विवरण प्राप्त गर्नका लागि सफ्टवेयरको निर्माण कार्यका सम्बन्धमा प्रदेश सरकार, संघ र स्थानीय तहसँग पर्याप्त समन्वय हुन नसकेको।

## १३. आगामी कार्यदिशा

- आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि मन्त्रालय/निकायहरूसँग छलफल तथा समन्वय गरी आयोजना/कार्यक्रमको प्रस्तावका लागि bottom up approach लागू गर्ने।
- स्थानीय तहलाई प्रदान गरिने अनुदानलाई कार्यसम्पादनमुखी बनाई सार्वजनिक वित्त व्यवथापनमा सुधार गर्ने।
- संघ र स्थानीय तहसँग वित्तीय हस्तान्तरण अन्तर्गत राजस्व बाँडफाँट र अनुदान हस्तान्तरण लगायतका विषयमा समन्वय गरी तीनै तह बीचको सम्बन्ध थप सुदृढ बनाउने।
- राजस्वका सम्भावित क्षेत्र खोजी गरी सोको दर तथा दायराका विषयमा अध्ययन अगाडि बढाउने।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुने गरी राज्यशक्तिको बाँडफाँट भए अनुसार राज्यको पुनःसंरचना पश्चात हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेका छन्। नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार यस बागमती प्रदेशमा सात वटा मन्त्रालय स्थापना भई कार्यसञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ अनुसार यस मन्त्रालयलाई उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, संस्कृति, वन र वातावरण सम्बन्धी ६७ वटा कार्यजिम्मेवारी तोकिएको छ।

## २. दीर्घकालीन सोचः

| | |
|---|---|
| **उद्योगः** | औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि। |
| **वाणिज्य तथा आपूर्तिः** | वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्ति |
| **पर्यटनः** | पर्यटन आयमा वृद्धि, रोजगारी र समृद्धि |
| **वन तथा वातावरणः** | वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण स्वस्थ जीवनका लागि स्वच्छ वातावरण |
| **जलवायु परिवर्तन अनुकूलनः** | जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण मार्फत स्वच्छ एवम् स्वस्थ प्रदेश निर्माण |
| **धार्मिक तथा सांस्कृतिकः** | प्रदेशको पहिचान, भाषा, संस्कृति र कलाको प्रवर्धन |

## ३. उद्देश्य :

**क) उद्योगः**

- उपलब्ध स्रोत, सीप र क्षमतामा आधारित उद्योग प्रवर्धनद्वारा प्रादेशिक गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउनु ,
- उद्योगको प्रवर्धनद्वारा व्यापार घाटा, बेरोजगारी र गरिबी न्यूनीकरण गर्नु,
- समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाई मानव स्वास्थ्य, सांस्कृतिक सम्पदा र प्राकृतिक स्रोतको संरक्षण गर्नु,

**ख) वाणिज्य तथा आपूर्तिः**

- प्रादेशिक बजार केन्द्रहरूको सुव्यवस्था मार्फत अत्यावश्यक वस्तुको आन्तरिक आपूर्ति प्रणालीलाई सुदृढ बनाई स्वच्छ, स्वस्थ उपभोग्य वस्तु उपलब्ध गराउनु,
- स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपमा आधारित वस्तुको उत्पादन र निकासी प्रवर्धन गर्नु,

**ग) पर्यटनः**

- आन्तरिक, बाह्य तथा छिमेकी मुलुकका पर्यटक आकर्षित गर्नु र बसाई लम्ब्याउनु,
- पर्यटकीय वस्तु तथा सेवाको विकास, विस्तार र विविधीकरण गर्दै रोजगारी र आयआर्जनको भरपर्दो र दिगो बनाउनु,

**घ) वन तथा भू-संरक्षणः**

- वैज्ञानिक वन व्यवस्थापनद्वारा वन पैदावारको उत्पादन वृद्धि तथा व्यावसायीकरण गर्नुका साथै भूदृश्य (ल्याण्डस्केप) को व्यवस्थापन गरी वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु,
- एकीकृत जलाधार व्यवस्थापन मार्फत नदी-नाला, माटो र अन्य प्राकृतिक संरचनाको संरक्षण गरी स्वस्थ र सन्तुलित वातावरण कायम राखी पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण्ण राख्नु,
- चुरे क्षेत्रको वन अतिक्रमणको स्थायी समाधान गरी एकीकृत संरक्षण र व्यवस्थापन गर्नु,
- वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आबद्ध गरी समृद्धिका लागि योगदान पुऱ्याउनु,

**ङ) वातावरणः**

- वायु प्रदुषण नियन्त्रण गरी नागरिकको स्वास्थ्यमा सुधार ल्याउनु,
- नदीहरूमा हुने प्रदूषण नियन्त्रण गरी नागरिकको स्वास्थ्यमा सुधार ल्याउनु,
- फोहोरमैलाको उचित व्यवस्थापन र पुन प्रयोगका उपायहरूबाट रोजगारी सृजना गर्नु,
- धुँवाधुलो तथा आवाजबाट सिर्जित प्रदूषणको नियन्त्रणमा आवश्यक प्रणाली अबलम्बन गर्नु,

**च) जलवायु परिवर्तन अनुकूलनः**

- पानीको दिगो उपलब्धता, जलवायुजन्य विपद्का असरहरको न्यूनीकरण, जलवायु परिवर्तनले मानव स्वास्थमा पार्ने असर नियन्त्रण र जलवायु परिवर्तनले कृषि र खाद्यान्न सुरक्षामा पारेको असरसँग अनुकूलित हुँदै त्यसबाट सिर्जित लाभ र जलवायु कोष र संयन्त्रहरूबाट हुने लाभको अधिकतम् उपयोग गर्नु,

**छ) धर्मिक तथा सांस्कृतिकः**

- सबै सांस्कृतिक सम्पदाको अभिलेखीकरण गरी संरक्षण गर्नु।

## ४. रणनीतिः

**क) उद्योगः**

- औद्योगिक लगानीका निम्ति अनुकूल वातावरण तयार गर्ने।
- स्थानीय स्रोत साधन, परम्परागत सीप र प्रविधिमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने,
- उद्योगलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने,
- समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने,

**ख) वाणिज्य तथा आपूर्तिः**

- स्वच्छ र स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुको सुलभ आपूर्ति र वितरण प्रणालीको विकास गर्ने,
- निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने,

**ग) पर्यटनः**

- नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने,
- उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रवर्धन गर्ने,
- पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय बनाउने

**घ) वन तथा भू-संरक्षणः**

- वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने,
- प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरू सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने,
- वन्यजन्तु ओहोर-दोहोर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति व्यवस्थाद्वारा मानव-वन्यजन्तु बीचको द्वन्द्व घटाउने,
- समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुर्‍याउने,
- नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

- चुरे अतिक्रमण र वन्यजन्तु चोरी शिकारी जस्ता गैरकानूनी र वातावरण विनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषिवन जस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्धन गर्ने,

**ङ) वातावरणः**

- यातायातका साधनहरू तथा उद्योगलाई वातावरणमैत्री बनाउन वैकल्पिक ऊर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने,
- नगर तथा नगर उन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनः प्रशोधन र पुन प्रयोग विधि अवलम्बन गर्ने,
- कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय तथा प्राङ्गारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टामा स्थानीय सामग्रीबाट उत्पादित वातावरणमैत्री झोला उपयोगमा ल्याउने,
- प्रदुषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा आबद्ध गर्ने।

**च) जलवायु परिवर्तन अनुकूलनः**

- पानीका उपलब्ध स्रोतहरूको संरक्षण तथा वैकल्पिक उपायहरू अबलम्बन गर्ने,
- जलवायु ज्ञान व्यवस्थापन तथा मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने,
- चरम जलवायुजन्य घटनाहरूको पहिचान गरी मानवस्वास्थ्यको रक्षा गर्ने ,
- जलवायुमैत्री ऊर्जा र कृषि प्रविधिको छनोट र विस्तार गर्ने,
- अन्तराष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायु कोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीय सहयोग तथा लाभ हासिल गर्ने,

**छ) धर्मिक तथा सांस्कृतिकः**

- पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने।

## ५. कार्यजिम्मेवारीः

जनतालाई छिटो छरितो तथा सहज सेवा प्रदान गर्दै सुशासन कायम राखी स्थानीय तह, प्रदेश र केन्द्रको सहकार्य तथा समन्वयमा समृद्ध प्रदेश बनाउन देहाय बमोजिमको क्षेत्रमा देहाय बमोजिमको यस मन्त्रालयको कार्यजिम्मेवारी तय गरिएको छः

१. व्यापार वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्यांक प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन
३. ढुवानी / परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन
४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता
५. व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन
६. खानी तथा खनिज पर्दाथको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय
७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी
८. कलकारखाना र औधोगिकीकरण सम्बन्धी, नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन
१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार
११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन
१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवार वस्तु आपूर्ति सम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन
१४. मूल्य र कालो बजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन
१५. संघीय मापदण्ड अनुसार स्टान्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन
१६. उपभोक्ता अदालत गठन र सञ्चालन
१७. अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय
१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन
१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन
२१. दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२२. प्रदेश स्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन
२३. प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन
२४. संघीय कानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी
२५. प्रदेश भित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन
२७. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग
२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता
२९. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन
३०. पर्यटक प्रहरी समन्वय
३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिंङ्ग एजेन्सी, गाइड, र्‍याफटिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन
३२. प्रदेश स्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण
३४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन
३५. प्रदेश स्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
३६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
३७. जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
३८. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग
४०. प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन
४१. प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम लाभांश बाँडफाँट
४२. प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
४३. प्रदेशभित्र भूस्खलन नियन्त्रण
४४. प्रदेश स्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
४५. प्रदेश स्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
४६. प्रदेश स्तरमा वातावरणीय सूचना प्रणालीको व्यवस्थापन
४७. प्रदेश स्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार

४८.प्रदेश स्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन तथा वातावारणमैत्री शासकीय प्रवन्ध
४९.प्रदेश स्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
५०.प्रदेश स्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
५१.प्रदेश स्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
५२.प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
५३.भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन
५४.संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
५५.अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन
५६.वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैचा स्थापना र व्यवस्थापन
५७.प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
५८.प्रदेशभित्र जडिबुटी तथा अन्य गैह्र काष्ठ वनपैदावार सम्बन्धी व्यवस्थापन
५९.वन्यजन्तु र चराचुरुंगी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
६०.खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन
६१.विश्व सम्पदामा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्वन्धी
६२.भाषा लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यन्वयन र नियमन
६३.ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्त्व वोकेका प्रादेशिक स्तरका दरबारको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन
६४.प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन
६५.प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, गढी, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निमाण
६६.धर्म,परम्परा र गुठी अन्तरगत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन
६७.संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन

# ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण

**(रकम रु. हजारमा)**

| क्र.स. | ब.उ.शी.नं. | कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १ | ३०७००००१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७३०३० | २६३५० | १२५४८ | १५०० | १७.१८ | ५.६९ |
| २ | ३०७००१०१ | पर्यटन विकास आयोजना मकवानपुर | ६१६८ | २३० | ४,७५३.६ | १४५.२ | ७७.०७ | ६३.१३ |
| ३ | ३०७०१०१२ | घरेलु तथा साना उद्योग कार्यालयहरू | १०६९२३ | ७६०० | ८१,५१८.३ | ३,७९६ | ७६.२४ | ४९.९५ |
| ४ | ३०७०१०११ | उ.वा. तथा उ .हि. संरक्षण निर्देशनालय | १४९१२ | ४०० | ६७५५ | २०७ | ४५.३० | ५१.७५ |
| ५ | ३०७०२०११ | वन निर्देशनालय | २३७१० | २७०० | ८५८ | ५०० | ३.६२ | १८.५२ |
| ६ | ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | ६८६७७३ | ११२७५० | १७२,७८१.३ | ४,६८५ | २५.१६ | ४.१६ |
| ७ | ३०७०२०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | २८३९८ | ७०० | १३,३०२.४ | १५० | ४६.८४ | २१.४३ |

| क्र.स. | ब.उ.शी.नं. | कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| ८ | ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ८८७५ | ११७५० | ४,२३० | ४५० | ४७.६६ | ३.८३ |
| ९ | ३०७००१०५ | भू तथा जलाधार संरक्षण कार्यक्रम | ४७०० | ३७००५ | ० | ५३,३२१.८ | ० | १४.४१ |
| १० | ३०७००१०३ | राष्ट्रिय वन संरक्षण तथा ब्यस्थापन कार्यक्रम | १५१०७ | १७१८५ | २१,८३८.१ | २६,२२७.९ | १४.४६ | १५.३२ |
| ११ | ३०७००११२ | उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | ६२४०७ | ४०२०४ | ८,७९६.४ | ५४७४.४ | १२.०४ | १.३६ |
| १२ | ३०७००११४ | पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रम | २५७०० | ११३५५१५ | ६,५५३.२ | २७८,३७१.५ | २५.५ | २४.४९ |
| १३ | ३०७००११५ | वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम | २२१०० | २०२००० | ३,५३९.६० | १३,२०८.४ | १६.०२ | ६.५४ |
| | | **जम्मा** | **१२२४७७३** | **२४४४३७७** | **३३७३९४.२** | **३८८०४५.२** | **२७.५५** | **१५.८८** |

*स्रोतः उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय*

## ७. आ.व.२०७७/७८ मा सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाको प्रगति विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि | कुल लागत (सम्झौता रकम) | गत आ.व. सम्मको खर्च | आ.व. २०७७/७८ | | आ.व. २०७७/७८ (प्रगति %) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| १ | पर्यटन विकास आयोजना | सिन्धुलीगढी हिल स्टेशन प्याकेज(बहुउद्देशीय भवन र वन वगैचा) (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २९५५१.७३ | ० | ४४७४० | ३३३८.०१ | १५ | ७.२४ | |
| २ | | ऐतिहासिक सिद्धबाबा चुचुरोमा भ्यूटावर निर्माण, सिन्धुली (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २२०६२.७२ | ० | ३२०२९ | १९०० | १० | ५.९३ | |
| ३ | | शैलुङ्ग पयटकिय क्षेत्रमा पूर्वाधार निर्माण (वगैचा, उद्यान, गोलघर, शौचालय, मनोरञ्जन पार्क) (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २५२९३.०६ | ० | ४११२१ | २१५० | १० | ५.२३ | |
| ४ | | जिरी हिल स्टेशन प्याकेज(भ्यू टावर, बहुउद्देशीय भवन र वन वगैचा) (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | ३०६०३.९ | ० | ४७८९३ | २६५० | १० | ५.५३ | |

| क्र.सं | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि | कुल लागत (सम्झौता रकम) | गत आ.व. सम्मको खर्च | आ.व. २०७७/७८ | | आ.व. २०७७/७८ (प्रगति %) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| ५ | | चिम्टेश्वरमा वन वगैचा पार्क र भ्यू टावर निर्माण कार्यक्रम, नुवाकोट (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | ३०३७८.९९ | ० | ३४९०५ | ५२०० | १० | १४.९ | |
| ६ | | रोसी भुमिचुलीमा भ्यू टावर निर्माण, काभ्रे (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २६१२३.४७ | ० | ३०५७४ | २२७५ | २० | ७.४४ | |
| ७ | | तोप्लाङ्ग भ्यू टावर निर्माण, धादिङ (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २३८०३ | ० | २६५३६ | ४१०० | ५ | १५.४५ | |
| ८ | | राइनो पार्क निर्माण चितवन (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २९६६२.६३ | ० | २५२२४ | ३७०० | १० | १४.६७ | |

| क्र.सं | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि | कुल लागत (सम्झौता रकम) | गत आ.व. सम्मको खर्च | आ.व. २०७७/७८ | | आ.व. २०७७/७८ (प्रगति %) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| ९ | | भोटेकोशीमा समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने खोला किनारमा प्राकृतिक swimming pool निर्माण, सिन्धुपाल्चोक (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | ३०८३४.४२ | ० | ३५४३४ | २७०० | ५ | ७.६२ | |
| १० | | शिवालय हिल स्टेशन प्याकेज(भ्यू टावर, बहुउद्देशीय भवन र वन वगैचा) (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २९१८२.१७ | ० | ३३७१७ | २५०० | ० | ७.४१ | |
| ११ | | भ्यू टावर निर्माण गोगनपानी सुलीथुम्का खाँडादेवी ५ रामेछाप (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७६/७७ देखि ०७७/७८ सम्म) | २८९६३.९७ | ० | ४२१०० | २५०० | १० | ५.९४ | |
| १२ | | गढी दरवार पुन निर्माण, सिन्धुली (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७७/७८ देखि ०७८/७९ सम्म) | ४३८९९.५२ | ० | २०००० | १९२२ | ५ | ९.६१ | |

| क्र.सं | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि | कुल लागत (सम्झौता रकम) | गत आ.व. सम्मको खर्च | आ.व. २०७७/७८ | | आ.व. २०७७/७८ (प्रगति %) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| १३ | | सांस्कृतिक सम्पदा तथा मुद्रा संग्राहालय भि.न.पा. २ मा पूर्वाधार निर्माण, दोलखा (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७७/७८ देखि ०७८/७९ सम्म) | ३७३८६.३३ | ० | ५१०० | १६३५ | ५ | ३२.०६ | |
| १४ | | वनेपा २ स्थित हिले जलजले पर्यटकीय ताल निर्माण, काभ्रेपलाञ्चोक (अन्य सार्वजनिक निर्माण) | ० | ० | ० | १०००० | ० | ० | ० | IEE कार्य फाइनल चरणमा रहेको र टेण्डर हुन बाँकी |
| १५ | | निलकण्ठ १२ स्थित शहिद पार्क पूर्वाधार निर्माण, धादिङ (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७७/७८ देखि ०७८/७९ सम्म) | ० | ० | १५००० | ० | ० | ० | |
| १६ | | बम्फु वाफल खोला ताल तथा हरियाली विकास कार्यक्रम, सिन्धुपाल्चोक (अन्य सार्वजनिक निर्माण) | २ वर्ष (२०७७/७८ देखि ०७८/७९ सम्म) | ० | ० | २०००० | ० | ० | ० | |
| **जम्मा** | | | | ३७९७४८.१० | ०.०० | ४५४३६५.०० | ३६४७०.०१ | ७.१९ | ७.८५ | |

*स्रोत: उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय*

## ८. अन्तरसरकारी वित्तीय हस्तान्तण अन्तर्गत नेपाल सरकारबाट प्राप्त आयोजनाको प्रगति

समपूरक अनुदानतर्फ र विशेष अनुदान तर्फ यस मन्त्रायलमा कुनै योजना कार्यक्रम नरहेको।

**सशर्त अनुदानतर्फ**

(रकम रु. हजारमा)

| क्र.सं | सब.ब.उ.शी.नं | कार्यालयको नाम | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १८०३०० | ३०५४.८२ | २.० |

*स्रोत: उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय*

## ९. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्त सम्मको प्रगति विवरण

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १०० | कोभिड १९ का कारण उद्योग तथा पर्यटन क्षेत्रमा परेको प्रतिकूल असरलाई व्यवस्थापन गर्न स्वास्थ्य सुरक्षा सुदृढ गरी निजी क्षेत्रको सहकार्यमा अनुकूल वातावरण तयार गर्दै अवरुद्ध भएका घरेलु तथा साना उद्योग तत्काल संचालनमा ल्याउन र नवउद्यमीहरूका लागि उद्यम/उद्योग स्थापना तथा संचालनका लागि **उद्यमीको हात प्रदेश सरकारको साथ कार्यक्रम** सञ्चालन गरिने। | राष्ट्रिय वाणिज्य बैंक मार्फत नव प्रवर्तन तथा युवा उद्यमीहरूलाई व्यवसायमा आकर्षित गर्न बिना धितो सहुलियतपूर्ण ऋणको लागि आवश्यक सहकार्य गरिएको। प्रदेश सरकारबाट उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण (पहिलो संशोधन) कार्यविधि, २०७७ कार्यान्वयनमा आएको। |
| १०१ | "आफ्नै स्रोत आफ्नै उद्यम" भन्ने सोचका साथ कृषि, फलफूल, जडिबुटी, हस्तकला, वनमा आधारित घरेलु तथा साना उद्योगको संचालनमा सहयोग प्रोत्साहनका लागि प्रविधि हस्तान्तरण गर्ने। प्रविधि हस्तान्तरण कार्यबाट ७३२ वटा उद्योगको स्तर पुँजी वृद्धि भई १,४६४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गर्ने अनुमान गरिएको । | १३ वटै जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय मार्फत उद्योग स्थापना, प्रविधि हस्तान्तरण को कार्य सञ्चालन भइरहेको। रु. १ करोड बराबरको प्रविधि हस्तान्तरण कार्य सम्पन्न भएको। |
| १०२ | प्रदेश भित्रका विपन्न तथा गरिब समुदायका महिला, दलित युवाहरूलाई स्वरोजगार वनाउन लघुउद्यमी संघ | सीप विकास तथा सीपमूलक तालिम सञ्चालनको चरणमा रहेको। तालिमका |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | सरकारको सहकार्यमा ४१० जना नयाँ उद्यमी सिर्जना र २७५ जना उद्यमीलाई स्तरोन्नितका लागि रकमको व्यवस्था गरेको। रोजगारी तथा दक्ष औद्योगिक जनशक्ति उत्पादन गर्न प्रविधि सहितको प्राविधिक तालिमको व्यवस्था मिलाएको । प्रविधि सहितको प्राविधिक तालिमबाट २०० जना दीक्षित भई रोजगारी प्राप्त गर्ने। | सहभागी छनौट भई कार्य अगाडि बढेको। |
| १०३ | सिन्धुलीको हरिहरपुर गढी र मकवानपुरको मनहरीमा प्रदेश औद्योगिक क्षेत्र स्थापनाको कार्य प्रारम्भ भएको ।। वातावरणीय अध्ययन र जग्गा प्राप्तिको प्रक्रिया तत्कालै पूरा गरी प्रदेश औद्योगिक क्षेत्र पूर्वाधार निर्माण प्रारम्भ गर्न बजेट विनियोजन गरेको।। | वातावरणीय अध्ययन तथा डिपिआर तयार भई सीमाङ्कन र निर्माणको लागि बोलपत्रको चरणमा रहेको। |
| १०४ | एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम अन्तरगत पहिचान भएका स्थानमा पाँच वटा उद्योग ग्रामको पूर्वाधार निर्माण गर्न र थप दश उद्योग ग्रामको सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र जग्गा प्राप्ति कार्य समेतका लागि ११ करोड रकम विनियोजन। | उद्योग ग्राम निर्माणको लागि घरेलु तथा साना उद्योग कार्यालय मार्फत सूचना प्रकाशन भएको। वातावरणीय अध्ययन र डिपिआर को कार्य सम्पन्न भएको। नयाँ औद्योगिक ग्रामको लागि स्थान छनोट र संभाव्यता अध्ययन सम्पन्न भएको। |
| १०५ | जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयबाट वस्तु विकास तथा प्रशिक्षण कार्यक्रम (रत्नपत्थर-धादिङ, ढाका बुनाई-नुवाकोट, काष्ठकला र धातुकला-ललितपुर, बाँस निगालो-सिन्धुली, हाते कागज-सिन्धुपाल्चोक, दोलखा) संचालन गर्ने। यो कार्यक्रमबाट १०० जनाले व्यवसाय शुरुवात गर्ने अपेक्षा लिएको। | घरेलु तथा साना उद्योग कार्यालय मार्फत कार्य अगाडि बढेको। |
| १०६ | आफ्नै ठाउँ नभएका उद्यमीलाई एकै स्थानमा बसी उद्यम संचालन गर्न साझा सुविधा केन्द्र निर्माण र उद्यमीको उत्पादनको सहज बिक्रीका लागि वजार घर निर्माण कार्यलाई निरन्तरता दिने। यो कार्यक्रमबाट ३०० जना उद्यमी उद्यम तथा उत्पादनमा सहभागी भई स्वाबलम्बी हुने। परम्परागत ज्ञान र सीपको संरक्षण, | साझा सुविधा केन्द्र निर्माण र उद्यमीको उत्पादनको सहज विक्रीका लागि वजार घर निर्माण कार्य अगाडि बढेको । स्थानीय तहको सहकार्यमा सबै जिल्लामा कोसेली तथा घरेलु उपज विक्री केन्द्र स्थापनाका उपभोक्ता |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | प्रवर्धन गर्न एवम् गरिब, विपन्न, महिला, दलित जस्ता समुदायले उत्पादन गरेका उपजहरूको उत्पादन तथा वजारीकरणमा टेवा पुऱ्याउन स्थानीय तहको सहकार्यमा सबै जिल्लामा कोसेली तथा घरेलु उपज विक्री केन्द्र स्थापनाका लागि रु ३ करोड विनियोजन गरिएको। | समिति गठन भई कार्य अगाडि बढेको। |
| १०७ | प्रदेश भित्र स्थापना गर्ने गरी कागज उद्योग र जडीबुटी प्रशोधन उद्योगको स्थापनाका लागि आर्थिक विश्लेषण र जग्गा प्राप्तिका लागि रकम व्यवस्था गरेको। चेपाङ्गका लागि चिउरी कार्यक्रम अन्तर्गत चिउरी खेती र चेपाङ्ग समुदायको सहभागितामा चिउरी प्रशोधन उद्योग स्थापनाका लागि रकम व्यवस्था गरेको। | आर्थिक विश्लेषण र जग्गा प्राप्तीको कार्य अगाडि बढेको। चिउरी खेती र चिउरी प्रशोधन उद्योग स्थापनाका लागि चितवन, राप्ती र धादिङ जिल्लाको डिभिजन वन कार्यालय मार्फत कार्य अगाडि बढेको। |
| १०८ | तीन वटा हिलस्टेसन र आठ वटा नमुना गन्तव्यको निर्माण कार्य थालनी भएको छ। हिलस्टेसन, नमुना गन्तव्य, घाञ्जालापास सञ्चालन, गौरीशंकर परिपथ लगायत चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिने। । | हिलस्टेसन, नमुना गन्तव्यको निर्माण कार्यको ठेक्का मार्फत सञ्चालन भइरहेको। घाञ्जालापास सञ्चालन, गौरीशंकर परिपथ लगायत कार्यक्रम कार्यान्वयन भइरहेको। |
| १०९ | आन्तरिक तथा वाह्य पर्यटकलाई लक्षित गरी वरण्डाभार संरक्षित वनमा प्रकृति, वन्यजन्तु तथा चरा अवलोकनका लागि जंगल सफारीको पूर्वाधार विकास गर्न आवश्यक रकमको व्यवस्था गरेको। | डिभिजन वन कार्यालय, चितवन मार्फत कार्यान्वयनमा रहेको। |
| ११० | रामायण (दोलखा- जनकपुर) सर्किट, बागमती प्रदेशका ११ जिल्लामा रहेका पशुपतिसँग सम्बन्धित ६४ वटा ज्योतिर्लिङ्ग यात्रा सर्किट अध्ययनको लागि रकम विनियोजन गरेको। आन्तरिक पर्यटन प्रवर्द्धन तथा प्रदेशमा गुणस्तरीय पर्यटकलाई मध्यनजर गरी स्किइङ्ग र गल्फको अध्ययनका लागि रकमको व्यवस्था गरेको। | अध्ययन कार्य जारी रहेको। |
| १११ | संरक्षित क्षेत्र बाहिर गैंडा, सालक र रेडपाण्डा लगायत लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र तिनको वासस्थान संरक्षणका लागि बजेट प्रस्ताव गरेको। वन्यजन्तु | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। मकवानपुर र काठमाडौंमा भेटेनरी प्राविधिक |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | उद्धारका लागि मकवानपुर र काठमाडौंमा द्रुत उद्धार टोलीको व्यवस्था गरी परिचालनका लागि रकम व्यवस्था गरेको। | सहितको द्रुत उद्धार टोली गठन गरिएको। |
| ११२ | लेकाली क्षेत्रको वन, वन्यजन्तु र वनस्पति संरक्षणका साथै उक्त भेगका जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउन उपल्लो धादिङको वनलाई संरक्षित वनको रूपमा व्यवस्थापन गर्न रकम विनियोजन गरेको। | डिभिजन वन कार्यालय मार्फत कार्य भइरहेको। |
| ११३ | जडिबुटीको व्यावसायिक खेती विस्तारका लागि पकेट क्षेत्रमा जडिबुटी खेती गर्ने र सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा निजी, सहकारी, समूह तथा समुदायको सहयोगमा जडिबुटी फर्म संचालन गर्ने। | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। |
| ११४ | टिमुर, अमला, सतुवा, चिराइतो, लौठसल्ला जस्ता प्रजातिको कम्तीमा २०० रोपनी क्षेत्रफलमा जडिबुटी खेती गर्ने गरी १९ वटा प्लट खेती गर्न आवश्यक बजेट विनियोजन । यो कार्यक्रमबाट ७,२०० रोपनीमा जडिबुटी खेती हुने। यो कार्यबाट १४,४०० नागरिकले अल्पकालीन रोजगारी प्राप्त गर्ने अनुमान । | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। |
| ११५ | समूह, समुदाय, सहकारी, निजी, कम्पनी वा फर्मको साझेदारीमा खेर गएको खाली जमिनमा निजी वन विकासका लागि कम्तीमा १० हेक्टरको प्लट बनाई व्यावसायिक वन विरुवा तथा फलफूल रोपण गर्ने । भित्री मधेस तथा पहाडी क्षेत्रमा नमुना कृषि वन फर्म संचालन गर्ने । | डिभिजन वन कार्यालय मार्फत सञ्चालनमा रहेको। । |
| ११६ | गरिबमुखी कबुलियती वन विकास कार्यक्रमको प्रभावकारिताका लागि गरिब समुदायको आयमा वृद्धि गर्न कृषि तथा वन कार्यालयको समन्वयमा कागती, लिची, जुनार लगायतका फलफूल रोपण कार्यक्रम संचालन गर्ने। | डिभिजन वन कार्यालय मार्फत कार्यान्वयन भइरहेको। |
| ११७ | काठमाडौं र मकवानपुरमा हाइटेक नर्सरी स्थापनालाई निरन्तरता दिने। भू तथा जलाधार संरक्षण कार्यालय | १५ वटै डिभिजन वन कार्यालय र वन निर्देशनालयमा नर्सरी स्थापना भएको। |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | अन्तरगत वृहत बाँस नर्सरी र हरेक जिल्लामा कम्तीमा एक केन्द्रीय नर्सरी स्थापना गरी गुणस्तरीय वहुवर्षीय विरुवा उत्पादन गर्ने। | |
| ११८ | स्थानीय तह, सहकारी तथा समुदायको सहकार्यमा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा नरम काठ उद्योगका लागि काष्ठ सिजनिङ तथा ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने।। | उद्योग दर्ता भई आवश्यक प्रक्रिया अगाडि बढेको । |
| ११९ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन कार्यक्रम अन्तर्गत जलपुनर्भरण रिचार्ज पोखरी, विभिन्न प्रजातिको वृक्षारोपण, वन डढेलो नियन्त्रण लगायतका कार्यक्रम संचालन गर्ने। | डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत कार्यान्वयन भइरहेको |
| १२० | समुदायको सहभागितामा वन तथा जैविक विविधताको दिगो संरक्षण गर्दै वन पैदावारको उचित सदुपयोग र व्यवस्थापन गर्न सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, धार्मिक तथा निजी वन विकास कार्यक्रमलाई निरन्तरता दिने। समुदायद्वारा व्यवस्थापन भै रहेका ३४९ वटा सामुदायिक वन तथा २८० वटा कवुलियती वनको कार्ययोजना पुनरावलोकनका लागि रु. १० करोड १२ लाख विनियोजन । | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। |
| १२१ | निजी तथा राष्ट्रिय वनबाट बीस लाख घनफिट काठ उत्पादन हुने लक्ष्य लिई काठको उत्पादन वृद्धिका लागि सिल्भिकल्चरमा आधारित वन व्यवस्थापन प्रणाली अनुसारको १६२ वटा सामुदायिक वनको कार्ययोजना कार्यान्वयनमा सहयोग गर्ने। सिल्भिकल्चरमा आधारित वन व्यवस्थापन प्रणालीबाट १,१५४ जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान । | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। |
| १२२ | प्राकृतिक प्रकोप व्यवस्थापन, विकासका पूर्वाधार संरक्षण तथा भू उत्पादकत्व वृद्धिका लागि भू तथा जलाधार व्यवस्थापन कार्यक्रमका लागि एकमुष्ट रु. ३७ करोड विनियोजन । | डिभिजन वन कार्यालयहरू मार्फत कार्यान्वयन भइरहेको। |

## ६. सङ्कलन भएको राजस्व

(रकम रु. हजारमा)

| क्रसं. | राजस्व शी . .नं | राजस्व शीर्षक | सङ्कलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३३३११ | मु.अ.कर-उत्पादन | २,३९२.२५ | |
| २ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | ११५.६१ | |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,६७३.२९ | |
| ४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १३४३.४८ | |
| ५ | १४३१३ | धरौटी सदरस्याहा | ० | |
| ६ | १४२५३ | व्यवसाय रजिष्ट्रेसन शुल्क | २०७,७४४.६५ | |
| ७ | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० | |
| ८ | १५१११ | बेरुजु | ७९०.०७ | |
| ९ | १४२६४ | प्रदेश सेवा शुल्क | ४,१७४.३८ | |
| १० | ३३३६१ | राजस्व | ३३,०३१.७३ | |
| ११ | ३३३१७ | मु.अ.कर | ९,०८३.४५ | |
| | **जम्मा** | | **२६३,३४८.९१** | |

*स्रोत: उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय*

## ७. आ.व. २०७७/०७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्य

- रा. बा. वैङ्क र मन्त्रालय वीच युवा उद्यमी कार्यक्रमका लागि सहुलियत ऋण सम्झौता
- ८७० वटा Startup idea संकलन
- नेपाल टेलिभिजनसँग उद्यमी संवाद कार्यक्रम संचालनका लागि सम्झौता
- भिमफेदी हात्तीसार संग्राहलय निर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकारवाट हस्तान्तरण
- उपत्यकाका ३ वटा जिल्लामा वाणिज्य दर्ता शुरु

### अन्य परिमाणात्मक कार्यहरू:

| क्र.स | कार्यहरू | परिमाण |
|---|---|---|
| १ | नयाँ उद्योग दर्ता | ७४७३ |
| २ | उद्योग नवीकरण | ५५३९ |
| ३ | नयाँ वाणिज्य फर्म दर्ता | २४६७ |
| ४ | वाणिज्य फर्म नवीकरण | ३९६७ |

| क्र.स | कार्यहरू | परिमाण |
|---|---|---|
| ५ | पर्यटन व्यवसाय दर्ता | १८३५ |
| ६ | पर्यटन व्यवसाय नवीकरण | २ |
| ७ | सामुदायिक वन नविरकण | ८१ |
| ८ | कबुलियती वन नवीकरण | ७१ |
| ९ | नयाँ निजी वन दर्ता | ८ |
| १० | काठ उत्पादन (घनफिट) | - |
| ११ | भू संरक्षण उपभोक्ता समूह गठन | २८२ |
| १२ | भू संरक्षण संरचना निर्माण कि.मि. | ९२३४ |
| १३ | वन अपराध नियन्त्रण | १०३ |
| १४ | राजस्व संकलन (करोड) | २६.३३ |
| १५ | बजार अनुगमन | १६४ |
| १६ | साझा सुविधा केन्द्र/ वजार घर सम्झौता | २१ |
| १७ | कोसेली घर निर्माण सम्झौता | ७ |
| १८ | उद्योग ग्राम ठेक्का सम्झौता | ३ |
| १९ | औद्योगिक क्षेत्र ठेक्का सम्झौता | १ |
| २० | वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत | ४ |
| २१ | प्रविधि हस्तान्तरण निवेदन संकलन | ३२३९ |
| २२ | सीपमूलक तालिम सहभागी छनोट | २०० |
| २३ | नर्सरी निर्माण | १४ |
| २४ | वहुवर्षीय विरुवा उत्पादन | २ लाख ७० हजार |
| २५ | जम्मा विरुवा उत्पादन | १८ लाख ७० हजार |
| २६ | पर्यटन पूर्वाधार | ९२ |

*स्रोतः उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय*

## ८. आ.व. २०७७/०७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरणः

- प्रविधि हस्तान्तरण कार्यविधि, २०७७
- वन पैदावारमा आधारित उद्योग स्थापना दुरी मापदण्ड, २०७७
- वातावरण संरक्षण ऐन, २०७७
- प्रदेश पर्यटन विधेयक

- कार्यक्रम संचालन कार्यान्वयन कार्यविधि (क्षेत्रगत/कार्यक्रमगत),२०७७- ११ वटा

## ९. विनियोजित रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारणहरुः

- वन व्यवस्थापनमा विनियोजित बजेट नेपाल सरकारको निर्णयवाट कार्यान्वयनमा रोक
- सम्झौता भएका आयोजनाहरूको भुक्तानी दिन बाँकी
- पर्याप्त जनशक्तिको अभाव
- जग्गा प्राप्तिमा ढिलाई
- ब्यवसायीहरूबाट समयसीमा पालना नहुनु

## १०. आगामी कार्यदिशाः

- सम्झौता भएका आयोजनाहरू समयमै सम्पन्न गरिने।
- यो वर्ष सम्झौतामा ढिलाइ भएका आयोजनाहरू बहुवर्षीयका लागि अनुरोध गरिने।
- सरोकारवालाहरूसँग निरन्तर समन्वय र सहकार्य गरिने
- ठूला बजेट विनयोजन भएका आयोजनाको मन्त्रालयले निरन्तर प्रगति माग गर्ने।
- सघीय सरकारसँग समन्वय गरिने
- खर्च नहुने बजेट फाल्गुन मसान्त भित्र समर्पण गर्ने।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमिः

कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्र हो। राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि क्षेत्रको विकास महत्त्वपूर्ण हुन्छ। बागमती प्रदेशमा कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको विकास र समृद्धिको लागि यस मन्त्रालयलाई कार्य जिम्मेवारी तोकिएको छ। पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब १२.३१ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा ३०.९८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्त्व छ। उत्पादनका साधनको रूपमा रहेको प्रचुर जमिन र दुई तिहाइ उत्पादक शक्तिको रूपमा रहेको किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ। यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात गरी समाजको अग्रगामी रूपान्तरणको दिशामा अघि बढ्नु आजको टड्कारो आवश्यकता बनेको छ।

नेपाल विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको सदस्य राष्ट्र भएपश्चात् त्यस्तो राष्ट्रका हैसियतले कृषि तथा पशु विकास क्षेत्रमा पूरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपन्छी विकासका कार्यहरू गर्नुपर्ने देखिन्छ। त्यस्तै दिगो विकासको भोक अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न कृषि तथा पशुपन्छी विकास कार्यक्रमको ठूलो भूमिका रहन्छ। कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रूपमा वृद्धि गरी देशलाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सकिने आवश्यकता र सम्भावना छ। यसबाट देशको आर्थिक वृद्धिमा योगदान पुग्ने मात्र नभई समावेशी रूपमा आर्थिक वृद्धिको प्रतिफल जनताहरूमा पुऱ्याउन सकिने अवसर पनि रहेको छ। सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक बिकासमा योगदान पुर्याउनु सहकारीको मुख्य उद्देश्य हो। गरीबी निवारण, उत्पादक, पूर्ण रोजगारी सिर्जना, सामाजिक एकीकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्त्वपूर्ण रहेको छ।

नेपालको संविधान अनुसार सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक प्रयोग गर्ने र कृषि तथा भूमिसुधार सम्बन्धि नीति अवलम्वन गरी भूमि व्यवस्थापन, भूमि प्रशासन, जग्गा नापजाँच, भूमि सुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून, तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमनको आवश्यकता रहेको छ।

## २. दीर्घकालीन सोचः

- भूमि, कृषि तथा सहकारी क्षेत्रको दिगो विकास, खाद्य सम्प्रभुता, आत्मनिर्भर र समृद्ध प्रदेश।

## ३. उद्देश्यः

- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गरी खाद्य र पोषण सुरक्षा सहित उद्योग प्रवर्द्धन गरी निर्यात गर्ने अवस्था सिर्जना गर्ने।
- एकीकृत कृषि, पशु सेवा, भूमि र सहकारी क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गरी बृहत्तर उत्पादन क्षेत्र बनाउने।
- एकल महिला, जनजाति, आदिवासी, दलित लगायत पिछडिएको समुदायमा लक्षित भूमि, कृषि, तथा सहकारी सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।
- चक्लाबन्दी गरी समग्रमा कृषिको उत्पादन र उत्पादकत्व बढाउने।
- "One Health Approach" मा आधारित वातावरण विकास तथा पशुपन्छी रोग न्यूनीकरण गर्ने।
- स्थानीय र रैथाने जातका कृषि उपज तथा पशुपन्छीको संरक्षण र प्रवर्द्धन गरी जैविक विविधताको संरक्षण एवम् उपयोग गर्ने।

## ४. रणनीतिः

- दिगो भूमि व्यवस्थापन, कृषि र सहकारीको माध्यमबाट प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर वनाई उच्च र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने।

## ५. कार्यजिम्मेवारीः

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन
- कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर
- कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा

प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण

- कृषि मल, बिउ र बिषादी आपूर्ति व्यवस्था र नियमन
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन
- कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन
- कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण,खारेजी र नियमन
- सामूहिक खेती, करार खेतीको कार्यान्वयन र प्रवर्द्धन
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- कृषि तथा पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषण तत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री बितरणको अनुमति, अनुगमन र नियमन
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भूउपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन
- जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- नेपाल सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेश भित्रका नापनक्सा र अभिलेखको व्यवस्थापन
- नापनक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना
- क्रमबद्ध कित्ता नापी र भूमि लागत सम्बन्धी मापदण्ड र कार्यान्वयन
- भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय
- गरबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र

नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण

- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य
- सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण:

**(रकम रु, हजारमा)**

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १ | ३१२०००११ | ३१२००३२०१ / भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १८८०४३ | ६२५५०० | १९१४७ | २२७४७९ | १०.२ | ३६.४ |
| २ | ३१२०००१२ | ३१२००३२०२ / प्रदेश दुग्ध विकास बोर्ड | ८०५५९ | ८९७०५ | २४५१ | २९९९२ | ३ | ३३.४ |
| ३ | ३१२०१०११ | ३१२०१३२०१ कृषि विकास निर्देशनालय | ५३९०७२ | ९९५७० | १०७०६ | ३६०४ | २ | ३.६ |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| ४ | ३१२०२०११ | ३१२०२३२०१ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २१६८३० | २०५७० | ७५३२ | ५६७ | ३.५ | २.८ |
| ५ | ३१२०३०११ | ३१२०३३१०१ सहकारी प्रशिक्षालय, भरतपुर | २०१४२ | ४८६० | ५७३९ | १४.५० | २८.५ | ०.३ |
| ६ | ३१२०१०१२ | ३१२०१३४०१ कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, ललितपुर | २२०५० | ६८८७ | ६०१२ | ११११ | २७.३ | १६.१ |
| ७ | ३१२०१०१३ | ३१२०१२९०२ कृषि ज्ञान केन्द्र, नुवाकोट | १०२४३६ | १३९० | ४८२९ | ४७७.८१ | ४.७ | ३४.४ |
| ८ | | ३१२०१३००१ कृषि ज्ञान केन्द्र, धादिङ्ग | ६५९५४ | ८५० | ५०७६ | ५४५ | ७.७ | ६४.१ |
| ९ | | ३१२०१३४०४ कृषि ज्ञान केन्द्र, ललितपुर | ११७६०१ | ३४०० | ७६६० | १००० | ६.५ | २९.४ |
| १० | | ३१२०१२६०२ कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक | १०४६४९ | ९५० | ६९६० | ३१९ | ६.७ | ३३.६ |
| ११ | | ३१२०१२४०१ कृषि ज्ञान केन्द्र, रामेछाप | १११०२५ | ५०९५ | ४७४६ | ५०६४ | ४.३ | ९९.४ |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १२ | | ३१२०१२५०२ कृषि ज्ञान केन्द्र, सिन्धुली | ६९९५८ | ९०० | ४३३६ | ८०६ | ६.२ | ८९.६ |
| १३ | | ३१२०१३१०२ कृषि ज्ञान केन्द्र, चितवन | १३६४०५ | २८५ | ४०६६ | १८० | ३.० | ६३.२ |
| १४ | ३१२०१०२४ | ३१२०१३३०१ व्यवसायिक ग्रेनेज केन्द्र, भक्तपुर | १३३६५ | ५३०० | ४८१७ | ५०८ | ३६.० | ९.६ |
| १५ | ३१२०१०१० | ३१२०१३१०३ मौरी पालन विकास कार्यक्रम, चितवन | २९५०४ | १०६५० | ३७७२ | २१२.६ | १२.८ | २.० |
| १६ | ३१२०१०१३ | ३१२०१२५०१ कन्दमुल तरकारी विकास केन्द्र, सिन्धुली | १६५९८ | ६९६१ | ४५८१ | ० | २७.६ | ०.० |
| १७ | ३१२०१०१४ | ३१२०१२६०१ मसला बाली विकास केन्द्र, काभ्रेपलान्चोक | ४८३६६ | १८८१९ | ५७७६ | २४३५ | ११.९ | १२.९ |
| १८ | ३१२०१०२५ | ३१२०१३००२ प्रजनन पिढी विजकोया स्रोत केन्द्र, घादिङ्ग | १८६१४ | ७३८० | ९२८८ | ४२७८ | ४९.९ | ५८.० |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १९ | ३१२०१०१७ | ३१२०१३१०१, किम्वु नर्सरी विकास केन्द्र, चितवन | १६६५४ | ५६६६ | ८१८८ | ५१४२ | ४९.२ | ९०.८ |
| २० | ३१२०१०१५ | ३१२०१३४०२ पुष्प विकास केन्द्र, ललितपुर | १७६६२ | २०७०० | ६०५६ | ३७१ | ३४.३ | १.८ |
| २१ | ३१२०१०१८ | ३१२०१२९०१ उपोष्ण प्रदेशिय वागबानी विकास केन्द्र, नुवाकोट | २१७९३ | ७२५६ | ७०८६ | २७४ | ३२.५ | ३.८ |
| २२ | ३१२०१०१९ | ३१२०१२३०१ शितोष्ण फलफुल रुटस्टक विकास केन्द्र, दोलखा | २०६३४ | १२०७५ | ५६५७ | ० | २७.४ | ०.० |
| २३ | ३१२०१०१६ | ३१२०१३२०२ शितोष्ण बागबानी नर्सरी केन्द्र, मकवानपुर | १९१४४ | ७०८५ | ३३७७ | ६६८ | १७.६ | ९.४ |
| २४ | ३१२०१०२० | ३१२०१३२०३ माटो तथा मल परीक्षण प्रयोगशाला मकवानपुर | १६२८४ | ५३६२ | ३५८४ | ४०९ | २२.० | ७.६ |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| २५ | ३१२०१०२१ | ३१२०१३२०४ वीउ विजन प्रयोगशाला मकवानपुर | १६९५४ | ५८८० | २४०३.१ | ४८६ | १४.२ | ८.३ |
| २६ | ३१२०१०२२ | ३१२०१३४०३ बाली संरक्षण प्रयोगशाला, ललितपुर | १७६६९ | ११५० | ३१५३.८ | ६०८ | १७.८ | ५२.९ |
| २७ | ३१२०२०१५ | ३१२०२२९०१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | १७३९७ | १९१५ | ५२४० | ७५.०० | ३०.१ | ३.९ |
| २८ | | ३१२०२३००१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ्ग | १६१३१ | ६०१० | ४७८८ | ४६७८ | २९.७ | ७७.८ |
| २९ | | ३१२०२३४०२ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर | २८४८३ | ७८५० | ५५४७ | ४७५० | १९.५ | ६०.५ |
| ३० | | ३१२०२२६०१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलान्चोक | १८७९० | २४७५ | ५४४१ | २७५.०० | २९.० | ११.१ |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| ३१ | | ३१२०२२३०१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा | १७६९५ | १७९५० | ४३७२ | १५०.०० | २४.७ | ०.८ |
| ३२ | | ३१२०२२५०१ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुली | २९९७० | ३६९० | ६२०४.५ | १७७२.९६ | २०.७ | ४८.० |
| ३३ | | ३१२०२३२०४ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर | १८७६१ | ६१७० | ५११८ | २५४८ | २७.३ | ४१.३ |
| ३४ | | ३१२०२३१०२ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | ५०२०४ | ९४५५ | ५१११ | ८८० | १०.२ | ९.३ |
| ३५ | ३१२०२०१२ | ३१२०२३४०१ पशु सेवा तालिम केन्द्र, ललितपुर | २१५९७ | १५१५ | ४४४१ | १२०१ | २०.६ | ७९.३ |
| ३६ | ३१२०२०१३ | ३१२०२३२०२ बाख्रा विकास फार्म चित्लाङ्ग | २०४४५ | ७६०० | ६५९४ | ८३५ | ३२.३ | ११.० |

| क्र.सं. | ब.उ.शी.नं. | स.ब.उ.शि.नं./ कार्यालयको नाम | बजेट | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| ३७ | ३१२०२०१४ | ३१२०२३२०३ मत्स्य विकास केन्द्र, कुलेखानी | १३४९३ | २६१५ | ३४१६ | १२१० | २५.३ | ४६.३ |
| ३८ | | ३१२०२३१०१ मत्स्य विकास केन्द्र, भन्डारा | १७८५५ | १७११० | ७०३७ | १२१२ | ३९.४ | ७.१ |
| | | जम्मा | २३१८७८६ | १०५८६०१ | २२०३०८ | ३०६१३८ | ९.५ | २८.९ |

स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## ७. आ.व.२०७७/७८ मा सञ्चालनमा रहेका बहुवर्षीय आयोजनाको प्रगति विवरण:

(रकम रु.हजारमा)

| क्र.सं. | कार्यालय को नाम | आयोजनाको नाम | कुल अवधी | कुल लागत | गत आ.व. सम्मको खर्च | आ.व.२० ७७/७८ को | | आ.व.२० ७७/७८ को प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक | वित्तीय | |
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीत भण्डार निर्माण | २ वर्ष | ११७३००० | ३२२६११ | ३५०००० | २०७९८३ | ३० | ५९.४२ | |
| २ | | कृषि तालिम केन्द्र भवन निर्माण | ३ वर्ष | १४१००० | ५८५९५ | ५५००० | १५३२२ | ७० | २८.४ | |

| क्र.सं. | कार्यालय को नाम | आयोजनाको नाम | कुल अवधी | कुल लागत | आ.व. सम्मको | आ.व.२०७७/७८ को | | आ.व.२०७७/७८ को प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | कृषि तथा बन विश्वविद्यालयमा बि.एस्.एल्. ल्याव स्थापना | ३ वर्ष | १६३८४१ | ० | २०००० | | | ० | मन्त्रालय र विश्वविद्यालय बीच २०७७/१०/०५ गते MOU सम्पन्न भै बोलपत्र आह्वानको क्रममा रहेको |
| ४ | प्रदेश दुग्ध विकास बोर्ड | मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण | ३ वर्ष | ४५५४९४ | ० | ७०००० | | | ० | २०७७ पुस १६ गते माननीय मुख्यमन्त्री ज्यूबाट शिलान्यास भई निर्माणको चरणमा |
| ५ | प्रदेश दुग्ध विकास बोर्ड | नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट- क्याटवरी र चकलेट सहित निर्माणमा सहकारी। निजी क्षेत्र। स्थानीय तहसँगको ३० प्रतिशत लागत सहभागितामा निरन्तरता (चितवन जिल्ला) | २ वर्ष | २४५४५९ | ० | ३०००० | | | ० | सम्झौता भई बोलपत्र आह्वानको चरणमा रहेको |
| ६ | कृषि विकास निर्देशनालय | हेटौंडा उपमहानगरपालिका सँगको सहकार्यमा प्रादेशिक कृषि थोक बजार निर्माण | ३ वर्ष | ४१६२८१ | ० | ५२००० | | | ० | बोलपत्र आह्वान भएको |

*स्रोत: भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय*

## ८. अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त आयोजनाको प्रगति:

समपूरक अनुदानतर्फ र विशेष अनुदान तर्फ यस मन्त्रायलमा कुनै योजना कार्यक्रम नरहेको।

<u>सशर्त अनुदान तर्फ</u>

**(रकम रू. हजारमा)**

| क्र.सं. | सब.ब.उ.शी.नं. | कार्यालयको नाम | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१२००३२०१ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौंडा | २३०० | ६२१ | २७.० |
| २ | ३१२०१३२०१ | कृषि विकास निर्देशनालय, हेटौंडा | १७०० | ० | ०.० |
| ३ | ३१२०२३२०१ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा | ३०० | ० | ०.० |
| ४ | ३१२०१२९०२ | कृषि ज्ञान केन्द्र, नुवाकोट | ५२९६० | ८०.०० | ०.२ |
| ५ | ३१२०१३००१ | कृषि ज्ञान केन्द्र, घादिङ्ग | ४२०५० | २४३.०० | ०.६ |
| ६ | ३१२०१३४०४ | कृषि ज्ञान केन्द्र, ललितपुर | ६४४१० | ३३५.०० | ०.५ |
| ७ | ३१२०१२६०२ | कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोक | ६८२६० | ०.०० | ०.० |
| ८ | ३१२०१२४०१ | कृषि ज्ञान केन्द्र, रामेछाप | ५३२१० | ०.०० | ०.० |
| ९ | ३१२०१२५०२ | कृषि ज्ञान केन्द्र, सिन्धुली | २९५५० | ४८.०० | ०.२ |
| १० | ३१२०१३१०२ | कृषि ज्ञान केन्द्र, चितवन | ४७४६० | १३७५.०० | २.९ |
| ११ | ३१२०२२६०१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रेपलान्चोक | १०२७० | ६०.४ | ०.६ |
| १२ | ३१२०२२५०१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुली | ३१९५ | ५८.८ | १.८ |
| १३ | ३१२०२३२०४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर | १०२६५ | ० | ०.० |
| १४ | ३१२०२३१०२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | १०२७० | ४० | ०.४ |
| | | **जम्मा** | **३९६२००** | **२८६१** | **०.७** |

*स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

## ९. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्त सम्मको प्रगति विवरण

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ७० | प्रदेशका १३ वटै जिल्लामा दूध उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न प्रदेशभित्र उत्पादित दूधमा प्रति लिटर २ रुपैयाँका दरले दुग्ध कृषककै खातामा जम्मा हुने गरी रु १६ करोड बजेट विनियोजन । | उत्पादनका आधारमा अनुदान वितरणका लागि दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट आवेदन संकलन कार्य भइरहेको। |
| ७१ | संरक्षित कृषि, सुनिश्चित बचतको नाराको साथ नेपालको संविधानमा उल्लेखित खाद्य सुरक्षाको हक कार्यान्वयन गर्न संघीय सरकार तथा स्थानीय तह समेतको समन्वय र सहकारितामा किसानद्वारा उत्पादित धान, मकै, गहुँ, कोदो, फापर, आलुमा न्यूनतम बचत ग्यारेन्टी सहितको न्यूनतम समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन। | अध्ययन कार्य अन्तिम चरणमा पुगेको। |
| ७२ | कृषि, पशुपन्छी र मत्स्यपालनमा निरन्तर लागिरहेका कृषकहरूको आत्मसम्मान र पहिचानका लागि किसान परिचयपत्र वितरण। | नेपाल सरकारबाट कृषक परिचयपत्र नमुना तयारी कार्य भइरहेको। |
| ७३ | कृषकका विक्री नभएका कृषि उपज मध्ये दलहन, तेलहन तथा खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्यमा खरिद गरी भण्डारण गर्ने उद्देश्यका लागि १३ वटै जिल्लामा एक पालिका एक खाद्यान्न भण्डारण स्थापना गर्ने। | स्थानीय तहलाई बजेट पठाइएको तथा निर्माणको क्रममा रहेको। |
| ७४ | कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य र पोषण सुरक्षामा टेवा पुऱ्याउनका लागि १३ वटै जिल्लाका कृषकहरू लाभान्वित हुने गरी मुख्य खाद्यान्न बाली - धान, मकै र गहुँको उत्पादनमा आधारित उन्नत बीउमा प्रति के.जि. २० रुपैयाँको दरले प्रोत्साहन दिने। | आवेदन संकलन तथा स्थलगत निरीक्षण कार्य सम्पन्न भै अनुदान वितरणको क्रममा रहेको। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ७५ | सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका वडा नं ४ हाकपारा जुटपानीमा स्थानीय तहसँगको सहकार्यमा प्रदेश सरकारले संचालन गर्ने गरी एकीकृत नमूना कृषि फार्म स्थापना। | स्थानीय तहसँग चरणबद्ध छलफल भइरहेको। |
| ७६ | चितवनको माडी, सिन्धुलीको दुधौली, नुवाकोटको लिखु, पञ्चकन्या र सिन्धुपाल्चोकको इन्द्रावती, मेलम्चीमा गरी दुई हजार बिघामा सञ्चालित सामूहिक खेती प्रवर्द्धन कार्यक्रमलाई थप विस्तार गर्नका लागि बजेट व्यवस्था तथा दोलखा जिल्ला गौरीशंकर गाउँपालिकाको सुलिमा २,५०० रोपनीमा नयाँ सामूहिक खेतीको सुरुवात । | सामूहिक खेती प्रवर्द्धन कार्यक्रमको निरन्तरताको लागि सम्झौता भई कार्यक्रम संचालन भैरहेको। गौरीशंकर गाउँपालिकाको सुलिमा नयाँ सामूहिक खेतीको सुरुवातका लागि साझेदारसँग सम्झौता गरी कार्यक्रम भइरहेको। |
| ७७ | बागमती प्रदेशमा बाँझो रहन गएको खेतीयोग्य जग्गामा अन्नबाली, फलफूल, तरकारी, आलु, मसला बाली, नगदे बाली, कन्दमुल, मोरीङ्गा, ड्रागन फ्रुट, घाँस लगायतका बालीको खेती गर्न इच्छुक कृषकका लागि खेती गरिएको जग्गाको क्षेत्रफल विस्तार गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन। | बाँझो जग्गाको विवरण संकलन कार्य सम्पन्न गरी प्रोत्साहन रकम कृषि ज्ञान केन्द्रहरूमा पठाइएको। |
| ७८ | नेपाल सरकारको सहयोग र समन्वयमा प्रदेशका ११९ वटै स्थानीय तहमा कृषकको चाहना र भौगोलिक उपयुक्तताका आधारमा दुई/दुई वटा कृषि, पशुपन्छीका पकेट र प्रत्येक स्थानीय तहमा एक/एक वटा कृषि, पशुपन्छी ब्लक संचालन । | ब्लक संचालनका लागि ब्लक छनोट तथा क्षेत्र निर्धारण कार्य भइरहेको। |
| ७९ | प्रदेशका ११९ वटै स्थानीय तहमा एक/एक वटा माटो परीक्षण प्रयोगशाला स्थापना। | प्रति स्थानीय तह पाँच लाखका दरले बजेट पठाइएकोमा प्रयोगशाला स्थापनाको क्रममा रहेको। |
| ८० | चितवन, धादिङ, मकवानपुर, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा, नुवाकोट, रसुवा जिल्लामा निर्माणाधीन शीत भण्डारहरू आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने। | धादिङनिर्माणाधीन १२ शीत भण्डारहरूको ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको तथा द्रुत गतिमा काम भइरहेको। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ८१ | कृषि उत्पादनको मूल आधार, अनुसन्धान शिक्षा र प्रसार भन्ने अवधारणालाइ कार्यान्वयनमा लैजान कृषि तथा वन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई कृषकको खेतबारीमा पुऱ्याइ अनुसन्धान र सीप ज्ञानको उच्चतम प्रयोग गर्न अनुसन्धान फेलोसिप। | कृषि तथा वन विश्वविद्यालय तथा त्रिभुवन विश्वविद्यालयमा कृषि अध्ययनरत विद्यार्थीलाई अनुसन्धान फेलोसिप गर्न सम्झौता सम्पन्न। |
| ८२ | कृषि, पशुपन्छी तथा मत्स्य फार्म केन्द्रहरूलाई व्यापक सुधार गरी हाल भइरहेको उत्पादन क्षमतालाई दोब्बर बनाउन र किसानहरूलाई सर्वसुलभ ढंगबाट बिउ/बेर्ना/माछाको भुरा/बाख्राको ब्रिड उपलब्ध गराउने। | फार्महरूको सुदृढीकरण कार्य भइरहेको। |
| ८३ | छरिएर रहेको श्रम, सीप, पुँजी एवम् स्रोतलाई एकीकृत गर्दै आर्थिक समृद्धिका क्रियाकलापमा केन्द्रित गर्न सहकारीमा रहेको बचतलाई उद्योग व्यवसायमा लगानी गर्न प्रोत्साहनका लागि साना किसान सहकारी संस्था र विषयगत सहकारी संस्थाहरूलाई मागको आधारमा व्यवसाय प्रवर्द्धन/सुदृढीकरण। | सहकारी प्रशिक्षालय भरतपुर मार्फत सहकारीमा आबद्ध पदाधिकारीहरूलाई क्षमता अभिवृद्धि तालिम तथा मागको आधारमा व्यवसाय प्रवर्द्धन तालिम प्रदान गरिएको। |
| ८४ | कृषि उपजहरूको उत्पादनोपरान्त हुने क्षतिको न्यूनीकरण तथा सुरक्षित भण्डारण गर्न आवश्यकताको आधारमा स्थानीय तहको साझेदारी/समन्वयमा समूह, सहकारी तथा निजी क्षेत्रबाट संचालन गर्ने गरी १३ वटै जिल्लामा ५० प्रतिशत साझेदारीमा फेब्रिकेटेड कोल्ड च्याम्बर, कृषि उपज संकलन केन्द्र तथा रष्टिक हाउस निर्माण। | ३८ वटा फेब्रिकेटेड कोल्ड च्याम्बर निर्माणको लागि आवेदन संकलन कार्य सम्पन्न भै स्थलगत निरीक्षणको क्रममा रहेको, कृषि उपज संकलन केन्द्र तथा रष्टिक हाउस निर्माण कार्यक्रम संचालनको क्रममा रहेको। |
| ८५ | रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको उपयोगमा वृद्धि गर्न १३ वटै जिल्लामा कृषकहरूले प्रयोग गर्ने प्राङ्गारिक मलमा प्रोत्साहन गर्नका लागि भकारो सुधार कार्यक्रमलाई प्राथमिकता। | भकारो सुधार तथा भर्मिकम्पोष्ट निर्माण कार्य भइरहेको। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ८६ | प्रांगारिक खेती पद्धतिलाइ विस्तार एवम् प्रवर्द्धन गर्न पाइलटिङ्गको रूपमा सिन्धुली जिल्लाको दुधौली र चितवन जिल्लाको माडीमा अर्गानिक पकेट क्षेत्र पहिचान गरी कार्यक्रम कार्यान्वयन। | सिन्धुलीको दुधौली र चितवनको माडीमा अर्गानिक पकेट क्षेत्र कार्यक्रम संचालन भइरहेको। |
| ८७ | तरकारीमा आत्मनिर्भर हुन र देश भित्र बढ्दो मागलाई सम्बोधन गर्दै तरकारीको उत्पादकत्वलाई दोब्बर बनाउन बागमती प्रदेशको १३ वटै जिल्लामा स्थानीय तहको साझेदारीमा सहकारी मार्फत प्रविधियुक्त संरक्षित संरचनामा आधारित तरकारी खेतीलाई विस्तार। | आवेदन संकलन कार्य सम्पन्न भै स्थलगत निरीक्षण तथा मुल्यांकनको क्रममा रहेको। |
| ८८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र चाइना एकेडेमी अफ एग्रिकल्चर मेकानाइजेसन साइन्सबीच भएको समझदारी अनुसार दुग्ध विकास कार्यक्रम मार्फत् गरिबी निवारण नामक परियोजना संचालनका लागि प्रदेश दुग्ध विकास वोर्ड मार्फत सेयर लगानी । | बोर्ड मार्फत अध्ययन भइरहेको। |
| ८९ | मकवानपुर जिल्लाको चित्लाङ्गमा रहेको बाख्रा विकास फार्मको स्तरोन्नति गर्दै सानन् जातका दूधालु बाख्रा विकासमा जोड दिंदै बाख्राको दूधवाट वनेको चिज उत्पादनमा टेवा पुऱ्याउने र आगामी दिनमा उक्त फार्मलाइ एकीकृत फार्मको रूपमा स्थापित गर्न भेडापालन, खरायो पालन कार्यको सुरुवात। | बाख्रा विकास फार्म, चित्लाङ्गको स्तरोन्नति भैरहेको, भेडापालन कार्यको सुरुवातका लागि भेडाको लागि गोठ निर्माण भैरहेको तथा खरायो पालन कार्यको सुरुवात भएको। |
| ९० | काभ्रेपलाञ्चोक, चितवन, मकवानपुर, सिन्धुली लगातयतका जिल्लामा १०० हेक्टर क्षेत्रफलमा नयाँ पोखरी निर्माण गरी यान्त्रीकरण सहितको बृहत्तर मत्स्य विकास तथा विस्तार कार्यक्रम सञ्चालन। | प्राप्त प्रस्तावको स्थलगत निरीक्षण कार्य भइरहेको। |
| ९१ | डिप बोरिङ्ग, स्यालो बोरिङ्ग, लिफ्ट सिंचाइ, सोलार सिंचाइ कार्यक्रम सञ्चालन गरी सिंचित क्षेत्र विस्तार, माछापालन गर्दा खपत हुने विद्युत | डिप बोरिङ्ग, स्यालो बोरिङ्ग, लिफ्ट सिंचाइ कार्यक्रम मूल्याङ्कनको क्रममा रहेको, सोलार सिंचाइ कार्यक्रमको |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | महसुलमा ५० प्रतिशत छुट सुविधा उपलब्ध गराउने । | आवेदन संकलन कार्य भैरहेको, माछापालन गर्दा खपत हुने विद्युत महसुलमा छुट सुविधाकालागि आवेदन संकलन, निरीक्षण सम्पन्न भई अनुदान वितरणको क्रममा रहेको। |
| ९२ | मकवानपुर जिल्लामा पाउडर दूध प्लान्टको स्थापना, हेटौंडामा तरकारी फलफूल थोक बजार निर्माण र चितवन जिल्लामा चक्लेट, क्याटवरी सहितको दूध प्रशोधन केन्द्र निर्माण कार्यको निरन्तरता। | दुध पाउडर प्लान्ट निर्माण कार्यको २०७७ पुस १६ गते माननीय मुख्यमन्त्रीज्यूबाट शिलन्यास भै निर्माणको चरणमा रहेको, तरकारी फलफूल थोक बजार निर्माणका लागि बोलपत्र आह्वान भएको, चक्लेट, क्याटवरी सहितको दूध प्रशोधन केन्द्र निर्माणका लागि बोलपत्र आह्वानको क्रममा रहेको। |
| ९३ | प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा सञ्चालनमा रहेको ६६ वटा नमुना कृषि फार्म र १० वटा एकीकृत मोडल फार्मको निरन्तरता । | आ.व. २०७६/७७ मा प्रदेशका ५९ वटा निर्वाचन क्षेत्रमा निजी/समूह/सहकारी क्षेत्रसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा स्थापना भएका नमुना कृषि फार्म तथा ९ स्थानमा स्थापना भएका एकीकृत मोडेल कृषि फार्मको निरन्तरताका लागि सम्झौता भै कार्यक्रम संचालन भइरहेको। |
| ९४ | नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. सँगको पचास प्रतिशत साझेदारीमा चितवन जिल्लामा एक आधुनिक बहुउद्देश्यीय कृषि (लिचि, कटहर, अम्वा, कागती, मेवा, केरा र तरकारी) नर्सरीको निर्माण। | आधुनिक बहुउद्देश्यीय कृषि नर्सरीको निर्माण कार्य भइरहेको। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ९६ | मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्न तथा कृषि बालीहरूको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह तथा स्थानीय जनतासँगको समन्वयमा पर्खाल निर्माण कार्यको निरन्तरता। | आ.व. २०७५/७६ देखि सुरु गरिएको पर्खाल निर्माण कार्य हालसम्म ३.३ कि.मि. सम्पन्न; निर्माण कार्य भइरहेको। |
| ९७ | कृषि ज्ञान केन्द्र/भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमा बिमा तथा कृषि कर्जा डेस्कको व्यवस्था। | बिमा तथा कृषि कर्जा डेस्कको व्यवस्था गरी कृषि बिमा र कर्जा बारे कृषकहरूलाई सहजीकरण गरिएको । |
| ९९ | मालपोत तथा नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापन। | संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनका लागि बजेट तथा अख्तियारी पठाइएको। |

*स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

## १०. सङ्कलन भएको राजस्व:

**(रकम रु. हजारमा)**

| क्र.सं. | राजस्व शीर्षक नं | राजस्व शीर्षक | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४२११ | कृषि उत्पादन बिक्री आम्दानी | ५४४० | |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ११५४ | |
| **जम्मा** | | | **६५९४** | |

*स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय*

## ११. आ.व.२०७७/७८ मा सम्पादन गरेका मुख्य कार्य:

- बागमती प्रदेशका काठमाण्डौं उपत्यका र काभ्रेपलान्चोक बाहेकका ९ जिल्लाका १२ स्थानमा निर्माणाधीन कोल्डस्टोरहरूको ६० प्रतिशत निर्माण कार्य सम्पन्न, चालु आ.व. २०७७/७८ मा सम्पन्न हुने, उक्त निर्माण कार्यबाट १७,७०० मे.ट. फलफूल तथा तरकारी भण्डारण गर्न सकिने।
- मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण तथा कृषि उपजको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह एवम् जनताको सहभागितामा आ.व. २०७५/७६ देखि सुरु गरिएको पर्खाल निर्माण कार्य हालसम्म ३.३ कि.मि. सम्पन्न, निर्माण कार्य भइरहेको।

- आ.व. २०७६/७७ मा प्रदेशका ९ स्थानमा निजी/समूह/सहकारी क्षेत्रसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा स्थापना भएका एकीकृत मोडेल कृषि फार्मको निरन्तरताका लागि सम्झौता भै कार्यक्रम सन्चालन भइरहेको।
- आ.व. २०७६/७७ मा प्रदेशका ५९ निर्वाचन क्षेत्रमा निजी/समूह/सहकारी क्षेत्रसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा स्थापना भएका नमुना कृषि फार्मको निरन्तरताका लागि सम्झौता भई कार्यक्रम संचालन भइरहेको।
- उत्पादनका आधारमा दूधमा प्रति लिटर रु. २ का दरले अनुदान वितरणका लागि दुग्ध उत्पादक सहकारी संस्थाहरूबाट आवेदन संकलन कार्य भइरहेको।
- मकवानपुर जिल्लामा दुध पाउडर प्लान्ट निर्माण कार्यको २०७७ पुस १६ गते माननीय मुख्यमन्त्री ज्यूबाट शिलन्यास भै निर्माणको चरणमा रहेको।
- कृषि तथा बन विश्वविद्यालयमा बि.एस्.एल् .ल्याव स्थापनाका लागि मन्त्रालय र विश्वविद्यालय बीच २०७७ माघ ५ गते MOU सम्पन्न भै बोलपत्र आह्वानको क्रममा रहेको।

## १२. आ.व. २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरणः

- उच्च प्रविधियुक्त संरक्षित संरचनामा तरकारी खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- साझेदारीमा बिउ आलु स्रोत केन्द्र स्थापना (स्क्रिन हाउस निर्माण) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- माटो परीक्षण गरी स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम संचालन कार्यविधि, २०७७
- उन्नत बिउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि , २०७७
- स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरूको शोधकार्यका लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७७
- मेसिनरी सहितको स्क्रिन हाउस र डर्मेटरी सहितको ट्रेनिङ्ग सेन्टर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७७
- आलु स्रोत केन्द्र स्थापना कार्यक्रमका लागि रस्टिक हाउस निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७७
- मेसिनरी सहितको आलु प्रशोधन उद्योग स्थापना कार्यक्रम संचालन कार्यविधि, २०७७
- साझेदारीमा बाच्छी संरक्षण तथा स्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी जिल्लाबाट संचालित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- मत्स्यपालनको लागि विद्युत खपत महसुलमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

- साझेदारीमा दूध संकलन केन्द्र स्थापना (चिलिङ्ग भ्याट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- साझेदारीमा दुग्ध पदार्थ यान्त्रिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७
- प्राङ्गारिक अनुसन्धान केन्द्र स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७
- मत्स्यपालन प्रवर्द्धन र विकासका लागि फिस पार्क निर्माण तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७७
- स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७

## १३. विनियोजित रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारणः

- कार्यक्रमहरू सम्झौता भै कार्यान्वयनको क्रममा रहेको, कार्यक्रम सम्पन्न पश्चात मात्र भुक्तानी दिइने भएकोले आगामी चौमासिक सम्ममा खर्च हुने।
- सबै जिल्लामा कार्यालय नहुँदा कार्यक्रम कार्यान्वयनमा चुनौती।

## १४. आगामी कार्यदिशाः

- कृषि, पशुपन्छी र मत्स्य क्षेत्रको रुपान्तरण (यान्त्रीकरण, औद्योगिकीकरण र व्यवसायीकरण)
- कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी गरिवी निवारण गर्ने।
- कृषि, पशुपन्छी र मत्स्य क्षेत्रमा आत्मनिर्भरता।
- आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन।

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## १. पृष्ठभूमिः

संविधान जारी भएपछि राज्य संचालन संघ, प्रदेश र स्थानीय तहबाट हुने गरी राज्यशक्तिको बाँडफाँट हुन गयो। राज्यको पुनर्संरचना पश्चात देशमा हाल ७५३ स्थानीय तह, ७ प्रदेश र संघ रहेको छ।देशमा स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन सम्पन्न पश्चात नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार यस प्रदेशमा सात मन्त्रालय स्थापना भई कार्य सञ्चालन गर्ने मध्ये यो मन्त्रालय पनि एक हो। यस मन्त्रालयको कार्य क्षेत्र खास गरेर शान्ति सुरक्षा, सूचना तथा संचार र प्रदेश स्तरका कानून तर्जुमा गर्ने रहेको छ।

प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी समग्र देशको शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्ने, नेपालको संविधान द्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सूसुचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था संचालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानून तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउनु यस मन्त्रालयका प्रमुख उद्देश्य रहेका छन्।

## २. दीर्घकालीन सोचः

नागरिक स्वन्त्रताको उच्च सम्मान गर्दै सुरक्षित, शान्त एवम् प्रविधिमैत्री प्रदेश।

## ३. उद्देश्यः

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवम् संवर्द्धन गर्ने।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था संचालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानून निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।

## ४. रणनीतिः

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम गरी विधिको शासन एवम् प्रविधिमैत्री वातावरण सिर्जना गरी शासकीय प्रबन्ध मिलाउनु ।

## ५. कार्यजिम्मेवारी :

आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यजिम्मेवारी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट मिति २०७४/११/१६ मा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७४ ले तोकेको छ।

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य
- अति विशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी
- प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकार संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
- सामुदायिक प्रहरी
- प्रदेश भित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण
- प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
- प्रदेश भित्रका गैर सरकारी संघ, संस्थाको अभिलेख र समन्वय
- गुनासो र विवाद व्यवस्थापन
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
- निवारक नजरबन्द र स्थान हद सम्बन्धी
- अन्तरप्रदेश सुरक्षा सम्बन्धी
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा

कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान

- स्थानीय प्रशासन संचालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्सांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून कार्यान्वयन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि,सम्मान तथा विभूषणको सिफारिस
- प्रदेश स्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन
- प्रदेश स्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी
- सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी
- प्रदेश स्तरको विद्युतीय संचार माध्यम संचालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- प्रदेश स्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन
- साइबर सुरक्षा अनुगमन
- छापा संचार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
- श्रमजीवी सञ्चारकर्मीको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेश स्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन
- प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरणः

(रकम रु. हजारमा)

| क.स | ब.उ.शी.न | कार्यालयको नाम | विनियोजित बजेट | खर्च/निकासा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१४०००११४ (पुँजीगत) | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७२२,८८९ | ३६३,०६७.८७ | ५०.२२ |
| २ | ३१४०००११३ (चालु) | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२७,९८० | १२,०११.७४ | ९.३९ |
| **मन्त्रालय तर्फको जम्मा** | | | **८५०,८६९** | **३७५,०७९.६१** | **४४.०८** |
| ३ | ३१४०००१२४ (पुँजीगत) | सञ्चार रजिष्ट्रारको कार्यालय | ४,२५० | ४८९.२९ | ११.५१ |
| ४ | ३१४०००१२३ (चालु) | सञ्चार रजिष्ट्रारको कार्यालय | २४,८८१ | ४,३८८.०३ | १७.६४ |
| **सञ्चार रजिष्ट्रारको कार्यालयको जम्मा** | | | **२९,१३१** | **४,८७७.३२** | **१६.७४** |
| **मन्त्रालय र मातहत कार्यालयको जम्मा** | | | **८८०,०००** | **३७९,९५६.९३** | **४३.१८** |

*स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय*

## ७. आ.व. २०७७/७८ मा सञ्चालनमा रहेका बहुबर्षीय आयोजनाको प्रगति विवरण

(रकम रु. हजारमा)

| क.सं | कार्यालयको नाम | आयोजनाको नाम | कुल अवधि | कुल लागत | गत आ.व. सम्मको खर्च | आ.व. ०७७/७८ | | आ.व. ०७७/७८ प्रगति(%) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | निकासा | भौतिक | वित्तीय |
| १ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रहरी इकाइ भवन निर्माण | ३ वर्ष | ९३,२२,७२ | ५६,९७,१६ | ३६,२५,५६ | ३६,२५,५६ | ९० | १०० |

*स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय*

## ८. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पौष मसान्तसम्मको प्रगति विवरण

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| ५९. प्रदेश प्रहरीसम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइने । प्रदेशमा प्रहरी समायोजन पश्चात जनशक्ति विकास र आवश्यक भौतिक पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिने। प्रहरीले गर्ने अपराध अनुसन्धान कार्यलाई वस्तुनिष्ठ, प्रमाणमुखी र प्रभावकारी बनाउन आधुनिक प्रविधिसहितको विधि विज्ञान प्रयोगशाला स्थापना गरिने । | १५२. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका निर्माणाधीन प्रहरी भवनको लागि रु ५५ करोड ६६ लाख विनियोजन गरेको। | प्रदेश प्रहरी कार्यालय र मातहत प्रहरी भवन/पूर्वाधार निर्माण क्रमागत समेत | ४६ मध्ये १९ वटा सम्पन्न भैसकेको र बाँकीको काम ९०% सम्पन्न भएको। प्रदेश प्रहरी ऐन निर्माण भएको। प्रहरी समायोजन प्रक्रियामा रहेको। |
| ६० प्रदेशभित्र प्रवेश गर्ने सवारी साधनको व्यवस्थित तथ्याङ्क तथा चेकजाँच गर्नका लागि प्रमुख नाकामा स्वचालित सवारी साधन अनुगमन प्रणालीको विकास गरिने। | १५२. प्रदेशका प्रमुख नाकाहरूमा स्वचालित सवारी साधन अनुगमन प्रणालीको स्थापना गर्ने। | स्वचालित सवारी साधन अनुगमन प्रणालीको निर्माण (प्रदेश प्रहरी CCTV र Control Room निर्माण) | हेटौंडा, रसुवागढी, तातोपानी, नारायणगढ, मुगलीन, भिमान, खाङ्गसाङ्गमा CCTV जडान र हेटौंडा पथलैया सडक खण्डको रातोमाटेमा आपतकालीन चेक पोष्ट निर्माणको प्रक्रिया अगाडि वढेको। |
| ६१ स्थानीय तहमा चालु अवस्थामा रहेका शान्ति पार्क, स्मारक, शान्ति संग्रहालय जस्ता पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ। | | शान्ति पार्क निर्माण | ५ वटा पार्क छनोट भई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत |

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | | कार्यन्वयन हुँदै। |
| ६२ विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषको रकममा वृद्धि गरिने छ। सङ्घ, प्रदेश, स्थानीय तह एवम् अन्तरप्रदेश, सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबीच समन्वय कायम गरिनेछ। उद्धार एवम् राहत सामग्रीको भण्डारण गर्न प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको गोदाम घरलाई व्यवस्थित रूपमा सञ्चालन गरिने छ। नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लामा उद्धार एवम् राहत सामग्री भण्डारण र व्यवस्थापन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। | १५३- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उद्धार एवम् राहत सामग्रीको भण्डारण गर्ने प्रदेश गोदाम घरलाई व्यवस्थित रूपमा सञ्चालन गर्न एवम् नुवाकोट र काभ्रेपलान्चोक जिल्लामा उद्धार एवम् राहत सामग्री भण्डारण र व्यवस्थापन गर्ने। | आपतकालीन गोदाम घर निर्माण/व्यवस्थापन (काभ्रे र नुवाकोट) | बोलपत्र आह्वान गरिएको। |
| | | विपद् व्यवस्थापन तालिम कार्यक्रम | तेस्रो चौमासिकमा गरिने |
| | | विपद् सचेतना कार्यक्रम | तेस्रो चौमासिकमा गरिने |
| | | प्रदेश विपद् व्यवस्थापन समीक्षा कार्यक्रम जिल्ला स्तरीय | धादिङमा सम्पन्न |
| | | प्रदेश विपद् व्यवस्थापन कोषमा रकम थप | बजेट व्यवस्था भएको |
| | | विपद् उद्धार सामग्री खरिद | बोलपत्र मूल्यांकन भइरहेको। |

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई **"द्वन्द्व पीडितका साथ प्रदेश सरकार"** भन्ने नाराका साथ द्वन्द्व पीडित परिवारहरूका लागि स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ। | १५४- द्वन्द्व पीडितका साथ प्रदेश सरकार भन्ने नाराका साथ द्वन्द्व पीडित परिवारहरूका लागि स्वास्थ्य, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रमलाई निरन्तरता । | द्वन्द्व पीडित तथा विस्थापित परिवारका लागि सहायता लगायतका कार्यक्रम | तेस्रो चौमासिकमा कार्यक्रम गरिने। |
| ६४ **"प्रदेश सरकारको पहिचान, निःशुल्क कानुनी जनसहायता अभियान"** भन्ने नाराका साथ स्थानीय न्यायिक समितिका कार्यलाई कानुनी र प्रशासनिक सहजीकरण गर्न प्रत्येक स्थानीय तहमा कानूनी सहजकर्ता व्यवस्था गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ। | बजेटमा समावेश नगरिएको | --- | --- |
| ६५ सूचना सङ्कलन, अध्ययन, अनुसन्धान, विश्लेषण र सूचना प्रवाह गर्न प्रदेश अनुसन्धान ब्युरो गठन गरी कार्यान्वयनमा ल्याइनेछ। | | प्रदेश अनुसन्धान ब्युरो गठन, स्थापना | ऐनका मस्यौदा तयार गरिएको। |
| ६६ डिजिटल साक्षरता तथा पत्रकार सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। | | डिजिटल साक्षरता सम्बन्धी पाठ्यक्रम निर्माण | अपुग रकमको कारण यस शीर्षकको बजेट रकम अन्य कार्यक्रमा |

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| | | | रकमान्तर हुने क्रममा रहेको। |
| | | पत्रकारको लागि मल्टिमिडिया तालिम | चितवनको माडीमा २५ जना पत्रकारका लागि Mobile Journalism तालिम संचालन गरिएको। |
| ६७ सञ्चार माध्यमलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ। | | सञ्चार सरोकारवालाहरूसँग छलफल कार्यक्रम | कार्य सम्पन्न |
| | | जनचेतनामूलक प्रचार सामग्री निर्माण तथा प्रसारण, लोककल्याणकारी विज्ञापन | कार्यविधि निर्माण भएको |
| | | प्रदेश सूचना बैक संयन्त्र निर्माण | TOR निर्माणको कार्य भइरहेको। |
| | | अन्तर प्रदेश सञ्चार सम्बन्धी कानूनको निर्माणको अवस्था सम्बन्धी अध्ययन तथा अनुभब आदानप्रदान सम्बन्धी कार्यक्रम | अन्तिम चौमासिकमा गरिने |
| | | सञ्चार माध्यमको अनलाइन दर्ता, नवीकरण, अभिलेखीकरण, प्रसारण इजाजतका लागि सफ्टवेयर निर्माण | निर्माणको कार्य अगाडि बढिरहेको। |

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| ६८ प्रदेशमा प्रचलनमा रहेका सबै भाषा-भाषीको प्रवर्धन गर्दै पहिलो चरणमा तामाङ र नेपाल भाषाको पत्रकारिता प्रवर्धन गर्न चाहने सञ्चार माध्यमलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ। सञ्चार माध्यममा कार्यरत महिला पत्रकारको क्षमता अभिवृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिने छ। मर्जरमा जान चाहने सञ्चार माध्यमलाई प्रोत्साहन गर्ने नीति लिइने छ। | | स्थानीय भाषा प्रवर्द्धन कार्यक्रम | कार्यविधि निर्माण भई सोही अनुरूप आवेदन छनोट भइरहेको |
| | | पत्रकारका लागि क्षमता विकास कार्यक्रम | केही भएको केही सम्पन्न हुन बाँकी |
| | | मिडिया गुफा तालिम | कार्य सम्पन्न |
| | | पत्रकारका लागि मल्टिमिडिया तालिम | तेस्रो चौमासिकमा हुने |
| | | विपद् तथा जोखिम पत्रकारिता सहयोग कार्यक्रम | ५ जिल्लाहरूलाई सहयोग वितरण भइसकेको थप २ जिल्लामा बाँकी |
| | | विकास पत्रकारिता सम्बन्धी हाते पुस्तिका तयारी | बजेट अपुग भएकोले अन्य कार्यक्रममा रकमान्तर हुने क्रममा रहेको |
| | | विषयगत पत्रकारिता लेखन तथा प्रसारण वृत्ति कार्यक्रम (फेलोशिप) | कार्यविधि निर्माण भई सोही अनुरूप आवेदन छनौट भइरहेको |
| | | पत्रकार सम्बन्धी कोषहरूको लागि योगदान कार्यक्रम | पत्रकार कल्यान कोषमा जम्मा गरिसकिएको |
| ६९ आगामी आर्थिक वर्षमा प्रदेश सरकारको सञ्चार गृह स्थापना गरी अनलाइन, रेडियो, टेलिभिजन र छापाखाना सञ्चालनका लागि | | आम सञ्चार केन्द्र र निर्माण सम्बन्धी अनुसन्धान तथा परामर्श डिपिआर | स्थानको खोजी भइरहेको। |

| नीति तथा कार्यक्रमको व्यहोरा | बजेट वक्तव्य को संक्षिप्त व्यहोरा | मुख्य क्रियाकलाप | कार्यसम्पादनको अवस्था |
|---|---|---|---|
| आवश्यक व्यवस्था मिलाइनेछ | | | |
| | १५५-स्थानीय तहसँगको साझेदारीमा प्रदेश सूचना प्रणालीको विकास अघि बढाउन र प्रदेशमा सार्वजनिक सूचना केन्द्र स्थापना गर्ने। | सार्वजनिक सूचना केन्द्र निर्माण | हालसम्म स्थान पहिचान हुन नसकेको। |
| | १५६ दोलखाको डाँडडुडे डाँडामा निर्माणाधीन फिल्म सिटिको भौतिक पूर्वाधार निर्माण। | फिल्म सिटी निर्माण, दोलखा डाडडुडे डाँडा | संचार तथा सूचना प्रविधि मन्त्रालयको समन्वयमा संघ, प्रदेश र स्थानीय तहको संयुक्त भूमिकामा निर्माण कार्य गर्न कार्यविधि निर्माण भइरहेको। |

*स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय*

## १०. सङ्कलन भएको राजस्वः

**(रकम रु. हजारमा)**

| क्र.सं. | राजस्व शी.नं. | राजस्व शीर्षक | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४७.४७ | मन्त्रालय अन्तर्गत |
| २ | १५१११ | बेरुजु | १७३७.६९ | |
| **मन्त्रालय तर्फको जम्मा** | | | १७८५.१६ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | १७५६.३५ | संचार रजिष्ट्रारको कार्यालय |
| ४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४१३.५२ | |
| ५ | १४२५४ | रेडियो/एफ.एम. सञ्चालन दस्तुर | १५८९.९२ | |
| ६ | १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | ७५२१.९६ | |
| **संचार रजिष्टार कार्यालय तर्फको जम्मा** | | | ११२८१.७५ | |
| **कुल जम्मा** | | | १३०६६.९१ | |

*स्रोत: आन्तरिक मामिला तथा कानून मन्त्रालय*

## ११.आ.व. २०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्य

- विभिन्न जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई ३०४ थान टेन्ट र ९०० थान त्रिपाल सहयोग उपलब्ध गराइएको।
- १४ वटा स्थानीय तहलाई विपद् व्यवस्थापन कोषबाट रु.३,४५,००,०००/- उपलब्ध गराइएको।
- कोरोना कोषबाट सामाजिक विकास मन्त्रालय मार्फत विभिन्न स्वास्थ्य संस्थालाई रु.१६,०६,००,०००/- र स्थानीय तहलाई रु.२,८८,००,०००/- गरी जम्मा रु. १८,१४,००,०००/- उपलब्ध गराइएको।
- आ.व. २०७५/७६ बाट ४६ वटा प्रहरी भवन इकाइ निर्माण सुरु गरिएकोमा हालसम्म १९ वटाको निर्माण सम्पन्न भएको र बाँकी भवनहरूको ९०% निर्माण काम सम्पन्न भएको साथै चालु आ.व.मा थप २१ वटा नयाँ भवन निर्माणको प्रक्रिया अगाडि बढेको।
- गत आ.व.मा ६ वटा जिल्ला र चालु आ.व.मा ७ वटा जिल्लालाई विपद्ग्रस्त स्थानमा समाचार संकलन गर्ने सहायताको लागि प्रत्येक जिल्लालाई २ थान आपतकालीन झोला हस्तान्तरण गरिएको।

## १२. आ.व. २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिहरूको विवरण:

- केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ (ऐन नं.७)
- प्रदेश प्रहरी ऐन, २०७७ (ऐन नं.०९)
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७७

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७

## १३. विनियोजित रकम लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण :

- COVID-19 को कारण समयमै खरिद कार्य अगाडि बढाउन नसकिनु।
- विस्तृत अध्ययन तथा तयारी विना वार्षिक कार्यक्रममा बजेट समवेश हुनु।
- मन्त्रालयको आफ्नै प्राविधिक कर्मचारी नहुनु। अन्य प्राविधिक निकायबाट छिटो छरितो रूपमा सहयोग प्राप्त नहुनु।
- आफ्नै जिल्ला स्थित कार्यालय नहुनु।
- संघीय कानून, मापदण्ड र निर्देशिका मार्फत प्रदेश सरकारको कार्यक्रममा नियन्त्रण गर्ने कार्य हुनु।
- प्रदेश प्रहरी गठन नहुनु।
- सरोकारवाला निकाय बीच समन्वयमा कमी देखिनु।

## १४. आगामी कार्यदिशा

- प्रदेश प्रहरी र अन्य मन्त्रालयमा रहेको प्राविधिक जनशक्तिबाट प्राप्त सहयोग लिने।
- भईरहेका कार्यको नियमित समीक्षा गर्ने, अनुगमनमा निरन्तरता दिने र विभिन्न निकाय बीच समन्वयलाई प्रभावकारी बनाउने।
- विस्तृत अध्ययन, छलफल र तयारी गरेर मात्र योजनामा समावेश गर्ने।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## १. पृष्ठभूमि

| ५५ | ३५००२३२०४३ | नारायणी अञ्चल आयुर्वेद औषधालय, मकवानपुर | ०.०० | ०.०० | |
| ५६ | ३५००२२६०२३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, काभ्रेपलाञ्चोक | ५८२१.०० | २११.०० | ३.६२ |
| ५७ | ३५००२२७०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक | ५६६९.०० | २११.३६ | ३.७३ |
| ५८ | ३५००२२३०२३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, दोलखा | ५७३४.०० | ११६.८८ | २.०४ |
| ५९ | ३५००२२४०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछाप | ६०८०.०० | ४४५.३८ | ७.३३ |
| ६० | ३५००२२५०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुली | ५६६९.०० | १८०.०० | ३.१८ |
| ६१ | ३५००२२९०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नुवाकोट | ५९६९.०० | ३७८.३० | ६.३४ |
| ६२ | ३५००२३००३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धादिङ | ६४३४.०० | २०७८.७० | ३२.३१ |
| ६३ | ३५००२२८०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रसुवा | ६१९५.०० | २०६.२८ | ३.३३ |
| जम्मा | | | २५१४७४९.०० | ३१६७०९.७५ | १२.५९ |

*स्रोत: सामाजिक विकास मन्त्रालय*

## ९. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्तसम्मको प्रगति विवरण

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ३० | कोभिड-१९ (कोरोना भाइरस) लगायतका संक्रामक तथा अन्य रोगको रोकथाम, नियन्त्रण र उपचारका कार्यलाई प्रभावकारी बनाई गुणस्तरीय स्वास्थ्य सेवा अनुभूति हुने गरी सर्वसुलभ पहुँच सुनिश्चित गर्न हाम्रो सार्वजनिक स्वास्थ्य प्रणालीमा सुधार गर्नुपर्ने अवस्था देखिएको छ। प्रभावकारी र विश्वसनीय सार्वजनिक स्वास्थ्य सेवा प्रणाली स्थापना गर्न प्रविधि एवम् उपकरण, भौतिक पूर्वाधार विकास, औषधीको व्यवस्था र दक्ष जनशक्ति व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिई स्वास्थ्य क्षेत्रमा सुधार गर्ने। | प्रदेश मातहतका जनस्वास्थ्य प्रयोगशाला, धुलिखेल साथै त्रिसुली, भक्तपुर, हेटौंडा र सिन्धुली अस्पतालबाट पि.सि.आर. परीक्षण सेवा, ८ वटै अस्पतालबाट कोभिड-१९ को उपचारका लागि आइसोलेसन र त्रिसुली, भक्तपुर, हेटौंडा, धादिङ र सिन्धुली अस्पतालबाट ICU र HDU सेवा प्रवाह भइरहेको साथै स्वास्थ्य कार्यालयहरूबाट रोकथाम र नियन्त्रणका कार्य भएको। |
| ३१ | कोभिड-१९ को संक्रमणलाई यथाशीघ्र रोकथाम र नियन्त्रण गर्न मापदण्ड अनुसार परीक्षणको दायरा वृद्धि, थप पि.सि.आर. ल्याब सञ्चालन, केस इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ र परीक्षणको व्यवस्थापन गर्ने।। साथै कोभिड -१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, स्वास्थ्य सुरक्षा सामग्री तथा सो कार्यमा अहोरात्र खटिने चिकित्सक, नर्स, प्रयोगशालाकर्मी लगायतका स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई सेवामा उत्प्रेरित गर्न प्रोत्साहन भत्ता साथै क्वारेन्टाइनको आवश्यक व्यवस्थापन लगायतका लागि रु. १९ करोड ४४ लाख विनियोजन गरिएको। | १३ वटै स्वास्थ्य कार्यालयबाट केस इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिङका कार्यहरू भएको। हेटौंडा बाहेक थप ५ स्थानमा पि.सि.आर. ल्याब सञ्चालन। साथै, कोभिड-१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, स्वास्थ्य सुरक्षा सामग्री व्यवस्था गरिएको र सो कार्यमा खटिने जनशक्तिको लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिएको। |
| ३२ | नेपालको संविधानमा व्यवस्था भएको प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने मौलिक हकलाई मूर्त रूप दिन स्वास्थ्य संस्थामा जनशक्ति, उपकरण तथा निःशुल्क औषधीको व्यवस्था, खोप केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ र शहरी | आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्न आवश्यक औषधी तथा औषधीजन्य सामग्रीको खरिद प्रक्रियामा रहेको। स्थानीय तहका १३ स्वास्थ्य संस्थाबाट प्रदेशको सहयोगमा चिकित्सक सहितको सेवा सञ्चालनमा रहेको। स्थानीय स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड सुधारका कार्य सुरु गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | स्वास्थ्य केन्द्रको विस्तार तथा स्थानीय स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड सुधार गर्नुपर्ने आवश्यकता भएअनुसार सोको लागि रु. २६ करोड ६८ लाख विनियोजन गरिएको। | |
| ३३ | अस्पतालजन्य फोहरमैलाको आधुनिक र उपयुक्त प्रक्रियाबाट विसर्जन, मृत शरीर व्यवस्थापनका लागि शवगृहको व्यवस्था गरी अस्पताललाई स्वच्छ, सफा र हराभरा राख्न तथा प्रदेश मातहतका अस्पताल र स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासका लागि रु. ५६ करोड ३० लाख विनियोजन गरिएको। | शवगृहको लागि मर्चरी फ्रिजको खरिद प्रक्रियामा रहेको, तथा प्रदेश मातहतका अस्पताल र स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासका लागि डिपिआर तयार भइरहेको। |
| ३४ | मातृ तथा बाल मृत्युदर घटाउन प्रदेश मातहतका सबै अस्पतालका बृहत् आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा (सि.ई.ओ.एन.सि.) सुनिश्चित गर्ने । मातृ तथा बाल स्वास्थ्य लगायत समग्र स्वास्थ्य सेवाको प्रवर्द्धनको लागि खटिएका महिला स्वास्थ्य स्वयंसेवकलाई प्रदान गर्दिँदै आएको संचार खर्चलाई निरन्तरता ।समग्रमा मातृ तथा बाल स्वास्थ्य प्रवर्द्धनका लागि रु. १८ करोड ३५ लाख बिनियोजन गरिएको। | अस्पतालका बृहत् आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा (सि.इ.ओ.एन.सि.) सञ्चालनमा रहेको, महिला स्वास्थ्य स्वयंसेवकलाई स्थानीय तह मार्फत संचार खर्च प्रदान गरिएको। मातृ तथा बाल स्वास्थ्य सुधारका लागि विशेष कार्यक्रमका कार्य सुरु गरिएको। |
| ३५ | नसर्ने रोगको कारणबाट सृजना हुने स्वास्थ्य जोखिमको न्यूनीकरण गर्न समयमा नै पहिचान र रोकथाम गरी आम नागरिकको जीवन रक्षा गर्न मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रमलाई परिमार्जन गरी स्थानीय तहसम्म विस्तार गर्ने । | कोभिड-१९ का कारण हालसम्म सुरु गर्न नसकिएको |
| ३६ | क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा नेपाल सरकारले दिएको सहुलियतका अतिरिक्त रु. पचास हजार थप गर्ने । क्यान्सर असपतालसँगको सहकार्यमा महिलाको पाठेघर एवम् स्तन क्यान्सरको निःशुल्क परीक्षणका साथै मृगौला रोगीको उपचारको सहज पहुँचको लागि साझेदारीमा डायलाइसिस सेवा नभएका जिल्ला अस्पतालहरूबाट क्रमशः सेवा विस्तार गर्न र हेमोफिलियाका बिरामीको सहज उपचारको | क्यान्सर रोग लागेका विपन्न नागरिकलाई रु पचास हजार थप सहुलियत प्रदान गर्ने कार्यविधि स्वीकृत भई अस्पतालसँग सम्झौताको चरणमा रहेको। डायलाइसिस सेवाका लागि आवश्यक औजार उपकरण साथै हेमोफिलियाका बिरामीको लागि एन्टी हेमोफिलिया फ्याक्टर खरिद प्रक्रियामा रहेको। भक्तपुर अस्पतालबाट शैलजा आचार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | व्यवस्था समेत गरी नसर्ने रोग रोकथाम, नियन्त्रण र उपचारका लागि १५ करोड ८४ लाख व्यवस्था ।अल्जाइमर्स रोगको रोकथाम, उपचार तथा सहयोगका लागि सरकारी अस्पतालमार्फत शैलजा आचार्य अल्जाइमर्स रोग विशेष कार्यक्रम सञ्चालन गरिने। | अल्जाइमर्स रोग विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक तयारीका कार्यहरू सुरुवात गरिएको। |
| ३७ | नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच एवम् सुनिश्चितताका लागि प्रदेश अस्पताल नभएका जिल्लाहरूका क्रमशः दोलखाको चरिकोट, काभ्रेपलाञ्चोकको मेथिनकोट, ललितपुरको बज्रबाराहीमा रहेको पाटन जिल्ला अस्पताल र चितवनको बकुलहर रत्ननगर अस्पताललाई प्रदेश अस्पतालको रूपमा स्तरोन्नति गर्ने । साथै, अस्पतालको सेवा भन्दा बाहिर रहेका १२ प्रादेशिक निर्वाचन क्षेत्र समेटिने गरी थप १७ स्वास्थ्य संस्थालाई चिकित्सकीय सेवा सहितको अस्पताल सञ्चालन सहयोगको लागि १२ करोड ८० लाख विनियोजन गरिएको । यसबाट ६६ वटै निर्वाचन क्षेत्रमा चिकित्सकीय सेवाको पहुँच विस्तार हुने। | प्रदेश अस्पतालको रूपमा स्तरोन्नति गर्न नेपाल सरकारबाट स्वीकृत भई आएको र सेवा सञ्चालनका लागि अध्ययनको कार्य भइरहेको। थप १७ स्वास्थ्य संस्थाबाट चिकित्सकीय सेवा प्रदान भइरहेको। |
| ३८ | प्रदेश मातहतका सबै जिल्ला आयुर्वेद केन्द्रबाट आयुर्वेदिक चिकित्सा सेवा, वैकल्पिक चिकित्सा सेवा, पञ्चकर्म, योग सेवा होमियोप्याथी लगायत स्वास्थ्य पद्धतिको सुदृढीकरण गर्न आवश्यक बजेट व्यवस्था। | पञ्चकर्म लगायतका सेवा सञ्चालन सुरुवात गरिएको। साथै, विभिन्न स्थानमा नागरिक आरोग्य केन्द्र स्थापना गरी सञ्चालन सुरु गरिएको। |
| ३९ | सामुदायिक विद्यालयहरूमा विद्यार्थीको समग्र स्वास्थ्य सुधारका लागि सञ्चालन गरिएको एक विद्यालय एक नर्स कार्यक्रमलाई सबै स्थानीय तहका थप दुई विद्यालयमा विस्तार गर्न रु. १९ करोड ८० लाख विनियोजन गरिएको। साथै, विद्यालयमा आधारित सुरक्षित र स्वस्थ भविष्य किशोरकिशोरीको लक्ष्य विशेष कार्यक्रम कार्यान्वयन गर्न रु. ६ करोड व्यवस्था। | २०४ जना विद्यालय नर्स छनोट गरी सम्बन्धित स्थानीय तहमा पठाइएको। ७४ गाउँपालिकाको १२५ विद्यालयमा सुरक्षित र स्वस्थ भविष्य किशोरकिशोरीको लक्ष्य विशेष कार्यक्रम कार्यान्वयन गर्न आवश्यक तयारीका कार्य भएको। |
| ४० | प्रदेश भित्रका राजमार्ग (बि.पि.राजमार्ग, अरनिको | अत्याधुनिक तथा सुविधा सम्पन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | राजमार्ग, पृथ्वी राजमार्गको मुग्लिङ-काठमाडौं खण्ड र पूर्व पश्चिम राजमार्गको हेटौंडा-चितवन खण्ड) मा हुने दुर्घटनाका घाइतेको शीघ्र उपचार तथा अन्य आकस्मिक स्वास्थ्य उपचारका लागि नजिकको अस्पतालमा पठाउने व्यवस्था मिलाउन उक्त राजमार्ग क्षेत्रमा केन्द्रित अत्याधुनिक सुविधा सम्पन्न एम्बुलेन्सको व्यवस्था तथा सो क्षेत्रमा रहेका स्वास्थ्य संस्थाको सबलीकरणका लागि आवश्यक बजेट व्यवस्था। | एम्बुलेन्सको खरिद प्रक्रियामा रहेको। साथै, राजमार्ग क्षेत्रमा रहेका स्वास्थ्य संस्थाको सबलीकरणका लागि आवश्यक औजार उपकरण खरिद प्रक्रियामा रहेको। |
| ४१ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने लक्ष्यका साथ संस्थागत तथा संरचनागत व्यवस्था र शैक्षिक कार्यक्रम सुरुवात गर्न आवश्यक बजेटको व्यवस्था। | पदाधिकारी मनोनयन भएको र प्रतिष्ठान सञ्चालनका लागि आवश्यक आर्थिक नियमावली स्वीकृत भएको एवम् अन्य प्रशासनिक नियमावली स्वीकृतिको क्रममा रहेको। |
| ४२ | भक्तपुर, सिन्धुली र त्रिशूली अस्पताललाई १०० शैया क्षमताको विशिष्टीकृत सेवा सहितको अस्पताल, धादिङ र चौतारा अस्पताललाई ५० शैया क्षमताको अस्पताल, रामेछाप र रसुवा अस्पताललाई २५ शैया क्षमताको अस्पतालमा स्तरोन्नति गर्नका लागि आवश्यक बजेटको व्यवस्था। | संगठन व्यवस्थापन तथा सर्वेक्षण तयारीका लागि कार्य भएको। |
| ४३ | अस्पतालहरूमा कोभिड-१९ को नियन्त्रण र उपचारका लागि औजार उपकरण व्यवस्था र अस्पतालको स्तोरोन्नति तथा सुदृढीकरण गर्न रु. १२ करोड विनियोजन गरिएको । सामुदायिक अस्पतालहरूको पुँजीगत सुधारका लागि समेत आवश्यक बजेटको व्यवस्था। | औजार उपकरण खरिद प्रक्रियामा रहेको। सामुदायिक अस्पतालहरूको पुँजीगत सुधारका लागि अनुदानको पहिलो किस्ता प्रदान गरिएको। |
| ४४ | शिक्षा, भाषा तथा संस्कृति प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक सुनिश्चित गर्न शिक्षा प्रणालीमा आवश्यक सुधार गरिने। साथै, शिक्षालाई व्यावसायिक, सीपमूलक एवम् उद्यमशीलतातर्फ अग्रसर | शिक्षालाई व्यावसायिक, सीपमूलक एवम् उद्यमशीलतातर्फ अग्रसर बनाई नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित गुणस्तरीय जनशक्ति तयारका लागि कार्यक्रमहरू सञ्चालन गरिएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | बनाउँदै सक्षम, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित गुणस्तरीय जनशक्ति तयार गर्न जीवनोपयोगी र व्यावहारिक शिक्षामा जोड दिइने। | |
| ४५ | गुणस्तरयुक्त शैक्षिक पूर्वाधार, प्रदेश समृद्धिको आधार भन्ने लक्ष्यलाई सार्थक तुल्याउन र सामुदायिक विद्यालय भन्ने मान्यतालाई व्यवहारीकृत गर्न विद्यालयहरूमा कक्षाकोठा एवम् छात्रावास निर्माण, घेरावारसहित भौतिक सबलीकरण एवम् पूर्वाधार विकास र विद्यालयमा सूचना प्रविधि ल्याब, स्मार्ट बोर्ड र विज्ञान प्रयोगशाला स्थापनाको व्यवस्था। यसका लागि रु. ४४ करोड ८७ लाख विनियोजन गरिएको। | भौतिक पूर्वाधार निर्माण एवम् सूचना प्रविधि र विज्ञान प्रयोगशाला स्थापनाका लागि विद्यालयसँग सम्झौता भई कार्यसम्पादन भइरहेको। |
| ४६ | कोभिड-१९ का कारण नियमित विद्यालय सञ्चालन अवरूद्ध भएको अवस्थामा समेत बालबालिकाको सिकाइलाई निरन्तरता दिन संघीय सरकार र स्थानीय तहसँग सहकार्य गरी दूर तथा खुला शिक्षा र वैकल्पिक शिक्षण सिकाइ पद्धति मार्फत सहजीकरण गर्ने। | स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गरिएको।<br>सिकाइ सहजीकरणका लागि अनलाइन तथा अफलाइन सामग्री व्यवस्था गर्ने कार्य भइरहेको। |
| ४७ | प्रदेशका अति सीमान्तकृत एवम् लोपोन्मुख लगायत लक्षित समूहका बालबालिकाको गुणस्तरीय विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्न सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, चितवन र धादिङ जिल्लामा गरी पाँच वटा आवासीय विद्यालयको पूर्वाधार विकास र सञ्चालनका लागि रु. १२ करोड विनियोजन गरिएको। | पाँच विद्यालयको गुरूयोजना तयार गरी सो बमोजिम कार्य भइरहेको। |
| ४८ | शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरूमा प्रति विद्यालय एक माध्यमिक शिक्षक व्यवस्था गर्नुका साथै प्रारम्भिक बाल शिक्षकहरूको प्रोत्साहनलाई निरन्तरता दिईने। यसका लागि रु. १८ करोड ७९ लाख विनियोजन गरिएको। | स्थानीय तह मार्फत व्यवस्था गरी कार्यान्वयन भइरहेको। |
| ४९ | २० वटा नमुना विद्यालयको गुरूयोजना अनुसारको कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाउने तथा | विद्यालयले तयार गरेको गुरुयोजना बमोजिम कार्य सम्पादन भइरहेको समायोजन भएका |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयहरूलाई एक आपसमा समायोजनका लागि प्रोत्साहन गर्ने। यसका लागि रु. २६ करोड ५० लाख विनियोजन गरिएको। | विद्यालयलाई प्रोत्साहनका लागि कार्यविधिको मस्यौदा तर्जुमा भइरहेको। |
| ५० | शिक्षा तालिम केन्द्रको सुदृढीकरण गरी शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता अभिवृद्धि गर्न प्रविधिमैत्री तथा विषयगत तालिम सञ्चालन गर्ने। | विज्ञान प्रयोगशालाको स्थापना भइरहेको। आधारभूत र माध्यमिक तहका शिक्षक र प्रधानाध्यापक गरी ५०० जनाले तालिम प्राप्त गरेका। |
| ५१ | जीवनोपयोगी, व्यावहारिक एवम् विज्ञान र प्रविधिमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई प्रभावकारी तुल्याउन, प्राविधिक शिक्षा सञ्चालित विद्यालय तथा बहुप्राविधिक तथा प्राविधिक शिक्षालयहरूको भौतिक पूर्वाधार एवम् मेसिनरी औजारको व्यवस्थाका लागि रु. १९ करोड २५ लाख विनियोजन गरिएको। | भौतिक पूर्वाधार विकास एवम मेसिनरी औजारको व्यवस्थाका लागि कार्य भइरहेको। |
| ५२ | प्रदेशभित्र एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण र माध्यमिक शिक्षा (कक्षा १०) को परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरणलाई प्रदेशबाट नै सञ्चालन गर्न आवश्यक कानूनी र संस्थागत संरचनाको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिएको। | सुरु हुन नसकेको। |
| ५३ | प्रदेश सरकार र विश्वविद्यालय, सङ्काय, अध्ययन संस्थानबीच समझदारी गरी कम्तीमा स्नातक तह अध्ययन गरेका विद्यार्थीहरूलाई बढीमा एक वर्षसम्म प्रदेशबाट तोकिएको निकाय वा स्थानीय तहमा स्वयंसेवकले पाउने सुविधा लगायतका अन्य विषय समझदारी पत्रमा उल्लेख भए बमोजिम हुने गरी "**प्रदेश सरकार शिक्षालय सहकार्य कार्यक्रम**" सञ्चालन गर्ने। | सुरु हुन नसकेको। |
| ५४ | सामाजिक विकासका क्षेत्रका कार्यक्रमहरू सेवाग्राहीको | चार ओटा डिभिजन कार्यालय स्थापना हुने |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | नजिकमा पुऱ्याई प्रभावकारी कार्यान्वयन गर्न सबै जिल्लामा कार्यालय स्थापना गर्ने। | क्रममा रहेका। |
| ५५ | प्रदेश विश्वविद्यालय स्थापना गरी शैक्षिक कार्यक्रम सुरू गर्ने। सामुदायिक क्याम्पसहरूको भौतिक सबलीकरण एवम् सूचना प्रविधि तथा विज्ञान प्रगोशालाको सुदृढीकरणका लागि रु. १० करोड ३१ लाख विनियोजन । प्रदेशमा स्थायी बसोबास भएका सामुदायिक तथा सरकार क्याम्पसमा अध्ययनरत छोरी बुहारीलाई उच्च शिक्षा छात्रवृत्ति प्रदान गर्ने। | प्रदेश विश्वविद्यालयको स्थापनाका लागि विधयेकको मस्यौदा तर्जुमा भएको। सामुदायिक क्याम्पसहरूको भौतिक सबलीकरणका कार्य जारी रहेको। सूचना प्रविधि र विज्ञान प्रयोगशाला स्थापनाका लागि क्याम्पस छनोटको लागि सूचना प्रकाशन भएको। |
| ५६ | प्रदेशभित्र बोलिने भाषा, लिपि, कला, सम्पदा तथा संस्कृतिको संवर्द्धन, विकास र प्रवर्द्धन गर्ने। प्रदेश भित्रका विभिन्न जात, जाति, भाषा, धर्मसंस्कृति र समुदाय बीच पारस्परिक, सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय एकाइहरू बीच पारस्परिक सहयोग विकास गर्ने। | अल्पसङ्ख्यक, लोपोन्मुख र अति सीमान्तकृत जातिहरूको भाषा एवम् कलाको संरक्षण र प्रवर्द्धन कार्यक्रमका लागि संस्था छनोटका लागि सूचना मार्फत माग गरिएको। |
| ५७ | स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश भन्ने लक्ष्य पूरा गर्न तथा प्रदेश भित्रका सबै स्थानीय तहलाई बालमैत्री स्थानीय तह बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने। बाबुआमा दुबै नभएका बालबालिकाको संरक्षण गर्न प्रति बालबालिका मासिक रु. २,००० का दरले सामाजिक सुरक्षा प्रदान गर्ने। | स्थानीय तहमार्फत बालविवाह मुक्त प्रदेश निर्माण र बालमैत्री स्थानीय तह बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको, बाल विवाह विरुद्धको जिङ्गल तयार भई प्रसारणको अवस्थामा रहेको, बाबुआमा दुबै नभएका बालबालिकालाई स्थानीय तह मार्फत सामाजिक सुरक्षाको रकम उपलब्ध भएको र बाबुआमा दुबै नभएका बालबालिकाको तथ्यांक संकलन कार्य अगाडि बढेको। |
| ५८ | बागमती प्रदेशको सरोकार, महिलालाई अवसर र अधिकार भन्ने लक्ष्यका साथ सामाजिक र आर्थिक रूपमा पछाडि परेका महिला तथ एकल महिला, विभिन्न समयमा भएका राजनीतिक संघर्षमा भएका घाइते तथा पीडित महिलाहरूलाई व्यावसायिक तथा सीप विकास गरी स्वरोजगार बनाउने। कोभिड-१९ का कारण संकटमा परेका महिला लघु उद्यमी तथा व्यवसायीहरूको लघु उद्योग व्यवसायको पुनरूत्थान | सीप विकास तालिम केन्द्र, मकवानपुर र धादिङबाट व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्न प्रक्रिया अगाडि बढाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | एवम् पुनर्सञ्चालनका लागि आवश्यक सहयोग गर्ने। | |
| ५९ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको संरक्षण, मानव अधिकारको प्रवर्द्धन भन्ने सोचका साथ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको संरक्षण गर्दै सीप विकासका लागि तालिम मार्फत उनीहरूलाई आत्मनिर्भर बनाउने। | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको कार्यक्रम सञ्चालनमा सहजीकरण गरिएको |
| ६० | लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिएको छ। मानव बेचबिखन र हिंसामा परेका, सामाजिक बहिष्करणमा परेका, जोखिममा परेका तथा अन्य हिंसा पीडित महिलाको उद्धार तथा पुनर्एकीकरण गर्न, मनोसामाजिक परामर्श प्रदान गर्न, समाजमा पुनर्स्थापना गर्न र रोजगार/स्वरोजगारमा आबद्ध गर्न स्थानीय तहको समन्वयमा सुरक्षित गृह (सेफ होम) समेतको व्यवस्था गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने। | सार्वजनिक निर्माण कार्यान्वयन इकाइ, काभ्रेपलाञ्चोक र धादिङ मार्फत मानव बेचबिखन र हिंसामा परेका महिलाको संरक्षणका लागि सुरक्षित गृह (सेफ होम) निर्माण प्रक्रिया अगाडि बढेको। |
| ६१ | कोभिड-१९ लगायत विपद् तथा जोखिम परेका महिला र बालबालिकाको संरक्षणका लागि मनोसामाजिक परामर्श सेवा लगायत अन्य सेवा उपलब्ध गराउन, प्रदेश स्तरीय संरक्षण विषयगत समूहलाई सक्रिय बनाउन तथा किशोरकिशोरी माथि हुन सक्ने विविध हिंसाबाट बच्न एवम् किशोरीहरूको बहुआयामिक विकासका लागि आगामी बर्ष ५,००० किशोरीको आत्म प्रतिरक्षात्मक तालिमको व्यवस्था। महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित क्षेत्रमा खोजमूलक पत्रकारिता गरिरहेका महिला पत्रकारहरूका लागि विद्वतवृत्तिका लागि आवश्यक बजेट विनियोजन गरिएको। | प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समिति गठन गरी समितिलाई क्रियाशील बनाइएको। |
| ६२ | अन्तरसरकारी समन्वय तथा संघसंस्थाको साझेदारीमा संरक्षणमा राख्नुपर्ने बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि बाल गृह, संरक्षण गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक आश्रम | सार्वजनिक निर्माण कार्यान्वयन इकाइ, काभ्रेपलाञ्चोक र धादिङ मार्फत बालगृह, संरक्षण गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रका लागि जग्गा पहिचान तथा डिपिआर तयारी कार्य अगाडि बढेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | लगायतको भौतिक तथा संस्थागत संरचनालाई व्यवस्थित गर्ने। | |
| ६३ | अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्धन तथा सशक्तीकरण गर्न स्थानीय तहमा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने। अपाङ्गता भएका व्यक्तिहरूको सूचनालाई व्यवस्थित र सहज बनाउन अपाङ्गता सूचना केन्द्रलाई सुदृढ गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि जीविकोपार्जन कार्यक्रम सहित टेवा पुँजी प्रदान गर्ने। | स्थानीय तहले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरेका, अपाङ्गता भएका बालबालिकालाई "फिजियोथेरापी तथा जटिल शल्यक्रियाका लागि विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपालाई TOR बनाई सम्झौता प्रक्रिया अगाडि बढेको। |
| ६४ | प्रदेशमा बसोबास गर्ने विशेष गरी माझी, थामी, हायु, जिरेल, सुरेल, दनुवार, पहरी, कुलाम, बराम, चेपाङ्ग, ह्योल्मो लगायतका अति सीमान्तकृत विपन्न समुदायका महिलाको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने। | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, मकवानपुर र धादिङबाट व्यावसायिक तथा सीप विकास तालिमको लागि सूचना जारी गरी प्रक्रिया अगाडि बढाइएको। |
| ६५ | मानव अधिकारको कार्यान्वयन र मावनता प्रवर्द्धनको सन्देश, सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश भन्ने लक्ष्यलाई सार्थक तुल्याउन स्थानीय तहसँगको समन्वय र सहकार्य एवम् संघसंस्थाको साझेदारीमा बागमती प्रदेशलाई निकट भविष्यमा नै सडक बालबालिका एवम् सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गर्ने। | सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश बनाउन सहयोग गरेका मानव सेवा आश्रम, मानव कल्याण समाज र कोसिस नेपालसँग प्रस्तावना आह्वान गरी TOR बनाई सम्झौता प्रक्रिया अगाडि बढाइएको। |
| ६६ | युवा नेतृत्व विकास र उद्यमशीलताका लागि प्रदेश युवा परिषद् स्थापना र सञ्चालन गर्ने। नयाँ ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र व्यावसायिक उपयोग गर्दै नवप्रवर्तनमा व्यक्ति वा संस्थाहरूलाई उत्प्रेरित गर्न युवा वैज्ञानिक प्रोत्साहन कोष मार्फत रु. ५ करोड विनियोजन गरिएको। | प्रदेश युवा परिषद्को कार्यालय स्थापनाका लागि नियमावली स्वीकृत भई सङ्गठन तालिका तथा दरबन्दी तेरिज स्वीकृतिका लागि तयारी भइरहेको।<br>युवा वैज्ञानिक कोष मार्फत अनुसन्धान, विकास र प्रवर्तनको लागि प्रस्ताव प्राप्त भई अनुसन्धानका कार्य प्रारम्भ भइरहेको। |
| ६७ | नवप्रवर्तन एवम् उद्यमशीलतालाई प्रोत्साहन गर्न नवप्रवर्तन कोष स्थापना गर्ने। | सुरु हुन नसकेको |
| ६९ | विकास, गतिशिलता र स्वास्थ्यका लागि खेलकुद भन्ने | खेलकुद पूर्वाधार विकास अन्तर्गत रङ्गशाला, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| | सोचका साथ खेलकुद पूर्वाधारमा योजनाबद्ध दिगो विकासका लागि सञ्चालन भएका बहुवर्षीय तथा क्रमागत आयोजनाको निरन्तरता एवम् स्थानीय तहमा खेलमैदान निर्माण गर्ने कार्य तथा खेलाडीहरूको क्षमता विकास, स्थानीय खेल प्रवर्द्धन, प्रदेश स्तरीय खेलकुद प्रतियोगिता एवम् राष्ट्रिय प्रतियोगितामा सहभागिता समेतको व्यवस्था। खेलकुद विकासको क्षेत्रमा रु. ७९ करोड १३ लाख विनियोजन गरिएको। | कभर्ड हल र खेलमैदान निर्माण कार्य भइरहेको, खेलकुद प्रतियोगितामा सञ्चालन र प्रवर्द्धनका कार्यक्रम सञ्चालन भइरहेका। |

## १०. सङ्कलन भएको राजस्व

(रकम रु. हजारमा)

| क्र.सं. | सब.उ.शि.नं. | कार्यालयको नाम | राजस्व शी.नं. | राजस्व शीर्षक | संकलित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३५०००३२०१३ | सामाजिक विकास मन्त्रालय | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ०.४ | |
| | | | १४२२४ | परीक्षा शुल्क | ७६९.७ | |
| | | | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २६५ | |
| | | | १५१११ | बेरुजु | ३२६५.२१ | |
| | | | १५११३ | अनुदान फिर्ता | ५३१५.३८० | |
| २ | ३५००१३२०३३ | शिक्षा विकास निर्देशनालय | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १.२५ | |
| | | | १४२२३ | शिक्षा क्षेत्र आम्दानी | १०९.७६ | |
| | | | १४२२४ | परीक्षा शुल्क | ४.२५ | |
| | | | १५१११ | बेरुजु | १७२९७.७७ | |

| क्र.सं. | सब.उ.शि.नं. | कार्यालयको नाम | राजस्व शी.नं. | राजस्व शीर्षक | संकलित | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | ३५०००३२०६३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | आर्जन कोष खाता | परीक्षा शुल्क | ९७१००.०० | |
| ४ | ३५००२३२०२३ | स्वास्थ्य निर्देशनालय, मकवानपुर | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३९४.५ | |
| ५ | ३५००५३२०१३ | स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मकवानपुर | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २८१ | |
| | | | १५१११ | बेरुजु | १० | |
| ६ | ३५००२३२०१३ | हेटौंडा अस्पताल, मकवानपुर | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १७ | |
| ७ | ३५००२२५०१३ | सिन्धुली अस्पताल, सिन्धुली | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८४.१ | |
| ८ | ३५००२३३०२३ | स्वास्थ्य कार्यालय, भक्तपुर | १४२२९ | दर्ता दस्तुर | १६५ | |
| ९ | ३५००२३२०३३ | स्वास्थ्य कार्यालय, मकवानपुर | १४२२४ | परीक्षा शुल्क | ८ | |
| १० | ३५००२२७०२३ | स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक | १५१११ | बेरुजु | ३७.६७८ | |
| | | | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २ | |
| ११ | ३५००२२३०१३ | स्वास्थ्य कार्यालय, दोलखा | १४२२४ | परीक्षा शुल्क | ९ | |
| १२ | ३५००२३४०२३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ललितपुर | १४२२९ | दर्ता दस्तुर | १८.५ | |
| १३ | ३५००२३१०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, चितवन | १४२२९ | दर्ता दस्तुर | १८.७ | |
| | | | १४२२४ | परीक्षा शुल्क | २०.६ | |
| १४ | ३५००२२६०२३ | जिल्ला आयुर्वेद | १४२२४ | परीक्षा शुल्क | ११.७ | |

| क्र.सं. | सब.उ.शि.नं. | कार्यालयको नाम | राजस्व शी.नं. | राजस्व शीर्षक | संकलित | कैफियत |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य केन्द्र, काभ्रेपलाञ्चोक | | | | |
| १५ | ३५००२२४०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रामेछाप | १४२२४ | परीक्षा शुल्क | ६.८ | |
| १६ | ३५००२२९०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नुवाकोट | १४२२४ | परीक्षा शुल्क | ३.६ | |
| १७ | ३५००२३००३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धादिङ | १४२२४ | परीक्षा शुल्क | ६.३ | |
| १८ | ३५००२२८०३३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, रसुवा | १४२२४ | परीक्षा शुल्क | ११.७ | |
| जम्मा | | | | | १२५२३४.८९ | |

*स्रोत: सामाजिक विकास मन्त्रालय*

## ११) आ.व. २०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्य

- बहुवर्षीय आयोजनाको निर्माण कार्य भइरहेको
- कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचार भइरहेको
- नमुना विद्यालयहरूको गुरूयोजना बमोजिम कार्य भइरहेको
- प्रदेश स्तरीय शिक्षा नीतिको मस्यौदामा सरोकारवालाहरूको राय सुझाव सङ्कलन गरी अध्ययन तथा छलफल गरिएको
- स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखहरूको सहभागितामा वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमहरूको अभिमुखीकरण तथा कोभिड महामारीबाट शिक्षण सिकाइमा परेको प्रभावलाई कम गर्नुपर्ने कार्यक्रमहरूका सम्बन्धमा एक दिवसीय भर्चुअल गोष्ठी सञ्चालन
- युवा वैज्ञानिक प्रोत्साहन कोष मार्फत अनुसन्धानका लागि प्राप्त प्रस्तावहरूको छनोट गरी २ ओटा प्रस्तावहरूसँग संझौता भई कार्य प्रारम्भ) आयोजना शीर्षकः Innovation and Technology development for artificial cultivation of wild high value mushroom Laetiporus sulphureus, ganoderma lucidum र Project on electric conversion of a disel- powered Mahendra Bolero into a Wildlife safari Vechicle for use in Chitwan National Park)

- युवा वैज्ञानिक प्रोत्सहान कोष अन्तर्गत २२ आयोजना अवधारणा पत्रहरूको विज्ञबाट मूल्याङ्कन गरी छनोट भएका ७ ओटा आयोजनाको पूर्ण प्रस्ताव माग गरिएको
- गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि धुर्मुस-सुन्तली फाउण्डेसनलाई रु. ३ करोड अनुदान सहयोग
- पूर्व तयारी कक्षा, भाषा शिक्षण र शैक्षिक परामर्शका लागि अनुमति माग गरेका २५ संस्थाको अनुगमन र १६ संस्थालाई सेवा प्रवाहको लागि अनुमति प्रदान
- २०७५ देखि हालसम्म प्रदेश सरकार मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरूको डिजिटाइजेशन गरी अभिलेख कायम गरिएको
- राष्ट्रिय बाल दिवस, जेष्ठ नागरिक दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अपाङ्गता दिवस र युवा दिवसको आयोजना
- प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समिति र प्रदेश बालअधिकार समिति गठन तथा बैठक संचालन
- वालविवाहमुक्त र सहयोगापेक्षी सडकमानव मुक्त प्रदेश निर्माण सहजकर्ताको समीक्षा गोष्ठी
- अपाङ्गता सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन
- प्रदेश स्तरीय कोभिड-१९ सम्बन्धी दैनिक प्रतिवेदन तयारी र प्रकाशन
- २३८ विद्यालय नर्स छनोटका लागि लिखित परीक्षा र अन्तर्वाता सञ्चालन गरी नतिजा प्रकाशन
- स्वास्थ्य तर्फका ५८ जना स्वयमसेवकहरूको छनोट तथा परिचालन
- स्वास्थ्य तर्फका विशेषज्ञ तथा नवौं तहका अधिकृतहरूको छनोट तथा परिचालन
- चालु आ. व. २०७७/७८ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजना
- युवा, खेलकुद र विज्ञान प्रविधि नीतिको मस्यौदा तर्जुमा
- सामुदायिक विद्यालयमा कार्यरत २५४ जना शिक्षकको लागि ५ दिने तालिम सञ्चालन
- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित तालिम सञ्चालनको सन्दर्भमा प्रदेश तालिम निर्देशन समन्वय समितिको बैठक सञ्चालन।
- उच्च शिक्षा शिक्षण अध्ययन कार्यदलको प्रतिवेदन माननीय मुख्यमन्त्री एवम् सामाजिक विकास मन्त्रीज्यू समक्ष पेश भएको
- प्रदेश मातहतका अस्पतालहरुको सुदृढीकरण
- प्रदेश मातहतको अस्पताल नभएका पाँच जिल्लाका पाँच अस्पताललाई प्रदेश व्यवस्थापनमा ल्याउने कार्य
- प्रदेश शिक्षा नीतिको मस्यौदामा छलफल एवम् राय सुझाव सङ्कलन।

## १२) आ.व. २०७७/७८ मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- प्रदेश युवा परिषद् नियमावली, २०७७
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक व्यवस्थापन) नियमावली, २०७७
- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पदाधिकारी व्यवस्थापन) नियमावली, २०७७
- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७७
- एक विद्यालय/शिक्षालय एक उद्यम सम्बन्धी कार्यविधि, २०७७
- आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन विकास
- आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन विकास
- प्रदेश उच्च शिक्षा शिक्षण संस्था सम्वन्धी व्यवस्था गर्न बनेको विधेयक , २०७७ को मस्यौदा विकास।

## १३) विनियोजित रकम लक्ष्य अनुसार खर्च नभएको भए सो हुन नसक्नुका कारण

- कोभिड १९ को रोकथाम, उपचार र नियन्त्रणमा संलग्नता हुँदा अन्य कार्यसम्पादनमा कठिनाइ भएको
- नेपाल सरकारबाट संगठन संरचना पटक पटक परिवर्तन हुँदा सेवा प्रवाह र कर्मचारी पदपूर्तिमा कठिनाइ
- आयोजनाहरूको कार्यान्वयनमा भौतिक सुधारका लागि जग्गा प्राप्तिमा समस्या
- जनशक्तिको कमी हुनु।

## १४) आगामी कार्यदिशा

आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यले गरेको व्यवस्था बमोजिम स्वीकृत वार्षिक कार्यक्रमहरूको २०७७ पौष मसान्त सम्मको कार्य प्रगतिको समीक्षा गरी चालु आर्थिक वर्षमा गर्नुपर्ने कार्यक्रम असार मसान्तसम्ममा सम्पन्न गर्ने व्यवस्था गरिनेछ। कोभिड १९ ले पारेको प्रभावलाई कम गर्न यसको रोकथाम, उपचार र नियन्त्रणका उपायहरू सहित खोप व्यवस्थापन गरिने व्यवस्था मिलाइनेछ।

# प्रदेश नीति तथा योजना आयोग

## १. पृष्ठभूमिः

नेपालमा प्रदेशस्तरीय योजना प्रक्रियाको भर्खरै सुरूवात भएको छ तर तथ्याङ्क व्यवस्थापन भइसकेको स्थिति छैन। प्रदेश र स्थानीय तहको तथ्याङ्क जिल्लागत छुट्टयाएर लिनुपर्ने स्थिति छ। अधिकांश तथ्याङ्क २०६८ को जनगणनामा आधारित छन्। प्रदेश स्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, राष्ट्रिय तथा अन्तरप्रदेश विकास परियोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य जस्ता विषयरू प्रदेश नीति तथा योजना आयोगको कार्य क्षेत्रमा पर्दछन।

## २. सोचः

तथ्याङ्क र सूचनामा आधारित नतिजामुखी योजना तर्जुमा अनुगमन र मूल्याङ्कन प्रणाली।

## ३. उद्देश्यः

- तथ्याङ्क एवम् मापदण्डमा आधारत योजना तर्जुमा गर्नु।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाइ प्रभावकारी बनाउनु,
- अनुसन्धान र विकासलाई योजनाको आधारको रूपमा स्थापना गर्नु।
- परियोजना बैंकमा आधारित योजना प्रणाली विकास गर्नु।

## ४. रणनीति

- सुदृढ तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापनको आधार तयार गर्ने।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई यथार्थपरक, व्यावहारिक र परिणाममुखी बनाउने।
- योजना निर्माण र मूल्याङ्कनमा सहयोगी हुने नव अनुसन्धान र विकासमा जोड दिने।
- परियोजना बैंकमा आधारित योजना प्रणालीलाई स्थापित गर्ने।

## ५. कार्यक्षेत्र:

प्रदेश नीति तथा योजना आयोगको गठन आदेश बमोजिम देहाय बमोजिमका काम, कर्तव्य र अधिकार छन्

- दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा गर्ने।
- प्रदेश विकासका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन अनुगमन र प्रभाव मूल्याङ्कन गर्ने।
- प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने।
- प्रदेश स्तरको विकास नीति तथा कार्यक्रमको अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने।

## ६. चालु र पुँजीगत खर्च शीर्षकको प्रगति विवरण

**(रकम रु. हजारमा)**

| क्र सं | ब.उ.शी.नं | बजेट उपशीर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३९१०००११३ | चालु | ४०२०३ | ६९५४.६७ | १७.३० |
| २ | ३९१०००११४ | पुँजीगत | ८३५० | ३६८.१९ | ४.४१ |
| **जम्मा** | | | **४८५५३** | **७३२२.८५** | **१५.०८** |

*स्रोत: प्रदेश नीति तथा योजना आयोग*

## ७. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखत नीति र कार्यक्रमका बुँदाहरूको २०७७ पुस मसान्तसम्मको प्रगति विवरण

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| **१७१** | आयोजनाको पहिचान, छनोट र मूल्याङ्कन जस्ता क्रियाकलापलाई तथ्यपरक एवम् मापदण्डमा आधारित बनाउन प्रदेश अयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याउन अध्ययन गर्ने | प्रदेश सरकारको वार्षिक योजना तर्जुमा र छनोट कार्यविधि मस्यौदा तयार भएको। |

## ८. सङ्कलन भएको राजस्व

**(रकम रु. हजारमा)**

| क्र.स. | राजस्व ख.शि.नं. | राजस्व शीर्षक | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४५११ | बिमा दाबी प्राप्ति | ३४० | |

*स्रोतः प्रदेश नीति तथा योजना आयोग*

## ९. आ.व. २०७७/७८ मा सम्पादन भएका महत्त्वपूर्ण कार्य

- प्रदेशका आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, छनोट र मूल्याङ्कन जस्ता क्रियाकलापलाई तथ्यपरक एवम् मापदण्डमा आधारित बनाउन प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी संचालनमा ल्याइनेछ भन्ने वार्षिक नीति तथा कार्यक्रम उल्लेख भएकोमा आयोजना बैंकको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था समेत समावेश गरी प्रदेश सरकारको वार्षिक योजना तर्जुमा कार्यविधिको मस्यौदा तयार भएको।
- प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) मा स्थानीय तहमा परियोजना बैंक निर्माणमा सहजीकरण गर्ने भन्ने उल्लेख भएकोमा सोको लागि स्थानीय तहको आवधिक योजना तर्जुमाको क्रममा राष्ट्रिय योजना आयोगको मार्गदर्शन अनुसार स्थानीय तहको परियोजना बैंक स्थापना गर्ने कार्यमा समन्वय र सहजीकरण सुरु गरिएको।
- कोभिड-१९ को प्रभावको मूल्याङ्कन गर्ने कार्य भैरहेको।
- प्रदेशको वस्तुस्थिति विवरण अध्यावधिक गर्ने कार्य भैरहेको
- आ.व. २०७६/७७ को वार्षिक प्रगति समीक्षा र आ.व. २०७७/७८ को प्रथम चौमासिक समीक्षा एवम् प्रदेश विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरिएको।
- विविध कार्यक्रम (स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा चितवनको सौराहामा प्रदेश विकास परिषद्को दोस्रो बैठक २०७७/०९/०६ मा सम्पन्न गरिएको र धुलिखेलमा स्थानीय तहका पदाधिकारीहरूसँग बैठक सम्पन गरिएको।
- बागमती प्रदेश दिगो विकास लक्ष्य आन्तरिकीकरण (प्रदेशको अवस्था र मार्गचित्र) प्रकाशन भएको (अंग्रेजीमा र नेपालीमा)।
- बागमती प्रदेश बुलेटिन प्रकाशन गरिएको।

# अनुसुची - १ प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक मन्त्रालय/निकायगत खर्च विवरण

| मन्त्रालयको नाम | चालु बजेट | चालु खर्च | चालु खर्च(%) | पुँजीगत बजेट | पुँजीगत खर्च | पुँजीगत खर्च(%) | वित्तिय बजेट | वित्तिय खर्च | कुल बजेट | कुल खर्च | कुल खर्च(%) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | २७०२७३.०० | ९१५५८.७१ | ३३.८८ | ४९२५०.०० | २४२.३५ | ०.४९ | | | ३१९५२३.०० | ९१८०१.०५ | २८.७३ |
| प्रदेश लोक सेवा आयोग | ६०६१२.०० | ८९४४.१४ | १४.७६ | ७२४०.०० | ६५६.९८ | ९.०७ | | | ६७८५२.०० | ९६०१.१२ | १४.१५ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १५७५०.०० | ३८०७.०३ | २४.१७ | १७५०.०० | ३५.७० | २.०४ | | | १७५००.०० | ३८४२.७३ | २१.९६ |
| प्रदेश नीति तथा योजना आयोग | ४०२०३.०० | ६९५४.६६ | १७.३० | ८३५०.०० | ३६८.१९ | ४.४१ | | | ४८५५३.०० | ७३२२.८५ | १५.०८ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५६१७६१.०० | ४४९६९.६८ | ८.०१ | ३०४३३०.०० | २५७२.०० | ०.८५ | | | ८६६०९१.०० | ४७५४१.६८ | ५.४९ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३३४५४८.०० | ३३५३२९.५३ | २५.१३ | २५९९४७७.०० | १३९९०८.६७ | ५.३८ | | | ३९३४०२५.०० | ४७५२३८.२० | १२.०८ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५२८६१.०० | १६३९९.७७ | १०.७३ | ७२७१३९.०० | ११८२४७.३६ | १६.२६ | | | ८८००००.०० | १३४६४७.१४ | १५.३० |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ११३१०२.०० | २३४५४.४१ | २०.७४ | ४७४९०.०० | १४६०.८६ | ३.०८ | | | १६०५९२.०० | २४९१५.२७ | १५.५१ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २७१५६५५.०० | २३४८७०.३१ | ८.६५ | १०५८६०१.०० | २१८६०४.२१ | २०.६५ | | | ३७७४२५६.०० | ४५३४७४.५२ | १२.०१ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ९४१७४४.०० | ३२०८४२.२६ | ३४.०७ | १६८६७३००.०० | २६५८६८०.७८ | १५.७६ | | | १७८०९०४४.०० | २९७९५२३.०४ | १६.७३ |
| सामाजिक विकास मन्त्रालय | ४८९०४८५.०० | १०२७०६०.७७ | २१.०० | १६९४६५२.०० | १४६४६७.८४ | ८.६४ | | | ६५८५१३७.०० | ११७३५२८.६० | १७.८२ |
| वित्तिय व्यवस्था तथा सेयर लगानी | | | | | | | १००००००.०० | ६०००००.०० | १००००००.०० | ६०००००.०० | ६०.०० |
| अर्थ - विविध | ६७७३७६०.०० | ०.०० | ०.०० | १९४८०००.०० | ०.०० | ०.०० | | | ८७२१७६०.०० | ०.०० | ०.०० |
| स्थानीय तह | ७२४३१६१.०० | २३६७९५१.६० | ३२.६९ | | | | | | ७२४३१६१.०० | २३६७९५१.६० | ३२.६९ |
| **जम्मा** | **२५११३९१५.००** | **४४८२१४२.८५** | **१७.८५** | **२५३१३५७९.००** | **३२८७२४४.९४** | **१२.९९** | **१००००००.००** | **६०००००.००** | **५१४२७४९४.००** | **८३६९३८७.७९** | **१६.२७** |

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय

# अनुसुची - २ प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्धवार्षिक आय विवरण

(रकम रु.हजारमा)

## प्रदेश सरकारलाई राजस्व बाँडफाँटबाट प्राप्त राजस्व

| सिन. | शीर्षक | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७७/७८ को पुष मसान्त सम्म संकलन राजस्व | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१५- घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५५,००,०००.०० | ११,६९,८८५.८२ | २१.२७% |
| २ | ११४११- बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५८,१२,५००.०० | २४,७३,१८८.३५ | ४२.५५% |
| ३ | ११४२१- बाँडफाँट भई प्राप्त हुने अन्त:शुल्क | ३७,१६,५००.०० | ७,६६,२७५.४८ | २०.६२% |
| ५ | ११४५६- बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५५,००,०००.०० | २९,२४,२१६.३१ | ५३.१७% |
| ६ | ११४७१-बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | १,५०,०००.०० | ६६६.९२ | ०.४४% |
| ७ | ११४७२- विज्ञापनकर | १,५०,०००.०० | २९,१३२.९० | १९.४२% |
| ८ | १४१५३- बाँडफाँट भई प्राप्त वन रोयल्टी | ०.०० | ०.०० | ०.००% |
| ९ | १४१५४- बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ०.०० | ०.०० | ०.००% |
| १० | १४१५६- बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ०.०० | ०.०० | ०.००% |
| ११ | १४१५७- बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | २०,५५,६९४.०० | २,५१,०३६.९३ | १२.२१% |
| १२ | १४१५८- बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ०.०० | ०.०० | ०.००% |
| १३ | १४१५९- अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | ३,९५१.०० | १,७५६.३५ | ४४.४५% |
| **जम्मा** | | **२,२८,८८,६४५.००** | **७६,१६,१५९.०६** | **३३.२७%** |

## संघीय सरकारबाट प्राप्त अनुदान

| सि.नं. | शीर्षक | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७७/७८ को पुष मसान्त सम्म प्राप्त | प्रतिशत |
|---|---|---|---|---|
| १ | १३३११– समानीकरण अनुदान | ७७,१७,१००.०० | १९,२९,२७५.०० | २५.००% |
| २ | १३३१२– सशर्त अनुदान चालु | २५,४६,६७०.०० | ९,७२,३५६.०० | ३८.१८% |
| ३ | १३३१३– सशर्त अनुदान पुँजीगत | ३२,९७,८३०.०० | ९,७२,३५६.०० | २९.४८% |
| ४ | १३३१५ विषेश अनुदान | ४,९०,०००.०० | १,६३,३००.०० | ३३.३३% |
| ५ | १३३१६ समपूरक अनुदान पुँजीगत | ८,१८,२००.०० | २,७२,७३०.०० | ३३.३३% |
| ६ | १३३१८ अन्य अनुदान चालु (नेपाल सरकारबाट पछि प्राप्त हुन सक्ने सशर्त अनुदान) | ३०,००,०००.०० | ०.०० | ०.००% |
| जम्मा | | १,७८,६९,८००.०० | ४३,१०,०१७.०० | २४.१२% |

## प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजस्व

| सि.नं. | शीर्षक | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७७/७८ को पुष मसान्त सम्म संकलित | प्रतिशत |
|---|---|---|---|---|
| ४ | ११४५१–सवारी साधन कर साना सवारी | २४४.०० | २३,७६८.८५ | ९७४१.३३% |
| १ | १४१५१–सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ७४०.०० | ६९३.८९ | ९३.७७% |
| २ | १४१७१ वन रोयल्टी | ४८,०००.०० | ०.०० | ०.००% |
| ३ | १४१७२ खानी रोयल्टी | ३९,५००.०० | ०.०० | ०.००% |

| सि.नं. | शीर्षक | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७७/७८ को पुष मसान्त सम्म संकलित | प्रतिशत |
|---|---|---|---|---|
| ४ | १४१७३ जलस्रोत रोयल्टी | ४७,५००.०० | ०.०० | ०.००% |
| ५ | १४१७४ पर्वतारोहण रोयल्टी | ३८,०००.०० | ०.०० | ०.००% |
| ६ | १४२११- कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ३०,३५२.०० | ७,९३५.३९ | २६.१४% |
| ७ | १४२१२-सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | ३४५.०० | ५३७.७२ | १५५.८६% |
| ८ | १४२१३- अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | १७२.९७ | ०.००% |
| ९ | १४२१७- नहर तथा कुलो उपयोग वापतको शुल्क | ०.०० | ०.५० | ०.००% |
| १० | १४२१९- अन्य सेवा शुल्क तथा बिक्री | ६३५.०० | ३,३८,५३७.१४ | ५३३१२.९४ % |
| ११ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | ५००.०० | ९५.०५ | १९.०१% |
| १२ | १४२२४-परीक्षा शुल्क | ३९,२०३.०० | ७०,३१०.९२ | १७९.३५% |
| १३ | १४२२५-यातायात क्षेत्रको आम्दानी | ५,२१,९४४.०० | १,९३,४७३.५९ | ३७.०७% |
| १४ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | ६३,४००.०० | १९,२११.७३ | ३०.३०% |
| १५ | १४२५३- व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५,६६,५३०.०० | १,८३,४५१.०८ | ३२.३८% |
| १६ | १४२५४- रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ३,२३३.०० | १,५८९.९२ | ४९.१८% |
| १७ | १४२५५- टेलिभिजन सञ्चालन दस्तुर | ५,५००.०० | ७,५२१.९६ | १३६.७६% |
| १८ | १४२५६- चालक अनुमतिपत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ७,९०,४२३.०० | ३,८१,७८९.३२ | ४८.३०% |

| सि.नं. | शीर्षक | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७७/७८ को पुष मसान्त सम्म संकलित | प्रतिशत |
|---|---|---|---|---|
| १९ | १४२६४-वन क्षेत्रको अन्य आय | ४५,०००.०० | ४,२९९.४२ | ९.५५% |
| २० | १४३११-न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | ४.०० | ०.००% |
| २१ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,०००.०० | ७,००२.६० | ११६.७१% |
| २२ | १४३१३-धरौटी सदर स्याहा | ३,०००.०० | ८४.०० | २.८०% |
| २३ | १४५११-बिमा दाबी प्राप्ति | ०.०० | ३५९.०० | ०.००% |
| २४ | १४५२९-अन्य राजस्व | ५०,०००.०० | १,५६८.८९ | ३.१४% |
| २५ | १५१११-बेरुजु | ४५,०००.०० | ३९,९२८.०४ | ८८.७३% |
| २६ | १५११२- निकासा फिर्ता | ९९६.०० | ४७०.१३ | ४७.२०% |
| २७ | १५११३- अनुदान फिर्ता | ८,२३,००४.०० | ७,६९,७१७.२२ | ९३.५३% |
| २८ | ३२१२१ गत बर्षको नगद मौज्दात | ७५,००,०००.०० | १,७४,९१,४४७.३६ | २३३.२२% |
| **प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजस्व जम्मा** | | **१,०६,६९,०४९.००** | **१,९५,४३,९७०.६७** | **१८३.१८%** |
| **कुल जम्मा** | | **५,१४,२७,४९४.००** | **३,१४,७०,१४६.७३** | **६१.१९%** |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

### फोन नं: ०५७-५२७५१८/५२७५२०

**moeap@bagamati.gov.np**

**www.moeap.bagamati.gov.np**